विरिञ्चिनारायण



जीतबहादुर मानन्धर

विरिञ्चिनारायण

जीतबहादुर मानन्धर

प्रकाशिका :

श्रीमती तारादेवी मानन्धर
लायकुसाल, काठमाडौं ।

प्रति : ३०००

२०४६ माघ १८, श्रीपञ्चमी ।

मूल्य: [illegible]

मुद्रक: मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं ।

मेरो भन्नु

रहर त हो। पेट र परिवार पाल्ने पेशा अर्कै भए पनि फुर्सद निकाली कहिलेकाहीं केही लेख्ने गर्थें। लेख्दै जाँदा विभिन्न भाषा र विषयका सवा दुईसयभन्दा बढी लेखहरू सिर्जना भै सकेका रहेछन्। प्रकाशित कृतिहरू मात्र गन्ती गर्दा पनि २०० थान नाघी सकेको पाइयो। आफ्नै सिर्जना हुँदा राम्रा-नराम्रा, छोटा-मोटा प्रकाशित ती रचनाहरू बेला-बखतमा हेर्न पढ्न खोज्छु, तर स्थानान्तरण आदि कारणहरूले गर्दा भनेको बेलामा तिनीहरू फेला पर्दैनन्। अनि उकुसमुकुस लाग्छ। त्यही छटपटीको वेदनाबाट प्रसूत भएको हो मेरो यो संगालो।

संगालो भन्दैमा विषय नै नमिल्ने गरी जे पायो त्यसैलाई एकै ठाउँमा संकलन गर्न मन लागेन र गर्न पनि ठीक ठानिन। प्रकाशित रचनाहरूतर्फ विचार गर्दा ४।५ पुस्तक सजिलैसित प्रकाशनमा ल्याउन सकिने देखियो। तर कुनै एक विषयको लागि पनि पर्याप्त अर्थात् चित्त बुझ्ने संख्यामा कृतिहरू पाइएनन्। डुलुवा मनलाई एकोहोऱ्याउन नसकेरै यस्तो स्थिति सिर्जना भएको भन्ने कुरा मैले नबुझेको पनि होइन। तर केही गर्न सकेको थिइन। यस पटक भने आफ्नो मूल विषयलाई केही समयको लागि थाती राख्दै भावनावश धमाधम नेपाली संस्कृतिसम्बन्धी लेखहरू लेख्न थालें। फलतः मेरो यस संग्रहभित्रका आधाभन्दा बढी सिर्जना त वि. सं. २०४५ र २०४६ सालकै परेका छन्।

कुनै सैद्धान्तिक, व्यावहारिक एवं शास्त्रीय ज्ञानको कारण मैले यस विधामा कलम चलाएको होइन। तर आफूले गरेको भ्रमण, सुनेका कुरा र देखेका वस्तु-हरूद्वारा आर्जन गरिएका जानकारीलाई आफ्नै पाराबाट प्रस्तुत गर्ने रहरहरू भने यसमा छचल्किएका छन्। यस संगालोमा परेको पहिलो लेख म जन्मेको ठाउँसंग सम्बन्धित छ। दोश्रो रचनाचाहिं २४ वर्ष पूर्वको हो। अरू बाँकी कृतिहरूको क्रम मिलाउँदै जाँदा पछिल्लोमा पर्न गएको रचना भने समस्त

प्राणीहरूको उद्धार नभएसम्म कार्यरत रहनमा दृढ प्रतिज्ञ बोधिसत्वको रूपमा प्रसिद्धि कमाएका एक देवताका विषयमा केही प्रकाश पार्ने खालको छ ।

२४ वर्ष यताका लेखहरू संकलित हुँदा शैली एवं भाषागत भिन्नता त हुने नै भयो । तर संग्रहमा आफूलाई राम्रा लागेका लेखहरू मात्र समावेश गरूँभन्दा २१ संख्या पुग्न नआउने र नयाँ सिर्जनाद्वारा चाहेको संख्या पुऱ्याउँभन्दा समयले नभ्याउने देखियो भने अर्कोतर्फ छिटोभन्दा छिटो ग्रन्थकार बन्ने लोभलाई मैले संवरण गर्न सकिन । त्यसैले भूमिका लेखाउने झंझट पनि मैले व्यहोर्न चाहिन । यस्तै यस्तै विवशता र भावनाद्वारा सिर्जना भएका मेरा सांस्कृतिक कृतिहरूको संकलन हो– यो ।

संग्रहमा परेका एउटा बाहेक सबै लेखहरू अन्य पुस्तक एवं पत्रिकाहरूमा प्रकाशित भैसकेका हुन् । अतः ती लेखहरू जहाँबाट लिइएका छन्, तिनका सम्पादक तथा प्रकाशकहरूलाई साभार धन्यवाद भन्नु आफ्नो कर्तव्य ठान्छु । प्रकाशित भैसकेका लेखहरूमा समेत केही थपघट अर्थात् संशोधन गरिएको हुँदा आफ्नै सिर्जनासम्बन्धी कुरा भए पनि तत्सम्बन्धमा उल्लेख हुनु आवश्यक ठानेको छु । पुस्तक प्रकाशनमा ल्याइदिने प्रकाशिका आफ्नै श्रीमती हुँदा सबैले थाहा पाउने गरी तिनलाई धन्यवाद तथा आशिर्वाद दिनु परेन । तर प्रत्येक रचनाको लागि १।१ उपयुक्त डिजाइनको अतिरिक्त संगालोको अन्तिम कृति र ग्रन्थको नामसंग तादात्म्य रहने गरी आवरण डिजाइन गरिदिनु भई लगाउनु भएको गुनको लागि भने कलाकार श्री के. कर्माचार्यलाई धन्यवाद नदिई भएको छैन । अस्तु ।

जीतबहादुर मानन्धर

लायकुसाल, काठमाडौं
२०४६ माघ १८, बुधवार
श्रीपञ्चमी

विषय सूची

क्रम संख्या	विषय	पृष्ठ
१.	लगनखेल	१
२.	१९६० साल वैशाख १ गते	६
३.	सिद्ध योगी रत्ननाथ – एक संक्षिप्त परिचय	१४
४.	स्वर्गद्वारी आश्रम र स्वर्गद्वारी महाप्रभु	१७
५.	धनकुटा बजार र निशानस्थान भगवती	२४
६.	विशालबजारकी गुह्येश्वरी	२८
७.	दश महाविद्या – केही चर्चा	३१
८.	देवी छिन्नमस्ताको टिकट निकाल्न खोज्दा	३८
९.	लायकुसाल सम्बन्धमा केही	४२
१०.	टण्डन लाहुरी क्षेत्री	५०
११.	पौवागढी	५५
१२.	सिठी देवता – कुमार	६१
१३.	चण्डेश्वरीका भैरव	६७
१४.	वज्रधातु मण्डल	७३
१५.	बौमत	८०
१६.	गमगढीको एउटा रोचक संस्कार	८४
१७.	नृसिंह	९०
१८.	विश्वकर्मा	९७
१९.	धातु	१०४
२०.	चामुण्डा	१०८
२१.	विरिञ्चिनारायण	११५



लगनखेल

जन्मको नाताले म ललितपुरे त रगतको सम्बन्धले म कान्तिपुरे हुँ । जिजुबाजेको पालामा र बाजेको युवावस्थामा हाम्रो व्यापार अत्यन्त प्रसिद्धिमा थियो रे। पाल्पा पुग्नु भएको हुँदा जिजुबाजे पाल्पाली लक्ष्मीनारायणको नामले समाजमा विख्यात हुनुहुन्थ्यो । सम्पन्नताको कारण वहाँले धेरै धार्मिक गुठीहरू राखेर जानु भएको प्रमाण अद्यापि पाइन्छ । सानै उमेरदेखि ईश्वर-भक्तिमा लागेका बाजे तुलसीनारायणले स्वयम्भू हारती माताको सेवार्थ निशा पूजाको रूपमा दशमी गुठीको स्थापना गर्नु भयो । पछि गएर घर, परिवार छोड्नु भई वहाँ कहिले ऋषिश्वर त कहिले आदेश्वरनेर रहन थाल्नु भयो । पुस्तैनी रूपमा वज्रयानी धर्मका अनुयायी भए तापनि लामा धर्ममा दीक्षित वहाँ वज्रसिद्धिको नाउँबाट बढी चर्चित हुनुहुन्थ्यो ।

मौजामा काम गर्न जानु भएका बुबा आमाको स्वास्थ्यको कारण तराईबाट फर्कनु भयो । तर वहाँले काठमाडौंमा बचेखुचेको अवस्थामा केही पाउनु भएन ।

आर्थिक अवनतिको त्यो स्थितिबाट त्राण पाउन पाटनमा एउटा घर बहालमा लिनु भई पसल थाप्नु भयो । ३ वटा बाल-बच्चाहरू वितेपछि जन्मेको हुँदा बुबा गणेशबहादुर र मुमा गणेशमायाबाट मेरो लालन-पालन, स्याहार-संभार र आरोग्यमा कहीं कतै कमी हुन दिइएको थिएन रे । मेरो आयु साधनाको लागि प्रत्येक पूर्णेको रात चन्द्रमा दान हुन्थ्यो भने मलाई धनभाजुसित मीत लगाइदिएको थियो । बुबाले व्यापारमा क्रमशः उन्नति-प्रगति गर्न थाल्नु भएको र भाइ नारायण-बहादुरपछि बहिनी लक्ष्मीदेवीको जन्मोपरान्त विशेषतः हाम्रो हैसियतमा अनुकूल परिवर्तन हुँदै गएको धारणा परिवारमा व्याप्त छ । बुबा मुमाले आर्जन गरी छाडेर जानु भएको काठमाडौंको कुल घरमा म र पाटनको घरमा भाइ बस्ने गरिआएको र विभिन्न समयमा सम्पन्न कर्मकाण्डहरूबाट पनि हाम्रो पारिवारिक स्थितिमा आएको परिवर्तन ज्ञात हुन्छ ।

पुर्खाको पूजा र परिवारको प्रशस्ति गायनको दृष्टिले यहाँ पूर्वजहरूको संस्मरण गरेको नभई आफ्नो जन्म ललितपुरमा कसरी हुन गएको भन्ने सिलसिला मिलाउन मात्र खोजिएको हो । डेराको घरमा जन्मेको भए पनि मैले लडीवुडी खेलेको माटो भने चानचुने ठाउँको होइन भनी विनाहिच्किचाहट अहिले पनि भन्न सकिन्छ । कारण, त्यो ठाउँ त वर्तमान ललितपुरको सबभन्दा चल्ती ठाउँको रूपमा चिन्हिने लगनखेल हो । त्यो ठाउँ आज मात्र होइन; मेरो बाल्यकाल, मेरो जन्म र त्यसभन्दा पहिले पनि ललितपुरका अन्य ठाउँहरूको तुलनामा महत्त्वपूर्ण नै थियो । ललितपुरको दक्षिणी भेकबाट पाटनको मङ्गलबजारमा चीजबीजहरू ल्याउन यहीं लगनखेलको बाहेक अन्य विकल्प बाटो थिएन । अर्थात् व्यापारिक दृष्टिले ललितपुरको दक्षिणी भेक र मकवानपुरका टुंगुन आदि स्थानहरू समेत यसैको पृष्ठप्रदेशमा पर्दथ्यो । अचेल पनि सांस्कृतिक, धार्मिक, ऐतिहासिक, व्यापारिक, शैक्षिक, औद्योगिक, स्वास्थ्य, प्रतिरक्षा एवं यातायातको दृष्टिले लगनखेल ललितपुरको १ नम्बरमा नै पर्दछ ।

वर्तमान ललितपुर नगरको दक्षिणी भागमा पर्ने लगनखेलको चर्चा गर्न खोज्दा चौर सहितको लगन नामक स्थान भन्ने कुरा र काठमाडौंको लगनटोलको नाम समेत मनमा उठ्छ । रातो मच्छिन्द्रनाथको रथ यात्रामा आमारूपी रुख-माजुसिमालाई लगनखेलमा प्रदक्षिणा गराउने चलन भए झैं काठमाडौंमा पनि सेतो मच्छिन्द्रनाथको रथद्वारा दक्षिण कोलिग्रामस्थित लगनमै आमालाई घुमाउन लगाउने गरिन्छ । चाकःसिमा भनेर समेत प्रसिद्धि पाएको आमाको रुखलाई रथद्वारा वरिपरि प्रदक्षिणा गराइने ठाउँ हुनाले नै 'रथ गमन चक्र' स्थान भएको,

कालान्तरमा पछिल्ला २ अक्षर लोप भई 'रथ गमन' मात्र भएको र शब्दको छोट्टिँदै जाने स्वभाव तथा 'र' को 'ल' हुने स्थितिले गर्दा 'रथ गमन' बाट 'लगं' वा 'लगन' मात्र बाँकी रहन गएको हुन सक्छ। फेरि, कसै कसैको भनाइ अनुसार 'लग्न' अर्थात् साइत हेराएर मात्र लगनखेलको 'थति' बाट जाउलाखेलतर्फ मच्छिन्द्रनाथको रथ तान्न लगाइने हुँदा थतिसंगै रहेको चउरलाई लगनखेलको नामद्वारा सम्बोधन गरिने गरेको भन्ने पनि छ।

नगरको उत्तरपट्टि बलभद्रको मूर्ति [१] र मतिनगरको गुल्खु ढोका समीप मीननाथ स्थापना गरिएको [२] र लग्न हेर्न लगाएर मात्र रथ तान्नुपर्ने ठाउँबाटै लगनखेल शब्द व्युत्पन्न भएको भन्ने भनाइ हुनाले दक्षिणको ख्यः वा चौर, पश्चिमको इति, उत्तरको टंगल र पूर्वको प्रयागपोखरी जाने बाटाहरूको संगमस्थलमा रहेको थति (पोडेटोल) सम्मलाई मात्र लगनखेल मान्न सकिन्छ। कारण, पोडेहरूलाई शहर वा गाउँका किनारामा बसाउने विधानको दृष्टिबाट हेर्दा थति लगनखेलको उत्तरी पुच्छारमा परेको प्रतीत हुन आउँछ। यसप्रकार विचार गर्दा लगनखेल थतिभन्दा दक्षिणतर्फ फैलिएकोमा शंका छैन तापनि पाटन टुंडिखेलको दक्षिण थसीखेल, ताल्छेखेल, गोंखेल जस्ता फरक फरक नाउँ भएका ठाउँहरूको अस्तित्व कायमै हुँदा लगनखेलको सीमा वर्तमान टुंडिखेलभन्दा धेरै दक्षिण अन्दाज गर्न मिल्दैन।

पाटन शहरको सीमाना स्वरूप चार दिशामा चारवटा स्थूल राशि चैत्य वा स्तूप (थूर वा थूद्धों) भएको र लगं थूर नै दक्षिणी सीमा भनी यत्रतत्र चर्चा गरिएको पाइन्छ। तर दक्षिणतिरको अग्लो ठाउँ लगनखेलमा लिच्छविकालीन दरबार भएको,[३] वर्तमान लगनखेल भन्ने स्थानमा पहिले सुवर्णखाद (सुवर्ण

---

१. सम्पादक श्री नयनाथ पौडेल– "भाषा वंशावली"; श्री ५ को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय; २०२० पौष १ गते; पृष्ठ ८५

२. सम्पादक श्री योगी देवीनाथ– मृगस्थली, गोरक्ष पीठ "देवमाला वंशावली"; श्री ज. सूर शम्शेर ज. ब. रा., नारायणहिटी; वि. सं. २०१३; पृष्ठ ११८

स्मरणीय छ, हालको सातदोबाटो आसपासको ठाउँलाई गुल्खु भनिन्थ्यो।

३. श्री कृष्णप्रकाश श्रेष्ठ– "स्थाननाम-कोश"; नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं, नेपाल; वि. सं. २०४४; पृष्ठ १३७

खण्ड) नामक जंगल भएको, त्यही जंगल फाँडेर राजा अंशुवर्माले १२०० घरको श्रीमतनगर वा मतिनगर वा मतिकोनगर वा मतिलिनगर भन्ने शहर बसालेको र अनि नगरको मध्य भागमा प्रयागबाट ल्याइएको वटुक भैरव स्थापना गरेको भन्ने छ । [४,५] आज त्यस भैरवलाई मतिक्व भैरवको नाउँबाट पुकारिने हुँदा समेत उक्त देवस्थल मतिनगरको दरबारसंगै रहेको थियो भन्ने कल्पना गर्न गाह्रो परोइन । ने. सं. ५२८ मा ठूलो भूकम्प जाँदा मतिनगर ध्वस्त भएको उल्लेख वंशावलीमा [६,७] पाइन्छ भने त्यस नगरका कलिला नानीहरूलाई बिरालोले लानेखाने गरेबाट त्यहाँको विशाल वस्ती उजाडिएको किंवदन्ती स्वरूप अद्यापि मानिसहरूले "भतिथना दे" भन्ने गरेको, त्यस बेलादेखि रोइरहेका बच्चाहरूलाई शान्त पार्न बिरालोलाई दिई पठाउने भनी तर्साउने चलन चलेको र मतिक्वका पोडे पूजारीहरूको अनुसार अचेल पनि कहिलेकाहीं मध्य रातमा त्यस बिरालोको दर्शन हुन्छ भन्ने कथन छ ।

प्राचीन समयमा उत्तरवाहिनी प्रभावती [८] नगरको माझैमाझ भई उत्तर प्रयाग शंखमूलको बाग्मतीमा मिल्न जान्थ्यो भन्नेहरूले आज पनि खोलामा मात्र पाइने खालका जस्ता ढुंगाहरू लगनखेलको भूगर्भभित्र रहेकोलाई प्रमाणको रूपमा अघि सार्छन् । दक्षिणबाट उत्तर बग्ने यस नदीकै किनारमा लग्नेश्वर र हाटकेश्वर स्वयम्भूलिंगहरू भएको मात्र नभई रातो मच्छिन्द्रनाथको रथ गा:-

---

४. सम्पादक श्री योगी देवीनाथ, मृगस्थली, गोरक्ष पीठ– पूर्ववत्; पृष्ठ ४५

५. मा. श्री हेमलाल जोशी– "योमह्रि"; पासा (नेपाल भाषाको पाक्षिक पत्रिका); १७ मार्ग २००९; पृष्ठ ११

६. सम्पादक श्री योगी देवीनाथ, मृगस्थली, गोरक्ष पीठ– पूर्ववत्; पृष्ठ १२०

७. सम्पादक पं. श्री देवीप्रसाद लंसाल– "भाषा बंशावली" (द्वितीय भाग); श्री ५ को सरकार, शि.मं., पुरातत्व बिभाग, नेपाल राष्ट्रिय पुस्तकालय; संवत् २०२३ विजया दशमी; पृष्ठ ३५

८. सम्पादक श्री योगी देवीनाथ, मृगस्थली, गोरक्ष पीठ– पूर्बबत्; पृष्ठ १२१

बहालबाट सुन्धारा लैजाँदा मंगलबजारको चौबाटोमा पर्ने हतपातालभन्दा अलिक पूर्व "ह:खा खुसी छिकेगु" (ह:खा भन्ने ठाउँमा नदी तार्ने) क्रियापछि मच्छिन्द्रलाई धोती फेराउने गरिआएकोबाट समेत त्यस भेगमा पुरातन कालमा ठूलै नदी प्रवाहित थियो भन्ने तथ्य बोध हुन्छ । मैले भने ठूलो राजकुलोको रूपमा प्रभावती नदीको पानी लगनखेलकै बाटो नगरको मध्य भागतर्फ लगिराखेको देखेको थिएँ। यसप्रकार नदी वा राजकुलोको प्रवाहले गर्दा लगनखेलको भूगर्भ अरू ठाउँको अपेक्षा बढी जलमय मान्न सकिन्छ । साथै लगनखेलका ठूलठूला पोखरीहरू– न्हू पुखु भन्ने रानीपोखरी, लगंथूरको पश्चिमपट्टिको कमलपोखरी र लगंथूरको उत्तर अमोघसिद्धि बुद्ध सामुन्नेको पोखरी तथा हाल कान्जीहाउस बनाइएको ठाउँमा रहेको सानो पोखरी समेत वर्षामा परेको र हिउँदमा भरेको पानीबाट प्राय: पूर्ण हुन्थे । प्राचीन समयमा जंगल भएको कारणले पनि यस भूमिमा पानीको बाहुल्य थियो । पानी धेरै भएकोले प्रशस्त इनारहरू, केही ढुङ्गेधाराहरू र एउटा स-स्यानो खोलोलाई लगनखेलको भूमिगत र भूमिमाथिको पानीले अजस्र स्रोतको काम दिइरहेको आभास मिल्छ । त्यसैले होला यस ठाउँलाई "ल: गण ख्य:" भन्ने गरिएको । "ल:", "गण" र "ख्य:" को क्रमिक अर्थ पानी, समूह र चौर भएकोले समष्टिमा पानीको समूहयुक्त चौर भन्ने हुन आउँछ । फेरि, माथि चर्चित लग्नेश्वर[९] महादेवस्थान भएको चौर हुनाले नै लगनखेल नाम रहेको मान्नेहरू पनि थुप्रै छन् ।

पुरातनकालीन लगनखेलस्थित जंगलको नाम सुवर्णखाद भएकोले त्यस नामबाट सुनको उर्वरत्व वृद्धि गर्ने वन भन्ने संकेत मिल्छ । उल्लिखित लगंथूरको उत्तरपट्टि प्रभावतीकै पानी समेत जम्मा भई बनेको पोखरी नै लुंखुसीको उद्गम-स्थल भएको, लुंखुसीमा सुनका कणहरू पाइने, पुराना युगमा सुनकै कटहर बगाइ ल्याएकोले नदीको नामकरण लुंखुसी भएको, लुंखुसीले बनाएको क:निबहाल-निरको सानो पोखरीमा र पुरानो जमानामा प्रभावतीकै पानी बग्ने हाटकेश्वर-स्थानमा रुन्चे लागेका बाल-बालिकाहरूलाई अद्यापि मुख धुन लगाउने, नुहाउन लगाउने चलन भएको, एउटा चोरले बन्चरोद्वारा ज्ञानेश्वरको शिवलिंग चिर्दा उडेर गएको पारसमणि प्रभावती नदीमा बस्न गएको [१०] र उत्तरवाहिनी प्रभावतीको किनारमा अवस्थित लग्नेश्वर महादेवकहाँ बाँदरले सुनको कटहर

---

९. भाषा वंशावली (द्वितीय भाग) को पृष्ठ २२ मा उल्लिखित वर्षेश्वर संभवत: यिनी नै हुनुपर्छ ।

१०. सम्पादक श्री नयनाथ पौडेल– पूर्ववत्; पृष्ठ ८०

चढाएको किंवदन्ती आदिले सुवर्णखाद वन, प्रभावती नदी र सुनको आपसी सम्बन्ध छर्लंगिएको छ ।

रथ गमन चक्र, लग्न, ल:गण ख्य: र लग्नेश्वरबाट लगनखेल शब्दको निरुक्त भएको ठानी यहाँ सविस्तार चर्चा गरियो। तर निर्वचनसम्बन्धी माथि उल्लिखित वा अन्य कुनै दृष्टिकोणले मान्यता नपाए पनि लगनखेलमा रहेका देव-देवालय-हरूको महत्ता र त्यहाँ सम्पन्न हुने विभिन्न सांस्कृतिक परम्पराको मात्र जानकारी राख्न सकेमा पनि राम्रो हुने देखिएकोले तत्सम्बन्धमा केही चर्चा-परिचर्चा गरिन्छ। लगनखेलको प्रसिद्ध पीठ दोलमाजु स्थान हुन्। यहाँ रहेकी देवीलाई महाकामेश्वरी[11], योगाम्बर माई (योगाम्बर ज्ञानडाकिनी वा योगाम्बर ज्ञानेश्वरी अर्थात् ह्म्यूपी अजिमाकै अर्को रूप), गुह्येश्वरी आदिको प्रतीकको रूपमा लिने गरिआएको छ । मच्छिन्द्रनाथलाई कामरूप फर्काउन पछि लाग्दै आएका माया यक्षणी (ज्ञानडाकिनी) तथा अन्य यक्ष गणलाई तन्त्र-मन्त्रले लगनखेलको यही स्थानमै दिग्बन्धन गरी राखी छाडेको भनिन्छ। एउटा भनाइ अनुसार आचार्य बन्धुदत्तले यहीं योगाम्बर ज्ञानडाकिनीको पूजा गरेर गोरख-नाथको नागासनमा परेका नौ नागमध्येका कर्कोटकलाई मुक्त पारेको[12] भनिन्छ। अर्को कथनानुसार बन्धुदत्त आचार्य, राजा नरेन्द्रदेव,रथंचक्र किसान र कर्कोटक नागले लिच्छविकालमा राजउद्यानको रूपमा रहेको लगनखेलको यही ठाउँमै पनि विश्राम लिएको[13] भन्ने छ । अझै अर्को भनाइ अनुसार बन्धुदत्त, नरेन्द्रदेव आदिले मच्छिन्द्रनाथलाई यहीं नै आह्वान गरेको र भ्रमरको रूपमा आएका मच्छिन्द्रलाई कलशभित्र पारी छोपेको[14] भन्ने पनि छ । जे होस्, आज यस स्थान मच्छिन्द्रकै आमा भनी सर्वत्र विख्यात छ र पर्व विशेषमा यस धार्मिक

---

११. मदनमोहन मिश्र– "हाम्रो कला र संस्कृति– एक विहंगम दृष्टि"; जय जोशी प्रकाशन; २०४१।७।२२; पृष्ठ २५१–५२

१२. जी. डब्ल्यू. ब्रीग्स्– "गोरखनाथ आयुण्ड कानफटा योगीज्"; प्रथम संस्करण: कलकत्ता १९३८; पुनर्मुद्रण: दिल्ली १९७३; पृष्ठ १९६

१३. जी. डब्ल्यू ब्रीग्स्– पूर्ववत्; पृष्ठ १४५

१४. सम्पादक श्री योगी देवीनाथ, मृगस्थली गोरक्ष पीठ– पूर्ववत्; पृष्ठ ३४

थलोको मध्य भागमा रहेको विशाल शिलामाथि गुह्येश्वरी सादृश्य कलश राख्न ल्याइन्छ ।

प्वा: स्या: तमोटले ज्योति रूपको दर्शन पाएपछि निर्माण गरिएको लगनखेलको वर्तमान बहालमा रहेको लोकेश्वर मूर्ति ललितपुरका अन्य लोकेश्वर मूर्तिहरू सरह नै पुरातनकालीन हुनुमा रत्तिभर सन्देह छैन । स्वयंभू लिंग लग्नेश्वरसंगै अमोघसिद्धि बुद्धको मूर्ति रहेकोले समन्वयवादको प्रभाव त्यहाँ स्पष्टत: देखिन्छ। प्रयागबाट आह्वान गरी ल्याइएको वटुक भैरव नै मतिक्व भैरव भनी कहलिएको र ललितपुरका ४ वटा विशाल स्तूपमध्ये लगंथूर सबभन्दा ठूलोको रूपमा बहुचर्चित छ । यिनै भैरव र थूरसंगै रहेको टुंडिखेल धर्मचित्त भएका कुनै दाताद्वारा ललितपुरमा सम्यक्‌को आयोजना गर्दा प्रयोगमा ल्याइने विस्तीर्ण चौर हो ।

लगनखेलको स्नानमण्डपमा वर्षेनी सम्पन्न हुने मच्छिन्द्रनाथको ल्हवं (देवस्नान) अत्यन्त प्रसिद्ध छ । यो ल्हवं जात्रा हेर्न मनुष्यको अतिरिक्त देव, दैत्य, यक्ष, गन्धर्व, किन्नर, नाग आदि पनि आउँछन् भन्ने लोकधारणा अनुरूप लग्नेश्वर महादेवलाई छहारी दिने अजंगको रूख छँदासम्म त्यही रूखको माथिल्लो भागमा नागहरू आएको वा सल्बलाएको भनी आकाशतर्फ हेर्नेहरू थुप्रै हुन्थे । सुन्धारातिरबाट तानेर ल्याई मच्छिन्द्रको आमालाई प्रदक्षिणा गराउने रथयात्रा तुलनात्मक दृष्टिले बढी प्रभावोत्पादक एवं ठूलो जनसमूहले हेर्ने जात्रा हो । लगं जात्राको नामले सुप्रसिद्ध यस रथयात्रामा भाग लिन राजा, प्रधानमन्त्री तथा अन्य भारदारहरूको पनि उपस्थिति हुन्थ्यो भन्ने उल्लेख एक अंग्रेजी पुस्तकमा[१५] गरिएको पाइन्छ । मच्छिन्द्रनाथ रथमा विराजमान भएको बेला देशभरका भूतप्रेतहरू त्यहीं एकत्रित भैरहन्छन् भन्ने जनविश्वास अनुरूप ललितपुरका मानिसहरूलाई व्यक्तिगत कारणले वा घण्टाकर्ण जस्तो चाडपर्वमा बलि राख्नुपर्दा समेत रथअगाडिको भैरवकहाँ मात्र राख्ने परम्परा अद्यापि छ । लगनखेलको माजुसिमासंगै रथ अड्याइराख्दा भैरव आदि प्रमथगणलाई संतुष्ट तुल्याउन मध्यरातमा बोकाको बलि दिनुपर्ने र त्यस बलिलाई फाल्न लैजानुपर्ने विधान कम रहस्यमय प्रतीत हुँदैन । मच्छिन्द्रको रथमाथिबाट जटावाल नरिवल, योमह्री, आदि पदार्थहरूद्वारा अभिषेक गराउने लगनखेलको यात्रालाई त प्रतिवर्ष ठूलो चाडको रूपमा मनाइन्छ । नरिवल गुडाउने यस चाडको भोलिपल्ट बिहान

---

१५. पर्सी ब्राउन– "पिक्चरस्क् नेपाल"; लण्डन १९१२; पृष्ठ १०६

महिलाहरूद्वारा रथ तान्न लगाइने जात्रा अर्थात् नानीचा याः धेरैपछिको मात्र उपज जस्तो लाग्छ । थति टोलमा रथ राखी छाड्दा मच्छिन्द्रनाथको देवाली मनाउने, रथको शीर्षस्थ स्थानबाट रात्रि समयमा नरिवल खसाल्ने, मच्छिन्द्रलाई पुन्चली भुजा चढाउने, कार्तिक नाच देखाउने आदि गर्छन् । विक्रमको अठारौं शताब्दीको प्रारम्भमा श्री कुनु शर्माले "थति टोलका चौबाटोमा प्रतिवर्ष जात्रा नाच दीपावली बाजा रथ स्तुति नपुंसक जोक्करहरूको हास्यचेष्टा र विलोकले अवलाहरूका पारस्परिक लीलावलोकनहरूले कैलासमा देवता तथा प्रमथगणका साथमा महादेव जस्ता मत्स्येन्द्रनाथ लीला गर्नुहुन्छ" [१६] भनी चर्चा गर्नु भएको पाइएको छ ।

यिनै सबको आधारमा विवेचना गर्ने हो भने लगनखेल वर्तमानमा मच्छिन्द्रमय देखिन्छ। त्यसैले आफ्नै आराध्य तथा इष्ट देवबाट प्रभावित पावन क्षेत्र लगनखेलमा जन्म हुन पाएकोमा म आफूलाई धन्य ठान्छु ।

(समष्टि– २०४५ कार्तिक-मंसीर)

---

१६. श्री कुनु शर्मा– "कीर्तिपताका"; जगदम्बा प्रकाशन, ललितपुर; वि. सं. २०१८; पृष्ठ ५

१।।।३।।।३ = एक रुपैंया पन्ध्र आना
तीन पैसा तीन दाम

१।९९ = एक रुपैंया उनान्सय पैसा

१९६० साल वैशाख १ गते

हाम्रो जीवनमा संक्रान्तिको के महत्त्व छ भन्ने कुरो त्यसको नाउँबाटै प्रष्ट हुन्छ। त्यसमाथि वर्षको एक चोटि नववर्षकै कोसेली लिएर आउने मेष (वैशाख) संक्रान्तिको त कुरै छोडौं। त्यस दिन हामी हाम्रो जातिगत पाराबाट धर्ममा मुछिएको संस्कृतिको आधारमा कहीं उत्सव र जात्रा मनाउँछौं त कहीं देवस्थल एवं तीर्थस्थलमा पूजाआजा गरेर राष्ट्रिय चाडको रूपमा मनाउँछौं। उक्त नववर्षको स्वागत सत्कार गर्न सरकारको तर्फबाट समेत छुट्टी दिइएको हुन्छ। तर कति नववर्ष गए होलान्– कुनैले महत्त्वपूर्ण उपलब्धिलाई अतीतको गर्भमा छोडेर त कुनैले काललाई एक वर्ष नजीक तानेर। यहाँ अहिले कुन कुन नववर्षले के, कति र कस्ता योगदान दिएर गए भन्नेतर्फ खोतल्नु छैन। त्यसतर्फ लागेमा 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने उखान चरितार्थ हुन बेर छैन। यहाँ त केवल आजभन्दा ६२ वर्ष पूर्वको नववर्षको मात्र केही उपलब्धिहरू विश्लेषण गर्ने प्रयास गरिन्छ।

१९६० साल मेष संक्रान्तिले हाम्रो दैनिक व्यवहारमा एक ठूलो परिवर्तन ल्याई नाउँ सुहाउँदो काम गरेको छ। नेपालीमात्रको दैनिक व्यवहार सुगम बनाउन कोशिश गर्दै तत्कालीन सरकारले त्यही दिनदेखि नै दशमलव मुद्रा प्रणाली अपनाएको थियो। उक्त महत्त्वपूर्ण व्यवस्थाको तर्जुमा हुँदा नेपालका गद्दीनसीन महाराजाधिराज श्री ५ पृथ्वी वीर विक्रम होइबक्सन्थ्यो। त्यस व्यवस्थासम्बन्धी एक एक विवरण प्रस्तुत गर्न नेपाल गोश्वारा हुलाक घरको नाउँमा भएको प्रधानमन्त्री चन्द्रको सम्वत् १९५९ साल मिति चैत्र वदि ८ रोज ७ को सनदको आधार लिइएको छ। उक्त विषयको सम्बन्धमा प्रस्तुत सनदमा भन्दा विस्तृत व्यहोरा अरू कहीं कतै अध्ययन गर्न पाइएको छैन। यहाँ १९६०।१।१ गतेदेखि लागू गरिएको मुद्रा नीतिबारे चर्चा गर्नुभन्दा पूर्व नेपालमा कहिलेदेखि दशमलव सिक्का

प्रणाली लागू थियो भनी जान्नु नै सान्दर्भिक होला। तर आफूमा भने मुद्राशास्त्र विषयमा उत्तिको अध्ययन नहुँदा तत्सम्वन्धी अनभिज्ञता सिवाय अरू केही हात लाग्न बेर छैन, त्यसैले मदन पुरस्कार प्राप्त श्री सत्यमोहन जोशीज्यूको पुस्तककै आधारमा यहाँ मुद्रासम्वन्धी केही उल्लेख गरिन्छ । इ. एच. वाल्सको कथनानुसार मल्लहरूको पालामा पच्चीस गण्डा प्रणाली थियो।[१,२,३] त्यसबाट मल्लकालीन नेपालमा पनि दशमलव सिक्का प्रणाली लागू थियो भन्ने प्रष्ट हुन आउँछ। तर इस्वी वर्ष १८८१ मा प्रकाशित नेपाली हुलाक टिकटहरूको सीट (६४ वटा टिकट भएको ताउ) का चारै किनारामा 'एक आने टिकट चार रूपैयाँको'[४] भन्ने अभिलेखहरू छापिएबाट त्यस वखतसम्म दशमलव प्रणालीबाट सिक्का प्रचलनमा रहन छोडी सकेको तथ्य प्रमाणित हुन्छ। हुनपनि जोशीज्यूले आफनो पुस्तकमा शाहहरूले १६ गण्डा प्रणाली अपनाएको कुरो उल्लेख गर्नु भएको छ। त्यसको अतिरिक्त तिनताकको नेपालमा २५,५०,१०० पैसाको सट्टा १,२,४,८ र १६ आना भन्ने चलन चलेको र त्यसको प्रभाव स्वरूप हालसम्म पनि पुराना थोक वेपारी वर्गले किनवेच गर्दा त्यही ढङ्गबाट हिसाव-किताव गर्ने प्रथा चलिरहेको कुरो स्मरणीय छ। तर उक्त प्रणाली श्री ५ सुरेन्द्रको शासनकालमै असफल भै सकेको तथ्य एक लेखमा[५] चर्चा भएको पाइन्छ। त्यसलाई अव यहाँ उल्लेख गरौं। "वि. सं. १९२५ मा श्री जङ्गबहादुर राणाका शासनमा श्री ५ सुरेन्द्रका नामबाट आधा तोला तामाका पातला र बाटुला पैसा बनाई एक तोलाका पुराना पैसाका वरावरीमा चलाए। पुराना पैसा मासेर एक पैसाका दुई पैसा वनाउँदा सरकारलाई फाइदा हुने जङ्गबहादुरले देखेका थिए, तर

१. सत्य मोहन जोशी– 'नेपाली राष्ट्रिय मुद्रा'; जगदम्वा प्रकाशन, ललितपुर; वि.सं. २०१९; पृष्ठ २०
२. इ.एच. वाल्स– 'दि क्वाइनेज अफ् नेपाल'; जर्नल अफ् दि रायल एशियाटिक सोसाइटी अफ् ग्रेट वृटेन आयण्ड आयरलैण्ड; जुलाई १९०८; पृष्ठ ६९४
३. इ. एच. वाल्स– 'दि क्वाइनेज अफ् नेपाल'; इण्डोलोजिकल वूक हाउस, दिल्ली, वनारस; सन् १९७३; पृष्ठ २५ र २६
४. इ.ए. स्मीथिज, एल.ई. डसन– 'दि पोष्टेज् स्टायम्पस अफ् नेपाल'; दि कलेक्टर्स र हच.डी. एस. हावरवेक क्लव, न्यूयोर्क; सन् १९५०; पृष्ठ ६ र ७
५. इ.शि. वावुराम आचार्य– 'रुपैयाँ र पैसा'; हाम्रो साहित्य भाग ६; सहयोगी प्रकाशन, सहयोगी प्रेस, भोटाहिटी, काठमाडौं; पृष्ठ ३७ र ३८

फल उल्टो भयो । सरकारले रुपियाँ दिनुपर्ने ठाउँमा चौसट्ठी पैसा नै दिन लाग्दा पैसा ज्यादा भई त्यसको मोल गिरेर बजारमा एक रुपियाँका ६५,६६,६८ . . . इत्यादि क्रमले बढी पैसामा बिक्री हुन लाग्यो । सरकार आफ्नू जिद्दीमा अडिदा अडिंदै प्रधानमन्त्री चन्द्रशमशेरका शासनकालको आरम्भसम्ममा एक रुपियाँका सय पैसा बिक्री हुन लागे । अब रुपियाँको चौसट्ठी पैसा गराउन असाध्य भएको र एकसयको अङ्कबाट हिसाब गर्नमा पनि सजिलो पर्ने हुनाले वि. सं. १९६० देखि नयाँ पैसा बनाउन बन्द गरी एक रुपियाँको एकसय पैसाको दर कायम गरिदिए ।"

६० सालअघि हाम्रो अधिराज्यमा कुन तरीकाबाट मुद्रा प्रचलन भैरहेको थियो भन्नेबारे माथि उल्लिखित तथ्यहरूबाट केही न केही छर्लङ्ग भइसकेको छ । अब यहाँनिर जनताको पीर मर्का हटाउने, मुद्रा प्रणालीमा स्थायित्व ल्याई मुद्रा स्फिति खतम पार्ने, दैनिक व्यवहार सुविधाजनक बनाउने, सरल तरीकाबाट स्याहा स्रेस्ता सञ्चालन गराउने आदि कारणबाट १९६० साल वैशाख १ गते चालिएको त्यो समय सुहाउँदो क्रान्तिकारी पाइलाको चर्चा गरौं । त्यसको लागि १९५९ साल चैत्र वदि ८ रोज ७ को सनदका प्रस्तावनाका वाक्यहरू नै उद्धृत गरिनु सबभन्दा उपयुक्त हुने देखिदा यहाँ त्यही नै गरिएको छ । "नेपाल गोस्वारा हुलाक घरका हाकिम कारिन्दाले पुर्जि हेरी भर मुलुकमा २५।२४।२२।२०।१६।१२ गन्डि पैसा भनी स्याहा स्रेस्तामा षोली लेषन्या र पैसा सटहीको आम्दानी खर्च लेषनु पर्दा स्याहा धपोट लामो भयाको हुनाले र पैसा बापत मोहर मोहर बापत पैसा लिनु दिनु नहुँदा दुनिञाालाई पीर परेको हुनाले अब नेपाल पाहाड भर मुलुकमा ६० साल वैशाख १ गतेदेषी मोहरु १ को पैसा २५ गंडिको चलन चलाई बक्सेको छ तपसिल बमोजिमको रीत पुऱ्याई पैसा २५ गंडिले लिनु दिनु गर्न्या काम गर" । सनदमा उल्लिखित पैसा बापत मोहर मोहर बापत पैसा लिनु दिनु नहुँदा र त्यस्तै इ. शिरोमणिज्यूको उल्लेख अनुसार सरकारले रुपियाँ दिनुपर्ने ठाउँमा चौसट्ठी पैसा दिन लाग्दा भन्ने व्यहोराबाट ६० सालभन्दा पहिले नै साविकदेखि चलि-आएको विनिमय दर अव्यवहारिक सिद्ध हुनुका अतिरिक्त अस्थिर समेत भैसकेको प्रतीत हुन्छ । यस प्रकारको अस्थिरताबाट मुद्राको महत्ता घट्ने मात्र होइन, जनता जनार्दनलाई हुनसम्मको पीर मर्का पर्न जाने हुन्छ । त्यसैले तत्कालीन शासक वर्गको मनमा नेपाली सिक्काको मोलमा स्थायित्व नल्याई भएन भन्ने पर्न गएको अनुभव हुन्छ । फलस्वरूप "बजारमा पैसा सस्तो भयो भन्या सो पैसा २५ गंडिले खरीद गरिबक्सन्छ । पैसा महंगो भयो भन्या सर्कारबाट २५ गंडिले पैसा पुऱ्याई

बक्सीन्या छ कदाचित षर्च गर्ना लाई २५ गंडीले बजारमा पैसा साटन पाइएन भन्या मुलुकी षानाबाट बक्सीन्या छ" भनेर सनदको माध्यमद्वारा स्पष्ट घोषणा गरियो। सम्भवतः त्यतिले मात्र पनि शासकवर्गको चित्त नबुझी या नयाँ व्यवस्थालाई मान्यता नदिई पूर्ववत् मुद्रामा अस्थिरता आउला भन्ने परेकोले उक्त सनदमै "सर्कारीया अड्डाले पैसा २५ गंडिले लीनु दीनु गर्नु अडाषानाले तेस्मा घटिबढी पारी लिनु दिनु गर्‍याको ठहर्‍यो भन्या षोटाचलंको १२ नम्बरका अैं बमोजि सजाय होला" र "... लिनु दिनु गर्दा पैसा वापत मोहर मोहर वापत पैंसा भन्या पनी लिनु दिनु गर्नुं" भन्ने सजाय खण्ड र अन्य व्यवस्था समेतले स्थान पायो।

१९६० साल बैशाख १ गतेदेखि मोहर र पैसाको स्याहा श्रेस्ता गर्ने काइदा समेत उक्त सदनमै यसप्रकार उल्लेख भएको छ– "पैसा सटहिको आम्दानी षर्च गर्नु पर्दैन पैसाको चलनी षारेज गरी मोहरको चलनी मात्र लेषनु ६० सालका रकम्को मिति देखि स्याहा श्रेस्तामा लेषदा पैसा ९९ संम जो हुन्छ धर्का काटि लेषनु १०० पैसा पुग्ये पछि मोहर १ गरि मुरी पाथी जस्तो लेषनु साविक बमोजिम सुका आना पैसा लेषनु पर्दैन", "षर्चमा पनी १ जनालाई २ दाम दिनु पर्ने चां चुं षर्च लेषनु पर्दैन ३ दाम दिनु पर्ने भया १ पैसा षर्च लेषी दिनु" र "१ जनाले ७।८ सालको वा ७।८ कलमको चांचुं १।२ दाम तिर्नु पर्ने कलम रहेछ भन्या पैसा पछाडि धर्को काटी दाम पनी लेषनु..."। उल्लिखित उतारहरूको अधारमा दशमलव प्रणालीबाट स्याहा श्रेस्ता राख्ने प्रथाको थालनी पनि उक्त नववर्षकै दिनदेखि भएको हो भन्न सकिन्छ।

नेपाली मुद्रा जगतमा १९६० साल बैशाख १ गतेले ओगटेको महत्त्वपूर्ण भूमिका यही नै थियो, जसको बारे संक्षेपमा मैले आफ्नो एक[६] लेखमा संकेत दिई पनि सकेको छु। उक्त ६० साले संक्रान्तिको महत्ता केवल मुद्रामा स्थिरता ल्याउने कार्यमा मात्र सीमित नभई त्यसको अतिरिक्त दिनको गणनामा समेत पूर्णतया क्रान्ति ल्याइएकोमा पनि छ। १९६० साल बैशाख १ गते अघिसम्म पनि धार्मिक संस्कार, सरकारी स्याहा श्रेस्ता, लेनदेन तथा सम्पूर्ण सामाजिक जीवनमा घट्ने व्यवहारमा चन्द्रमास अनुसार चल्ने सुदि वदिकै तिथि लेख्ने प्रचलन थियो। यसको प्रमाणको लागि यस लेखमा चर्चित सनदकै मितिलाई यहाँ औंल्याउन सकिन्छ। १९५९ साल चैत्र वदि ८ रोज ७ को उक्त सदनको आठौं दफामा "अब ६० सालका

---

६. जीतबहादुर मानन्धर– '६४ सालका हुलाक टिकटहरू'; गोरखापत्र दैनिक; काठ्माडौं; वि.सं. २०२९ साल श्रावण ३१, शनिबार

रकमका मितिदेषि संक्रातीका हीसावले १ गते देषी जति दिंको मैह्ना उती सम्मको १ स्याहा गरी गते वार लेषनु सुदि वदि लेषनु पर्दैन" र "अब उप्रान्त व्याज कीस्ता षिलापि सुत लिंदामा पनी संक्रान्तिका हीसावले लीनु" भन्ने उल्लेख भएबाटै सुदि वदिको सट्टा सूर्यमासको हिसावले गते लेख्ने चलन चलाइएको देखिन्छ। हुन-पनि ६० साल देखिका सनदहरूमा, साल, महीना, गते तथा वार नै लेखिराखेको पाइन्छ। फलस्वरूप २।२ दिनसम्म एकै तिथि पर्न सक्ने चन्द्रमासको दिन गिन्तिको झंझट हाम्रो दैनिक व्यवहारवाट धेरै मात्रामा हट्न गएको छ । तर धर्ममा आस्था राख्ने देश भएको हुँदा जनजीवनमा आईपर्ने यावत् धार्मिक संस्कार सविकक्कै सरह चन्दमासको आधारमा आजसम्म पनि हुँदै आएको छ। जेहोस्, ६० साले संक्रान्तिले यस क्षेत्रमा पनि निक्कै ठूलो परिवर्तन गरी नेपाली मात्रको जीवनमा धेरै सुगमता ल्याइदिएको छ ।

(गोरखापत्र– २०२२ पुस १७)



सिद्ध योगी रत्ननाथ-एक संक्षिप्त परिचय

दाङ्ग घोराही बजारबाट करीब आधा कोस दक्षिण-पूर्वमा नाथ सम्प्रदायको एक प्रसिद्ध पीठ पर्दछ। त्यस पीठलाई रत्ननाथको मठ, रत्नपुरी र दाङ्ग रत्नपुर चौघेरा (चौघरा) भन्ने चलन छ। त्यहाँ सिद्ध रत्ननाथको अतिरिक्त शिव गोरक्ष पात्रदेव, भैरवनाथ, बालासुन्दरी आदि देवदेवीहरू विराजमान भएकोले त्यसलाई नेपालको एक पवित्र तीर्थस्थलको रूपमा लिने गरिन्छ। प्रतिवर्ष फाल्गुण कृष्ण विजया एकादशीदेखि फाल्गुण शुक्ल पूर्णिमातक श्रद्धालु भक्तजन एवं नाथ योगीहरूको विशेष जमघट हुने हुँदा त्यहाँ धार्मिक मेला लाग्दछ। मेलाको शुरु रत्नपुर चौघेरास्थित दलिचा (दलैचा) मन्दिरमा नाथ सम्प्रदायका १२ पन्थ योगीहरूको सर्वसम्मतिद्वारा रत्ननाथको मूल पूजारी अर्थात् मठाधीशको चुनाउ गर्ने कार्यबाट हुन्छ। मठाध्यक्ष चुनेर सिद्धासन ग्रहण गराउने त्यस कार्यलाई त्यहाँ पीर स्थापना गर्ने भनिन्छ।

मेलाको अन्तिम दिन– फाल्गुण शुक्ल होली पूर्णिमाको मध्यरात नव निर्वाचित एवं पुराना पीर समेत साथ लागी गोरक्ष पात्रदेवको जात्रा बाजागाजाका साथ

सजधजपूर्वक चलाइन्छ र चैत्र कृष्ण प्रतिपदाको विहान देउखुरी लमहीमा पुऱ्याइन्छ। लमहीमा औंसीसम्म मुकाम गराउने र उक्त तिथिकै मध्यरातमा यात्रा चलाएर देउखुरी जमुनेवासमा चैत्र शुक्ल प्रतिपदाको विहान पुऱ्याई दिनभर त्यहीं राख्ने गरिन्छ। त्यस्तै प्रकार रातारात यात्रा चलाई द्वितीयाको प्रातःकाल कोइलावास-स्थित कालिकाको मन्दिरमा पुऱ्याई दिनभर राख्ने र तृतीयाको विहान भारतको जनकपुरमा पुऱ्याई चतुर्थीको दिनभर समेत त्यहीं विश्राम गराउने चलन छ। जनकपुरवाट पनि मध्यरातमै चलाइएको यात्रा पञ्चमीको प्रातः समय भारतको गोण्डा जिल्लामा अवस्थित तुल्सीपुर बजारको देवीपाटन अर्थात् पाटेश्वरीको मठ मन्दिरमा पुगेपछि त्यहाँ हर्षोल्लासका साथ धूमधाम स्वागत सत्कार गरिन्छ र अनि नवरात्रिको बखत पक्षभर चल्ने त्यहाँको वार्षिक मेलामा भव्यता आउन थाल्छ। देवीपाटनमा यात्राको आगमनपछि गोरक्ष पात्रदेवको पूजा उपरान्त मात्र पाटेश्वरीको पूजा अर्चना चल्ने, पाटेश्वरीकै पूजा समेत रत्ननाथकै पीर एवं पूजारीवाट गरिनुपर्ने तथा त्यहाँ चढाइएका सम्पूर्ण भेटी चौघेरा मठकै लाग्ने पुरातनकालीन प्रथा अद्यापि विद्यमान छ। यस प्रचलनवाट देवीपाटनको मठ मन्दिर रत्ननाथ मठकै अन्तर्गत रहेको तथ्य स्पष्ट हुन्छ। सिरिया नदीको तीरमा रहेको देवीपाटनलाई कोही पृथ्वीमाताले भूमि-नन्दिनी सीतालाई ग्रहण गरेको ठाउँ भन्छन् भने कोही सतीदेवीको दाहिने हात खसेको पीठ। तर अर्को एक किंवदन्ती अनुसार योगी रत्ननाथ र योगिनी पाटेश्वरी गुरु गोरखनाथका चेला तथा चेली हुन् भन्ने छ।

चैंते दशैंको दशमीको मध्यरातमा देवीपाटनवाट पात्रदेवको फिर्ती यात्रा प्रारम्भ हुन्छ। यात्राको क्रममा एकादशीको विहान भारत जनकपुरमा, द्वादशीको विहान कोइलावासमा, त्रयोदशीको विहान जमुनेवासमा पुऱ्याइने प्रचलन छ। जमुनेवासवाट देउखुरी, घोराहीमा पुगेपछि २ दिन र त्यहाँबाट लमहीमा १ दिन विश्राम गराएर गोरक्ष पात्रदेवलाई आफ्नै चौघेरा मठमा भित्र्याइन्छ।

गोरक्ष पात्रदेवको यात्रा विषयमा सविस्तार वर्णन गरिसकेपछि पात्रदेव के हो र त्यसको रत्ननाथसंग के कस्तो सम्बन्ध छ भन्नेवारे केही पनि उल्लेख नगर्दा चर्चा अधुरो रहने देखिन्छ। अतः दाङ्गतिर प्रचलित एक लोकोक्ति यहाँ प्रस्तुत गर्ने प्रयास गरिन्छः–

सवा लाख झाड खण्ड दाङ्ग, देउखुरी प्रभृतिका प्रख्यात राजा माणिक्य परीक्षकका छोरा राजा रत्न परीक्षक शिकारका सौखिन थिए। एक दिन आखेटमा व्यस्त रहँदा वनमै उनको गोरखनाथसित भेट भयो र दुईजनाको वीच जीव हिंसा

गर्न हुन्छ वा हुन्न भन्ने विषयमा वादविवाद चल्न थाल्यो। प्रसंगमा छाति, नंग्रा, चुच्चा, प्वांख नभएको तर अहर्निश हिंडिरहने त्यो हांसलाई मार जसमा रगत, मासु केही छैन भनी गोरखनाथले राजालाई प्राणमय प्रणवबोधिनी हंस गायत्रीको दीक्षा दिई आफ्नो एक प्रमुख शिष्य बनाएर अमृत पात्र प्रदान गरेर रत्ननाथ भन्ने नामकरण समेत गरे। सिद्ध योगी रत्ननाथले पनि उक्त पात्र बोक्दै लोकहितको लागि कैयन् अलौकिक कार्य गर्दै पेशावर, जलालावाद, काबुल, कन्धारसम्म भ्रमण गरे। त्यसैले उनलाई हिन्दूहरूका गुरु, मुसलमानका पीर, काबुल, कन्धार र खुरशानका पातसाही भन्ने गर्दा रहेछन्।

अचेलको रत्ननाथको मठ रहेको चौघेरा रत्नपुर, राजा रत्न परीक्षकले राजधानी बनाई राज्य गरेको, वा गोरखनाथसित राजाको साक्षात्कार भएको वा पात्रलाई शिव गोरक्षको रूपमा सर्वप्रथम प्रतिष्ठा गरी पूजा गरेको स्थान हुनुपर्छ। उक्त चौघेरा औलिया ठाउँमा पर्ने हुनाले वर्षको चार महीना गर्मी, वर्षा र औल छल्न दाङ्ग घोराहीबाट पूर्वोत्तर करीब २ कोस टाढा पहाडमा अवस्थित सवारीकोटमा रत्ननाथको मठ स्थानान्तरण गरी त्यहीं पूजाआजा गर्ने चलन केही दशक अघिसम्म प्रचलित थियो। अतः सवारीकोट र चौघेरा मठका रत्ननाथ एकै हुन् र अन्वेषकहरूद्वारा प्रसिद्ध नाथ योगी भनी वर्णित पेशावरका रत्ननाथ समेत यिनै भ्रमणशील व्यक्तित्व भएका दीर्घजीवी सिद्ध रत्ननाथभन्दा भिन्न होइनन् भन्ने कसै कसैको भनाइ छ। त्यस्तै काबुलमा रहेको नाथ सम्प्रदायको दर्गाहा पनि यिनै रत्ननाथसित सम्बन्धित मान्नेहरू पनि छन्।

अब रह्यो पात्रदेवको कुरा। शिवावतार गोरखनाथद्वारा प्राप्त पात्र हुँदा त्यसलाई शिव गोरक्षकै स्वरूप सम्झी पात्रदेव भन्ने चलन छ। त्यस पात्रलाई पाक्षिक रूपमा प्रत्येक दशमीको बेलुकी नयाँ कपडाद्वारा बेरिन्छ। यस प्रकार कपडा फेरी पहिराउने कार्यलाई पोशाकी भन्ने गर्दा रहेछन्। कपडाद्वारा परिवेष्टित उक्त पात्रभित्र के छ भन्ने कुरा चौघेराका पूजारी, भण्डारे, सिराने, मढिदार (बालासुन्दरीको पूजारी), पीर आदि कोही बताउन चाहँदैनन् तथापि त्यसमा गोरखनाथको चरण पादुकाको चिह्न अंकित कुनै वस्तु छ भन्ने एकथरी छन् भने अर्को थरीको भनाइ अनुसार गोरखनाथको प्रतीक शिवलिंग।

(गोरखापत्र– २०३७ फागुन २४)



स्वर्गद्वारी आश्रम र स्वर्गद्वारी महाप्रभु

वि. सं. २०३५ सालको कुरो हो । प्रत्येक अञ्चलको प्रतिनिधित्व क्रममा पनि १।१ हुलाक टिकटद्वारा हुनुपर्छ भन्ने अनायास उठेको विचारलाई कार्यरूप दिन एउटै पनि टिकट नभएको राप्ती, भेरी, सेती र महाकाली अञ्चलहरूमध्येबाट हर वर्ष १।१ अञ्चलको १।१ टिकट प्रकाशनमा ल्याउने सन्दर्भमा सर्वप्रथम राप्ती अञ्चलको प्रतिनिधित्व गराउने अभिप्रायले सन् १९७९ को वार्षिक फिलाटेलिक कार्यक्रम तय गरी प्रचारमा समेत ल्याई सकिएको थियो । त्यसैले अञ्चल विभाजनको शुरुमा हालको राप्ती अञ्चललाई स्वर्गद्वारी अञ्चल[1] भनी नामकरण गराउने नेपालको एक प्रसिद्ध तपोभूमि स्वर्गद्वारी आश्रमको टिकट डिजाइन गराउन तस्वीरको आवश्यकता अनुभव भयो । तस्वीर लिने तथा अन्य सरकारी कामको सिलसिलामा काठमाडौंबाट पाल्पा, गुल्मी, अर्घाखांची र प्यूठानका सदरमुकामहरू हुँदै हामी स्वर्गद्वारी पुगेका थियौं । स्वर्गद्वारी पुग्ने प्रयासमा माण्डवी नदीको

१. श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय, प्रचार तथा प्रचार विभाग- अञ्चल एवं विकास जिल्ला विभाजन समितिको प्रतिवेदन (मार्ग २०१९), पृष्ठ १०

किनारमा अवस्थित भिग्री वजारमा बिहानको भात खाई दिउँसो १२ बजेतिर उकालो लाग्दा बाटोमा डोकाभरी वेलपत्रहरू बोकी स्वर्गद्वारीतर्फ हिँडेका एक बटुवासित भेट भएको र निजले मलाई भिग्रीकोट देखाएको तथा स्वर्गद्वारी र स्वर्गद्वारी महाप्रभुको महात्म्य विषय केही छिपछिपे परिचय दिएको थियो ।

तलवाट देखिने एक अग्लो थुम्कोमाथि पुगेपछि पुनः अर्को चढ्नुपर्ने विधिको विधान पालना गर्दै र सल्ला तथा बाँझका वनहरू क्रमशः पार गर्दै जाँदा सवभन्दा माथिल्लो भागमा पुग्नै लागेको वेला निगालाका घारी र पर्खालले परिवेष्टित मन्दिर, घरहरू एवं हावामा फरफराइरहेका ध्वजाहरू देख्दा हर्ष विभोर भइन्छ। पुसको अन्तिम हप्ता, त्यसमा पनि करीब ६,९६० फीटको उचाइमा[२,३] हुँदा ठण्डीको कारण सहयात्री श्री रिजाल र श्री कर्माचार्य स्वीटर लगाउने धुनमा थिए भने मचाहिं सवभन्दा पहिला पुगी पुण्यथलोको प्रदक्षिणा गर्ने विचारमा तल्लीन थिएँ । रमणीय वातावरणयुक्त त्यस आश्रममा अपराह्न ४ बजेतिर पुगेर सर्वप्रथम ९ मन्दिर भएको यज्ञ कुण्डको परिक्रमा वाहिरैवाट गरी पछि भित्र गई हेर्दा मध्य भागमा ठूलो होमकुण्ड र ४ मूलदिशा तथा ४ उपदिशामा समेत होम एवं पूजापाठ गर्ने स्थान देखें । यज्ञशालाभित्रको उत्तरको कोठालाई गणेश कोठा, पश्चिमकोलाई मूलगादी र दक्षिणकोलाई गादी मात्र भन्ने चलन भएको र उत्तरमा स्वर्गद्वारी महाप्रभु (गुरु महाराज) द्वारा संस्थापित एवं अखण्ड जलधारायुक्त शिवलिङ्ग तथा दक्षिणमा उत्तराभिमुख स्वर्गद्वारी महाप्रभुको सालिक पाएँ। पुरानो कुरा बुझ्न खोज्दा वाल्यकालदेखिका सहयोगी एवं ब्राह्मण कुलमा जन्मेका उहाँको पहिलो चेला पूजारी महाराज बोधानन्द गिरीको साथ दक्षिणको कोठामा महाप्रभु होम, हवन, पूजा, पाठको बखत वस्ने गरेको भन्ने तथ्य अवगत भयो। सोधपूछकै सन्दर्भमा पूर्वमा देवी पाञ्चायतन, पश्चिममा विष्णु पाञ्चायतन, उत्तरमा शिव पाञ्चायतन र दक्षिणमा सूर्य पाञ्चायतन रहेको र ती मूलदिशाहरूमा स्थापित पाञ्चायतनहरूमा क्रमशः देवी भागवतको पाठ, श्रीमद्भागवतको पाठ, शैव पाठ र पद्म पुराणको पाठ सधैं हुने भन्ने जानकारी हासिल भयो । त्यस्तै उपदिशाहरूमा पनि इशानमा शिव पाञ्चायतन, आग्नेयमा गणेश पाञ्चायतन, नैऋत्यमा सूर्य पाञ्चायतन र वायव्यमा देवी पाञ्चायतन स्थापित गरिएका छन् ।

---

२. जांचबुझ केन्द्र, राजदरवार, प्रकाशक श्री ५ को सरकार, सूचना विभाग- "मेचीदेखि महाकाली" (भाग ४); पृष्ठ १४८

३. गणेशमान गुरुङ्ग- "स्वर्गद्वारी आश्रम"; मधुपर्क (असार २०३८, बर्ष १४, अङ्क २); पृष्ठ ७१

स्वर्गद्वारी आश्रममा पुगेको केही क्षणपछि नै हाम्रो टोलीमा सम्मिलित व्यक्तिहरूको संख्या सोधेको कारण बुझ्न हामीलाई त्यति गाह्रो भएन। कारण, यस आश्रममा यात्रीहरूको आदर सत्कार गरिने चलन रहेको तथ्य प्यूठानमै सुनेको थिएँ। हाम्रो लागि यात्रीघरमा सुत्ने ठाउँको वन्दोवस्त र हाम्रो इच्छा मुताविक पूरी, दूध आदि खानाको प्रबन्ध हुने पूर्व जानकारी प्राप्त भएकोले भोजन एवं वासको झन्झट व्यहोर्नु नपर्ने भयो। अतः साँझपख पनि आश्रमको चारैतिर डुल्न थाल्यौं। डुल्ने क्रममा प्रशस्त गाईवस्तुहरू र गौशाला देखेका, महाप्रभुको समाधिमा स्थापना गरिएको रजत शिवलिङ्ग दर्शन गरेका, केही दिनअघि मात्र स्वर्ग भएका महन्तलाई समाधिस्थ गरिएको स्थान, भष्म राखिएको घर, भण्डार घर, धर्मशाला, कुटीहरू, ताम्रपत्र, सिहमर्मरको शिलापत्र आदि अवलोकन गरेका थियौं। त्यहाँ रहेका भक्तजन, भक्तिनी आमाहरू, योगीहरू, ब्राह्मणहरू र कोठारी महाराजसंग कुराकानी गर्दा हाम्रो आगमनको अभिप्राय बताइयो। शिलापत्र र ताम्रपत्रहरू उतार गर्ने, कोठारी महाराजसंग स्वर्गद्वारी महाप्रभुको लीला विषयमा थप कुरा जान्ने, बुझ्ने र उहाँसंग रहेको कविताको कापी अध्ययन गरी चाखलाग्दा कुराहरू उद्धृत गर्ने काम भोलिको लागि थाती राखियो। बेलुकीको भोजनपछि यज्ञशालामा गई रात्रिकालको होम, हवन हेरेको, भजन सुनेको, पुष्पाञ्जलि, आरतीमा भाग लिएको र तिलक, प्रसाद ग्रहण गर्न पाउँदाको अपार आनन्दको अनुभूति गर्नपट्टि लागियो।

वर्तमान युगमा स्वर्गद्वारीलाई प्रसिद्धिको धुरीमा पुऱ्याउने एक नेपाली महामानवको संक्षिप्त जीवनी प्रस्तुत गर्नुअघि प्राचीनमा स्वर्गद्वारी के थियो भन्ने चर्चा गरिन्छ। एकथरीको भनाइ मुताविक स्वर्ग जान पञ्चपाण्डवले यज्ञ गरेको ठाउँ भन्ने छ। "परापूर्वकालमा ऋषिमुनिहरूले यसै ठाउँमा बसी जपतप गरी स्वर्ग गएकोले यस ठाउँको नाउँ स्वर्गद्वारी अर्थात् स्वर्ग जाने ढोका भएको भन्ने जनश्रुति छ।"[४] त्यस्तै एक अर्को लेख अनुसार "परापूर्वकालमा चतुर्भुज खुंग्री भन्ने ठाउँमा १६ वटा ऋषिहरूले स्वर्गको कामनाले तपस्या गरी यस टापूमा आई अखण्ड यज्ञ गरेकोले यस ठाउँको नाम स्वर्गद्वारी रहन गएको हो भन्ने जनश्रुति छ।"[५]

"प्रभु महाराज उहाँको वास्तविक नाउँले भन्दा 'नारायण' नामले भक्त र परिचित वर्गहरूमा बढी लोकप्रिय हुनु भएको" उल्लेख श्री एच. के. उपाध्यायको

४. जांचबुझ केन्द्र, राजदरबार, प्रकाशक श्री ५ को सरकार, सूचना विभाग-ऐजन; पृष्ठ १४८

५. गणेशमान गुरुङ– ऐजन; पृष्ठ ७१

आलोचनात्मक प्रतिक्रियामा[६] व्यक्त भएको पाइन्छ। तर राप्ती अञ्चल, रुम्टी गाउँका निवासी तथा कृषि एवं गोपालन पेशामा लागेका अनिरुद्ध ओली (गौतम) क्षत्रीकी धर्मपत्नी श्वेतकुमारीको कोखबाट विक्रम सम्वत् १९१६ सालको श्रावण शुक्ल पुत्रदा एकादशी जेष्ठा नक्षत्र वृहस्पतिवारको रात जन्मेका[७] महाप्रभुको न्वारानको नाम नै नारायण[८] थियो। सानै उमेरदेखि आध्यात्मिक ज्ञानका पिपासु महाप्रभुले धेरै अलौकिक कुरा गर्ने गरेको र दैवीशक्तिले मात्र सम्पन्न तुल्याउन सकिने कार्यहरू गरेर देखाएको हुनाले नै बाल्यकालमै उनलाई प्रभु भनी पुकारिन थालेको चर्चा त्यस भेगतिर प्रसंगवश अद्यापि सुनिन्छ। आफ्नो जन्मथलोको सिरानमा रहेको जंगलको गुफामा तपस्या गरेका प्रभुलाई गाउँलेहरूले फर्काई गाउँमै कुटी बनाई राखे तापनि बिहेको कुरो चलाएको सुइँको पाएपछि कुटीमा आगो लगाई अघिकै गुफामा फर्की उनले त्यहाँ अघोर तप गर्न थाले। फलतः प्रभु बालातपसीको नामले प्रसिद्ध भए। शिवावतार स्वामी सच्चिदानन्द गिरी परमहंसको संसर्गमा आएपछि उनीद्वारा दीक्षित भई प्रभुले सन्यास ग्रहण गरे। तदुपरान्त प्रभुको नाम हंसानन्द गिरी परमहंस[९] रह्यो। श्री जनकलाल शर्माका अनुसार प्रभुको नाम अभयानन्द द्वितीय थियो, उनको गुरु हंसानन्द शशिधरका चेला थिए र उनको जन्म वि. सं. १९१५ मा कमर क्षत्री परिवारमा भएको थियो[१०] भन्ने छ तापनि "अभयानन्द" नाममा प्रामाणिकताको अंश कम देखिन्छ भन्ने श्री कमल दीक्षितको भनाइमा[११,१२] बढी तथ्य मिल्छ। त्यस्तै प्रभुको नाम पद्म गिरी हो भनी केही ठाउँमा[१३,१४] चर्चा गरिएको पनि पाइन्छ।

---

६. एच. के. उपाध्याय–"स्वर्गद्वारी आश्रम"; मधुपर्क (भदौ २०३८, वर्ष १४, अङ्क ४) पत्रपत्रांश स्तम्भ; पृष्ठ ११३

७. पं. रामप्रसाद उपाध्याय मजगैञा–"श्री स्वर्गद्वारी महाप्रभु चरित्रम्" (वि. सं. २०१९); पृष्ठ १८

८. पं. रामप्रसाद उपाध्याय मजगैञा– ऐजन; पृष्ठ २१

९. पं. रामप्रसाद उपाध्याय मजगैञा– ऐजन; पृष्ठ ३०

१०. जनकलाल शर्मा– "जोसमनी सन्त-परम्परा र साहित्य"; पृष्ठ १३१-२

११. कमल दीक्षित–"श्रद्धाको प्रतिपादन"; नेपाली ४६ (२०२७ माघ, फागुन र चैत्र); पृष्ठ ६९

१२. सं. कमल दीक्षित–"बुइगल"; साझा प्रकाशनबाट बोस्रो संस्करण (२०३४ साल); पृष्ठ ३४२

१३. जाँचबुझ केन्द्र, राजदरबार, प्रकाशक श्री ५ को सरकार, सूचना विभाग- ऐजन; पृष्ठ १४८

१४. गणेशमान गुरुङ– ऐजन; पृष्ठ ७१

सन्यास ग्रहण गरेपछि महाप्रभुले रूकुम गाउँका किशोर ब्राह्मणलाई आफ्नो पहिलो चेला बनाई बोधानन्द गिरी नामकरण गरे। दुबैजना मिली महाप्रभुको जन्मथलोमा भारी ठूलो यज्ञ सम्पन्न पारी स्वर्गद्वारीतर्फ लागेका हुन् तापनि महाप्रभु स्वर्गद्वारी पुगेको र त्यहाँ यज्ञ प्रारम्भ गरेको वर्ष विषयमा विभिन्नता पाइन्छ। कारण, महाप्रभुको समाधिअगिल्तिर रहेको पाटीमा विक्रमको२१ सौं शताब्दीको पहिलो दशकको पूर्वार्द्धमा राखिएको ताम्रपत्रमा "...१९५४ सालमा श्री स्वर्गंद्वारी पुरीमा आई श्री अखण्ड यज्ञ आरम्भ गरिबक्सेको..." भन्ने व्यहोरा उत्कीर्ण छ। होम कुण्डभित्र पश्चिमपट्टिको भित्तामा २०१३ साल वैशाख सुदी ३ रोज १ को अभिलेख कुँदिएको सिंहमर्मरमा भने "... सं. १९५२ सालमा प्यूठान श्री स्वर्गद्वारीकामा आई सर्वजन कल्याणकारी अखण्ड यज्ञ पाठशाला आरम्भ गरिबक्सेको...." भन्ने समेत अंकित गरिएको पाइन्छ। त्यस्तै स्वर्गद्वारी महाप्रभुबारे बढी जानकारी राख्ने पं. मजगैंयाको भूमिका लेखाइमा[१५] "स्वर्गद्वारीमा १९५१ सालमा अखण्ड यज्ञ आरम्भ गरी.." भन्ने परेको छ। जे भए तापनि महाप्रभुले यज्ञ आचार्यको रूपमा स्थापना गरेको टीकाराम गौतमले[१६] मन्त्रद्वारा प्रज्वलित पारेको अग्निबाट शुभारम्भ गरिएको यज्ञको कारणले नै स्वर्गद्वारीको प्रतिष्ठा दिन प्रतिदिन चूलिंदै गएको हो। परिणामतः प्रभुद्वारा खरीद गरिएको जमीन, श्री ३ हरूबाट प्राप्त पहाडका विर्ता र दाँग देउखुरीका विर्ता मौजाहरू[१७] धेरै हुँदै जाँदा तिनीहरूबाट प्रशस्त आम्दानी हुन थाल्यो र आजपर्यन्त त्यही आर्जनबाट स्वर्गद्वारीमा अखण्ड यज्ञ संचालन भैरहेको छ।

जोसमनी मतमा दीक्षित भएपछि महाप्रभुको बाल्यावस्थादेखिको कुष्ठरोग निको भएको बयान श्री जनकलाल शर्माको पुस्तकमा[१८] समावेश छ भने स्वर्गद्वारी आएपछि मात्र कुष्ठरोग निवारण भएको बेहोरा श्री गणेशमान गुरुङको लेखमा[१९] प्रस्तुत भएको तथ्यलाई अलि विस्तारपूर्ण विवरणको रूपमा पेश गर्न खोज्दा महाप्रभु "कुष्ठरोगले पीडित हुँदा त्यस बेलाको सामाजिक चलन अनुसार कुष्ठरोगीले घरमा बस्न नहुने भएकोले घरबाट निस्की, वनमा पसी आफ्नो समय तपस्यामा बिताउन लागे। स्वर्गद्वारीको लेकमा गाईहरू पालेर, जप, तप, होमादि

१५. पं. रामप्रसाद उपाध्याय मजगैंया– ऐजन; पृष्ठ ३
१६. " " " "– ऐजन; पृष्ठ ३७.
१७. स्वर्गद्वारी महाप्रभुको समाधि अघिल्तिरको पाटीमा रहेको ताम्रपत्र
१८. जनकलाल शर्मा– ऐजन; पृष्ठ १३२
१९. गणेशमान गुरुङ– ऐजन; पृष्ठ ७१

कार्यद्वारा पुण्य संचय गरिरहे। कालान्तरमा राम्रो हावापानी र आचरणको प्रभावले उनको रोग पनि निको भयो"[२०] भन्ने जानकारी प्राप्त हुन्छ। साथै श्री एच. के. उपाध्यायका अनुसार "शायद कुष्ठरोगको कारण विकलाँग (हात, गोडा) भइकन पनि प्रभु सामान्य व्यक्तिभन्दा छिटो र बढी हिंड्न सक्ने र हातको सम्पूर्ण कार्य पनि सजिलैले गर्न सक्ने प्रत्यक्षदर्शीको भनाइलाई समेत पेश गरिएको भए उहाँको असाधारण शक्तिको अर्को प्रामाणिक नमूना हुन्थ्यो"।[२१] "स्वर्गद्वारी महाप्रभु चरित्रम्" मा प्रभुको शारीरिक अवयव र वस्त्रको वर्णन गर्दा सुगाको जस्तो नाक भएका, गेरुवा धोती लपेटी, ओढी बस्ने र शिरमा साफा लगाउने आवाल ब्रह्मचारी महाप्रभुको रोगबारे जिकिर गरेको पाइन्न तथापि भ्रमणको बखत भेट भएका एकजना भक्तका अनुसार कुष्ठरोगले गर्दा उनी अपाँग थिए।

गौ, ब्राह्मण र साधुको सेवामा तल्लीन भई वेद, विद्या र योगमा अटल आस्था राखी विश्व कल्याणार्थ अहर्निश अग्निकुण्ड र स्वर्गद्वारीको शान्त तपोभूमिमा स्वाहा स्वाहाको पवित्र ध्वनि गुञ्जायमान गराउने सिद्ध योगी महाप्रभुलाई आफ्नो अन्तिम दिन नजीक आएको थाहा हुनुमा कुनै आश्चर्य थिएन। मंसीर महीनाको चौथीको दिन चोला बदल्ने निश्चय गरी महाप्रभुले हुलाकद्वारा काठमाडौंमा एक रजिष्टरी पठाएको परिचर्चा त्यतातिर प्रचलित छ र त्यही व्यहोरा कोठारी महाराजसँग रहेको कापी र "श्री स्वर्गद्वारी महाप्रभु चरित्रम्" को अन्तिम लीला शीर्षक अध्यायमा[२२] पद्यबद्ध रूपमा वर्णन गरिएको छ। त्यसो हुँदाहुँदै पनि महाप्रभुले देहत्याग गरेको तिथि, मिति, कत्ति पनि मेल नखाने गरी फरक फरक पारी प्रस्तुत गरिएको पाइन्छ। अब उदाहरणको रूपमा ती अशुद्ध तिथि मितिहरू एक एक गरी यहाँ प्रस्तुत गरिन्छः– वि.सं. मार्ग १४ गते १९९७ साल[२३], मार्ग ४ गते १९९७ साल[२४], १९९८ साल[२५] र विक्रम सम्वत् १९९८ साल मार्ग महीना[२६]।

---

२०. जाँचबुझ केन्द्र, राजदरबार, प्रकाशक श्री ५ को सरकार, सूचना विभाग- ऐजन; पृष्ठ १४८

२१. एच. के. उपाध्याय– ऐजन; पृष्ठ ११३-४

२२. पं. रामप्रसाद उपाध्याय मजगैञा– ऐजन; पृष्ठ ७४ र ७६.

२३. गणेशमान गुरुङ्ग– ऐजन; पृष्ठ ७२

२४. एच. के. उपाध्याय–ऐजन; पृष्ठ ११३-४

२५. सं. कमल दीक्षित–"बुइगल"; ऐजन; पृष्ठ ३९२

२६. जनकलाल शर्मा–ऐजन; पृष्ठ १३२

दिसा पिसाब बन्द भई वि. सं. १९९७ साल मार्ग सुदी ४ का दिन महासमाधि लिएका महाप्रभुले ३ पटक शिवोऽम् भन्दै अन्तिम श्वास फेरेपछि कुटीबाट एक दिव्य तेजपुन्ज हिमालयतर्फ गएको[२७] देख्नेहरू स्वर्गद्वारी भेगमा अद्यापि छन्। माथि चर्चित सिंहमर्मरमा कुंदिएको अभिलेख र ताम्रपत्रमा १९९७ साल मार्ग सुदी ४ लाई नै महाप्रभुले कलेवर बदलेको वर्ष, महीना र तिथिको रूपमा व्यवहृत गरिएको देखेको हुनाले नै त्यसैलाई यहाँ आधार मानिएको हो। एक पुरानो पात्रो[२८] हेर्दा १९९७ साल मार्ग शुक्ल ४ चाहिं वि. सं. १९९७ साल मार्ग १८ गते मङ्गलवार तद्नुसार सन् १९४० दिसेम्वर ३ तारीखमा परेको देखियो। तर त्यस दिन ६ बजेर ४८ मिनेट जाँदा सूर्योदय भएको र ६ घडी ५० पलासम्म मात्र चौथी तदुपरान्त पञ्चमी तिथि परेको हुँदा निश्चित मिति एवं समय पत्ता लगाउने प्रयासको सन्दर्भमा त्यस भेकको भ्रमणमा जानु भएका हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक श्री रामनारायण रन्जितलाई स्वर्गव्दारी आश्रममा केही सोधपूछ गर्न आग्रह गरेको थिएँ। फलस्वरूप महाप्रभुका शिष्य श्री केशवानन्द गिरीका अनुसार वि. सं. १९९७ मार्ग १७ गते सोमवार सूर्यास्तपछि लगभग ५ घडी जाँदा अर्थात् रातको करीव ७ बजेतिर महाप्रभु स्वर्ग भएको थियो भन्ने जानकारी श्री रन्जितबाट मलाई मिलेको थियो। मार्ग १७ गते पूर्वाह्न १०.०४ बजेपछि चौथी नै पर्ने हुँदा प्रातः स्मरणीय वालातपसी स्वर्गद्वारी महाप्रभुले पूर्व निश्चित तिथिमै महासमाधि लिएको प्रतीत हुन्छ।

(मधुपर्क– २०३८ पुस र मधुपर्क– २०३९ जेठ)

---

२७. पं. रामप्रसाद मजगैञा– ऐजन; पृष्ठ ८१

२८. ज्यो. पं. तोयनाथ पन्तको १९९७ सालको पात्रो; पृष्ठ २५



धनकुटा बजार र निशानस्थान भगवती

देश दर्शन गर्ने प्रबल इच्छा हुँदाहुँदै पनि राणाकालीन नेपालको एक प्रसिद्ध गौंडा, अञ्चल एवं जिल्ला विभाजनको समयदेखि एक जिल्लाको सदरमुकाम र क्षेत्रीय विकासको प्रादुर्भावपछि पूर्वाञ्चल क्षेत्रीय विकास केन्द्रको रूपमा रहेको धनकुटाको भ्रमण २०३३ सालको मंसीरभन्दा अगाडि गर्न पाएको थिइन। त्यसैले धनकुटा लगायत कोशी अञ्चलका सम्पूर्ण जिल्लाका सदरमुकामहरू घुम्ने सन्दर्भमा राजधानी छोडेको भोलिपल्ट बिहान सबेरै धरान बजारबाट फुस्रे र सर्दुखोला हुँदै उँभो लाग्दा च्यूरीवास र त्यसपछि साँगुरी भन्ज्याङ पुग्यौं। सुनसरी र धनकुटा जिल्लाको दोसाँधमा रहेको उक्त भन्ज्याङसम्म उकालै उकालो र त्यहाँबाट ओरालो झर्दै धारापानी र लेउती खोला भएर मूलघाट नजीक आइपुग्दा कोशीको दर्शन पायौं। तमोर कोशीमाथि हालिएको नहल्लिने झोलुङ्गे पुल १०।१० पैसा कर तिरी तर्‍यौं। धनकुटा कति टाढा छ र बाटो कस्तो छ भन्ने प्रश्नको उत्तरमा धनकुटा

बजार नपुगेसम्म उकालै उकालो हिड्नुपर्ने जानकारी पाएकोले थकित भए पनि मूलघाटमा धेरै अलमल गरेनौं। ठाउँ ठाउँमा अलि अलि आराम लिंदै रमिते चौतारा पुगेपछि दृश्यावलोकन, शीतल हावा, पेय पदार्थको प्रचुरता आदि त्यहाँको रमाइलो वातावरणले हामीलाई आकृष्ट तुल्यायो र फलतः त्यो ठाउँ हाम्रो लामो विसौनीको रूपमा परिणत भयो। गन्तव्य स्थानमा पुग्न गरिएको अन्तिम चढाइको हाम्रो अर्को महत्त्वपूर्ण बिसौनी घुमाउने चौतारालाई बनाई हामी साँझपख जिल्लाको सदरमुकाम सुन्दर धनकुटा बजार पुग्दा त्यहाँ विकास एवं निर्माणमा तीव्रता आइरहेको देख्यौं। ठाडो वजार बीचको बाटो बनाउने काम धमाधम सम्पन्न भरहेको दृश्य त बास बस्नुअगाडि नै प्रष्ट भै सकेको थियो।

धनकुटाको केही विस्तृत जानकारी लिने प्रयासमा पुगेको दोस्रो दिन विहानदेखि ठाडो पहाडी बजारको तलमाथि गरेको, चुलीवन गएको, क्याम्पसको बाटो भई सल्लेरीको वन घुमेको, तल्लो कोप्चे, माथिल्लो कोप्चे, टुंडिखेल, दरबार आदि अवलोकन गरेको, मार्गा, गोकुण्डेश्वर र निशानस्थान आदि देवदेवीहरूको थलामा पुगेको, नवयुवक पथप्रदर्शकले नगर विकासको गुरुयोजना मुताविक निर्माण हुने क्षेत्रहरू देखाएको र बुढापाकाहरूबाट ऐतिहासिक तथ्य एवं किंवदन्तीहरू सुनेको फलस्वरूप केही हदतक ज्ञान हासिल भएको महसूस गऱ्यौं। दुई थुम्काको तल रहेको कागते पोखरीको दृश्य देखेर कुनै कल्पनाका धनीले धनकुटाको नामकरण गरेको चर्चा "मेचीदेखि महाकाली" भाग १ को आधार लिई गर्दा पहिले पहिले घरैपिच्छे धान कुट्ने चलन भएको, ऐतिहासिक कालदेखि व्यापारिक महत्त्वको स्थान हुनाले सबै घरहरू नै धनकुटी सरह भएको, बजारको नजीकैको चुलीवनको जङ्गलमा वि. सं. १९९७ सालसम्म ढुङ्गाकै ठूलो ओखल र ढुङ्गाकै मुसल देख्नेहरू भएको र तिनै प्राचीनकालीन वस्तुहरूको माध्यमद्वारा धान कुट्ने हुँदा धनकुटा भनी सम्बोधन गरिएको भन्ने जनश्रुति समेत सुनें। धनकुटा बजारको मूलबाटोका दायाँ बाँयास्थित प्रत्येक घरको आँगन र पेटी हरेक बिहान रातो माटोले लिपपोत गर्ने र लिपपोतको सन्दर्भमा मूल ढोकाको अगाडिपट्टिको एक अंश पूर्णतया गोवरले लिप्ने त्यहाँको चलन सफाइ, कलात्मकता एवं लक्ष्मी आमन्त्रणको द्योतक झैं लाग्यो। चुलीवनबाट देखिने धनकुटा बजारको दृश्य अति सुन्दर लागेको र मुख्यतः बजारको सिह्रानमा अवस्थित सल्लेरीको सघन वन सुनमा सुगन्धझैं प्रतीत भएको थियो।

घुम्ने सिलसिलामा ठाडो बजारको चोकबाट तल झर्दा पुछारसम्म नपुग्दै बाटोको पूर्वतिर अवस्थित निशानस्थान भगवतीको दर्शन गऱ्यौं। आजको धनकुटा

बजारमा सबभन्दा सुविख्यात एवं प्रातः स्मरणीय धार्मिक स्थल यही नै हो जस्तो लाग्यो। यिनी यहाँका आदिवासीहरूको इष्टदेवी होइनन् र साथै मन्दिर, मूर्ति, शिलापत्र आदिबाट पनि त्यस थलोको महत्ता बढेको होइन। कारण, तिनीहरूमा एकजात पनि प्राचीनताको आभास मिल्दैन। बरु आसपासको वातावरणले चाहिं आधुनिक नेपालको सेना एवं प्रहरीसंग सम्बन्धित भएको तथ्यलाई प्रकाश पार्छ। हुनपनि देशको प्रतिरक्षा, सैनिक इतिहास एवं जीवनमा निशानको ठूलोभन्दा ठूलो स्थान रहन्छ र निशानकै आड भरोसामा रणभूमिमा सैनिकहरू अग्रसर हुन्छन्, शत्रुहरूलाई परास्त गर्छन् र विजय हासिल गरी आफ्नो मातृभूमिको कीर्तिपताका एवं निशान फरफराउँछन्। त्यसैले हाम्रो देशमा निशानलाई देवदेवी मानी श्रद्धा एवं सम्मानका साथ पर्व विशेषमा पुज्ने चलन सबैलाई विदितै छ। तर सरकारी स्तरको अतिरिक्त सर्वसाधारण जनताले समेत अधिष्ठात्री देवीको रूपमा निशानलाई दिनहुँ पूजा अर्चना गरी मान्ने गरेको चलनचाहिं मैले धनकुटामै अनुभव गरें। जनजिब्रो अनुसार धनकुटाको कोत थलामा हाल एक पुरानो जंगी निशानको अतिरिक्त श्रीजंग र इन्द्रध्वज कम्पनीका निशानहरू विद्यमान छन्। उत्तरतिर उक्त पुरानो निशानको साथ विराजमान श्रीजंगका र दक्षिणतिरको इन्द्रध्वजका निशान हुन्, इन्द्रध्वजको निशान वि. सं. १९९० सालमा पाल्पाबाट ल्याइएको र श्रीजंग कम्पनी ताप्लेजुङ्ग सरेको भए तापनि धनकुटावासीहरूको श्रद्धा एवं विश्वासको कारण र अनिष्ट हुने भयले गर्दा निशानचाहिं धनकुटामै राखिएको भन्ने छ।

काठमाडौं उपत्यकाका निवासीहरूको लागि पशुपति र गुह्येश्वरी जत्तिकै धनकुटावासीहरूको निमित्त निशानस्थान पूजनीय छ। धनकुटाको अधिष्ठात्री देवी हुँदा निशानलाई दिनहुँ विधिपूर्वक जागा, सुकला गराउने र पूजार्चन गर्ने चलन छ। यो धार्मिक स्थल र श्रीजंग कम्पनीलाई स्थानीय प्रशासनद्वारा कत्रो महत्त्वपूर्ण सम्मान गरिएको थियो भन्ने कुरा राणाकालीन धनकुटा गौंडाबाट चलान भएका कागजपत्रहरूमा लगाइएका श्रीजंग भन्ने छापबाट समेत थाहा हुन्छ। आधुनिक औषध विज्ञानको प्रचार राम्ररी भै नसकेको जमानामा माई र हैजा फैलिएका बखत जनताहरूको अनुरोधमा त्यहाँ निशानलाई बजार घुमाउने चलन थियो। श्रद्धापूर्वक गरिएको पूजाको फलस्वरूप प्रकोपहरू शान्त भएकोमा इतिहास साक्षी छ भन्नेहरू पनि छन्। निशान बजारमा घुमाउँदा सम्पूर्ण धनकुटा-वासीहरूले विशेष रूपमा पूजा गर्ने र नारीहरूले भने स्पर्श नगरी भक्तिभावले टाढैबाट पूजा गर्ने गर्दथे तथा रजस्वला नभएका केटीहरू निशानस्थानभित्र प्रवेश

गर्नं हुने भए तापनि जाने गरेको थाहा नपाइएको भन्ने कुरा स्थानीय बूढापाका-हरूसित भएको छलफलको सिलसिलामा अवगत भयो । त्यस्तै १९९० सालको महाभूकम्पभन्दा एक दिनअगाडि कवाजको बखत टुंडिखेलमा राम्ररी ठड्याइएको श्रीजंगको निशान राष्ट्रिय विपत्तिको सूचक स्वरूप सुकला भएको तथ्य कतिपय बूढापाकाहरूको मनमा अझै ताजा छ ।

निशानस्थानको चोकभित्र रहेको मसला बोटको फेद वरिपरि बनाइएको चौताराको चारै दिशामा १।१ गरी ४ वटा शिलापत्रहरू छन् । तिनीहरूमध्ये पूर्व, पश्चिम, उत्तर र दक्षिण मोहडा हुने गरी ठड्याइएका शिलापत्रहरू कालक्रमानुसार पहिला, दोश्रा, तेश्रा र चौथा हुन् । पहिला र दोश्रामा संस्कृतको तल नेपाली खण्ड पनि छन् । दुवै शिलापत्रमा परेका १ र २ अंक क्रमशः 'श्री ५ लक्ष्मीनारायण देवता' र "श्री ५ मन्महाराजा राजेन्द्रवीरविक्रम शाह" को लागि प्रयोग गरिएका हुन् । यी दुई शिलापत्रहरूबाट केही ऐतिहासिक तथ्यहरू समेत पत्ता लाग्न सकिने हुँदा नेपाली खण्डहरू मात्र यहाँ क्रमशः उतारी निशानस्थानसम्बन्धी चर्चा टुंग्याउन चाहन्छु:–

क) "स्वस्तिश्री साके १७४४ श्री संवत् १८७९ साल मिति आसार सुदि १० रोज ६ महा १ का जय निमित्त मंत्रीवर श्री काजी जसपाव थापाले बनाएको कोत थालामा २ को नाल निशान षर्षजाना लोक लस्कर समेत सैन्यपतिको कोत थालाको सम्भार गरी सुखपूर्वक बसुन् जो यो कोत थालाको नास पलासपछि लाग्लान् तिनलाई पञ्च महापातक लाग्ला भूयात्:"

ख) "स्वस्तिश्री साके १७४५ श्री सम्वत् १८८० साल मिति आसार वदी १२ रोज ७ महा १ का प्रीति निमित्त मंत्रीवर श्री काजी यसपाउ थापाकि भार्या चित्ररेखा देवीले बनाएका धर्मशालामा पाँच जन भाई २ को र चित्ररेखा देवीको जय मनाई सुखपूर्वक बसुन् जो यो धर्मशालाका नास पलास पछि लाग्लान् तिनलाई पञ्च महापातक लाग्ला शुभम् भूयात्:"

(नेपाली संस्कृतिः विविध पक्ष–२०३८)



विशालबजारको गुह्येश्वरी

हिन्दू एवं बौद्धहरूले समान रूपले श्रद्धा र भक्तिपूर्वक पुज्दै आएकी नैरात्मा गुह्येश्वरीका स्थानहरू काठमाडौं उपत्यकाभित्र यत्रतत्र छरिएर रहेकाछन्। अलिकति चाख लिई हेर्दा ऊर्ध्व भागमा कलशको आकृति भएकी देवी गुह्येश्वरीको स्थल पहिल्याउन जो कसैलाई पनि गाह्रो पर्दैन। त्यसो भन्दैमा ती सबै देवस्थलहरूको लेखाजोखा गर्ने र जगन्माता गुह्यकालीको महात्म्यबारे चर्चा गर्न खोजिएको होइन। साथै यहाँ देवपत्तनको प्रसिद्ध पशुपति मन्दिरको इशान दिशा तथा पुण्य सलिला वाग्मतीको किनारमा अवस्थित विश्वविख्यात गुह्येश्वरी पीठको परिचय दिने प्रयास गरिएको पनि होइन। यहाँ त काठमाडौं नयाँसडकको विशालबजार अर्थात् श्री ३ जुद्धको सालिक नजिक रहेको मूल ढोकाबाट भित्र पस्नासाथ पूर्वपट्टि अलि होचो जग्गामा रहेकी जगदम्बा गुह्येश्वरीबारे संक्षिप्त विवरण पेश गर्ने जमर्को गरिएको छ।

विशालबजारको हाताभित्र पर्ने उक्त चर्चित ठाउँमा भवानी गुह्येश्वरीको भन्दा अष्टादशभूजा देवी महालक्ष्मीको ख्याति बढी छ। कारण, त्यस ठाउँलाई आसपासका मानिसहरू जनसेवा भगवती वा महालक्ष्मीस्थान भन्ने गर्दा रहेछन्। हुनपनि शिखर शैलीमा निर्मित त्यहाँको प्रख्यात मन्दिरको फेदमा दायाँ नृत्येश्वर शिव र बायाँ चतुर्मुख गणेशको बीच पर्ने गरी महिषासुरमर्दिनी महालक्ष्मीको रूप,

लावण्ययुक्त अत्यन्त सुन्दर मूर्ति बौद्ध देवता वज्रसत्व भएको तोरणमुन्तिर रहेको छ। त्यति मात्र नभई मन्दिरको इशानतर्फ स्थापित गंगा अवतरणको दृश्य समेत अङ्कित उमामहेश्वरको मूर्ति पछाडिपट्टिको इनारको नाम नै महालक्ष्मी कुण्ड राखिएको र उभिरहेका अष्टमातृका (वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा, महालक्ष्मी, ब्रह्मायणी, रुद्रायणी र कौमारी) का शिलामूर्तिहरुद्वारा प्रदक्षिणा गरिएको दक्षिणाभिमुख अष्टभूज भैरवको भावपूर्ण पाषाण मूर्ति सम्मुख उत्तराभि-मुख देवी महालक्ष्मीकै मूर्ति रहेको छ। यिनै मातृकागण सहितका भैरवसंगै इशान कोणमा तथा महालक्ष्मी मन्दिरको वायव्य कोणमा विभिन्न दृष्टिले अनुपम ठहरिने महामाया गुह्येश्वरीको स्थान रहेको र बराबर दर्शनको वखत देखेको आधारमा अब यहाँ तिनै महाशक्तिको विषयमा मात्र विवेचना गरिन्छ।

विशालबजारकी मल्लकालीन गुह्येश्वरी त्यहाँका अन्य देवदेवीहरू सरह पूर्ण रूपले प्रस्तर निर्मित छ र निर्माण कालमा विभिन्न सांकेतिक एवं कलात्मक वस्तुहरू समावेश गरिएको हुँदा मूल कलश जमीनको सतहबाट करीब ६० सेण्टिमिटर अग्लो देखिन्छ। सरसरति हेर्दा जमीनदेखि कलशसम्मको भागलाई जम्मा ३ खण्डमा विभाजन गर्दा विस्तारको क्रमबद्धता मिलाउन सजिलो हुने हुँदा यहाँ त्यही पद्धति अपनाउने प्रयास गरिन्छ।

सबभन्दा तल लगभग १८ सेण्टिमीटर उन्चो र ३४५ सेण्टिमीटर परिधि भएको मण्डपको तल्लो भागको चारैतिर भित्तामा पृथ्वी वा समुद्रभित्र रहेको अग्नि तत्वको संकेत स्वरूप आगाका लप्काहरू उत्कीर्ण गरिएका छन्। तिनीहरूको ठीक माथि जल तत्वको प्रतिनिधित्व गर्ने गरी लम्ब एवं अनुप्रस्थ ढङ्गका पानीका लहरहरू जस्ता रेखाहरू अङ्कित छन् र तिनै जलखण्डमा २ पक्षी चित्रण गरिएबाट संसार सागरमा २ जीवात्माको रूपमा अर्थ लगाउन सकिने देखिन्छ। जल खण्डभन्दा माथि मण्डपको वरिपरि आर्य संस्कृतिमा अति महत्वपूर्ण स्थान ओगटेका १०८ जस्तो पवित्र संख्यामा ज्ञानको प्रतीक रूपमा ग्रहण गरिने नरमुण्डको प्रयोग पनि कम अर्थपूर्ण मान्न सकिन्न। चर्चित तल्लो मण्डपको माथिल्लो भागको किनारमा शिव स्वरूप रहेका स-साना ५० शिवलिङ्ग उत्तराभिमुख जलहरी अर्थात् योनी संयुक्त छन् भने शक्ति स्वरूपिणी पचासै यन्त्रको सबभन्दा बाह्य भागमा यन्त्रराजमा जस्तो चतुर्द्वारहरू दर्शाइएका छन्। चतुर्द्वारहरूभित्र कुनैमा १२, कुनैमा १० त कुनैमा ८ पद्मदल र तिनीहरूको भित्र क्रमशः अष्टकोण, षट्कोण र वृत्त रहेका छन्। तिनै अष्टकोण वा षट्कोण वा वृत्तमाथि अङ्कन गरिएका बिन्दुयुक्त ५० त्रिकोण नै मूलतः शक्तिका द्योतक हुन्। यसबाट स्वस्थानीमा वर्णित र शाक्त

सम्प्रदायमा अति पवित्र धार्मिक स्थलको रूपमा लिइने पीठ उत्पत्ति उपरान्त शिवशक्ति स्वरूपले रहेको लक्षणमा ५० शिव र ५० शक्ति चित्रण गरिएको स्पष्ट हुन्छ । त्यसको अतिरिक्त नेपाल महापीठ गुह्येश्वरी अन्य ५० पीठद्वारा परिवेष्टित देखाइबाट 'तन्त्रसार' नामक ग्रन्थमा उल्लिखित ५१ पीठ समेत यहीं समागम गरिएको संकेत मिल्छ ।

तल्लो मण्डपको माथि करीब ९ सेण्टिमीटर अग्लो एक अर्को वृत्ताकार मण्डप रहेको छ । मध्यवर्त्ती यो मण्डप पूर्णतः फक्रेको कमलमा केशरहरू समेत देखिने शैलीमा छ र यसको परिधि अन्दाजी २२१ सेण्टिमीटर रहेको छ । वृत्तको चारैतिर कमलको पटलरूपी ५४ खण्डमा स-साना ५४ देव-देवीहरू कलात्मक ढङ्गमा कुंदिएका छन् । पवित्र १०८ को आधी र अङ्कमा परमात्मा स्वरूप ग्रहण गरिने ९ बाट निशेष भाज्य र योगमा ९ नै हुने ५४ को महिमा हाम्रो धर्म एवं संस्कृतिमा उच्च भएकोले नै त्यसको उपयोग गरिएको हुनुपर्छ । यस मण्डपको माथिल्लो खुल्ला भागमा रहेका ठूलठूला १४ कोणका र तीमाथि रहेका ९ कोणका केवल बाह्य खण्ड मात्र देखाइएका छन् र तिनै दृष्टिगोचर भएका अंशले श्री यन्त्रमा रहने बाह्य कोणको संख्या र यन्त्रराजको निर्माणमा प्रयुक्त गरिने त्रिकोणको संख्यालाई त कहीं इङ्गित गरेका छैनन् भन्ने मनमा लाग्छ ।

माथि उल्लिखित कोणहरूको मध्य भागलाई आसनको रूपमा प्रयोग गरेर स्थापित करीब १० सेण्टिमीटर अग्लो वर्गाकार मण्डप नै सबभन्दा शीर्षस्थ मण्डप हो र उक्त मण्डपको माथिल्लो भाग खनी, खोपी अलि गहिरो कुण्ड बनाइएको र कुण्डको वरिपरि अष्ट मङ्गल, अष्ट मातृका, अष्ट भैरव तथा सृष्टिको प्रतीकको रूपमा कमलका ८ वटा ठूला-ठूला दल राम्ररी निर्माण गरिएका छन् । त्यही कुण्डमाथि सदैव राखिछाडने विभिन्न बुट्टायुक्त अन्दाजी १९ सेण्टिमीटर अग्लो प्राचीन प्रस्तर कलशको शीर्ष भागमा वृत्त संयुक्त त्रिकोण अङ्कन गरिएको अद्यापि खिइएर मेटिई सकेको छैन ।

यिनै सब विवरणहरूको आधारमा आफ्नै समष्टि रूपकी तुलजा भवानीको क्षेत्रभित्र अर्थात् भण्डारखालभित्र रही वि. सं. १९९० सालको महाभूकम्पपछि जुद्धसडक (हाल शुक्रपथ) को निर्माणको फलस्वरूप पुरानो राजप्रासाद हनुमान-ढोकाको हाताभन्दा बाहिर पर्न आएकी जगज्जननी देवी गुह्येश्वरीको दर्शन मात्रले पनि सम्पूर्ण पीठ एवं देव देवीहरूको दर्शन भई मनुष्यजन्य पाप पखालिने र धर्म, अर्थ, काम तथा मोक्ष प्राप्त हुने तथ्य प्रतीत हुन्छ ।

(झंकार – २०३९ साउन)



दश महाविद्या – केही चर्चा

"एकोऽहं बहुस्याम्" सिद्धान्तमा सृष्टि अडेको छ । यसबाट सृष्टिको मूल कारण नै आद्या शक्ति भन्ने थाहा हुन्छ । तिनैं शक्तिलाई माया, महामाया, मूल प्रकृति, आदिशक्ति, पराशक्ति, कुण्डलिनी, महेश्वरी, विद्या, परमेश्वरी, जगज्जननी आदि अनेकानेक पर्यायवाची शब्दहरूद्वारा पुकारिन्छ ।

शक्ति ब्रह्मबाट अभिन्न छिन् र ब्रह्मको सक्रिय अवस्थालाई नै शक्ति भनिन्छ । तिनी सर्वात्मिना एवं सर्वव्यापी छिन् । शक्तिले नै विश्वको सिर्जना, पालना एवं संहार गर्ने गर्छिन्। अतः चराचर विश्व ब्रह्माण्ड शक्तिकै अन्तर्गत पर्छ। संसार संचालनको हेतु आफ्नो पति आदिनाथ शिवको उत्पत्ति समेत शक्तिले आफ्नै मनद्वारा गरेकी भनिन्छ।[१] यस अर्थमा शक्ति शिवभन्दा पनि आदि हुन् र उच्च छिन् । तिनी नै शिवकी जननी हुन् । साथै शक्तिविनाको शिव शव समान हुन्छ ।

मूलतः शक्तिका परा र अपरा २ भेद छन् । विद्यालाई सर्वत्र शक्ति भन्ने गरेको छ भने संसारका सम्पूर्ण विद्यालाई शक्तिकै विभिन्न विभेदको रूपमा लिने गरिआएको छ । जुन विद्याले आदि, अन्त्य रहित सर्व चैतन्य स्वरूप ब्रह्म विद्यारूपी

---

१. डा. श्री विनयतोष भट्टाचार्य, एम. ए., पी. एच. डी.– "शक्तिका स्वरूप"; कल्याण; शक्ति-अङ्क, श्रावण-भाद्रपद १९९१; भाग ९, अङ्क १–२; पृष्ठ २६१

आदिशक्तिको दर्शन आत्मामा गराउँछ, जसद्वारा अविनाशी ब्रह्मको ज्ञान हुन्छ र जसले ब्रह्मसंग सम्बन्ध कायम गराउँछ, त्यसलाई नै पराशक्ति वा पराविद्या भन्ने गरिन्छ। अर्को शब्दमा भन्ने हो भने आत्म ज्ञानयुक्त, अमृततुल्य एवं मोक्ष दिलाउन समर्थ सूक्ष्म तथा आधिदैविक त्यो विद्या नै पराविद्या र महाविद्या हो। त्यसको विपरीत ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद आदि अन्यान्य अध्ययनले र सूर्य, चन्द्र, पृथ्वी, ग्रह, नक्षत्र, जल, अग्नि, वायु, आकाश, अन्तरिक्ष, कीटपतंग, पशुपक्षी, वनस्पति, मनुष्य आदि विषयक सामान्य एवं पदार्थ ज्ञानले यस मायावी संसारको केवल स्थूल ज्ञान मात्र उपलब्ध गराउँछ। तर जीवन मरणको भवचक्रबाट पार लगाउन सक्तैन। त्यसैले त्यस्ता विद्यालाई अपरा विद्या भनिन्छ।

अब हामी यहाँ १० महाविद्याको केही चर्चा गर्ने प्रयासतर्फ लागौं। मनीषिहरूले १ दिनको अर्थात् २४ घण्टाको अवधिलाई भिन्न भिन्न भागमा बाँडेका छन् र साथै जीवनको १० अवस्थालाई स्वीकारेर विश्वविद्यालाई १० भागमा विभक्त गरेका छन्। सृष्टि विद्यारूपी तिनै १० शक्ति १० महाविद्या–काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बग्लामुखी, मातङ्गी र कमला– को नाउँले आध्यात्मिक जगत्मा प्रख्यात छन्। भरखरै उल्लेख गरिएुं अनुसार ती शक्तिहरू अन्य विद्याको तुलनामा निश्चय नै महाविद्या हुन् तथापि तारतम्य भेदले गर्दा कुनैलाई महाविद्या त कुनैलाई सिद्धविद्या र फेरि कुनैलाई श्रीविद्या त कुनैलाई विद्या मात्र भन्ने गरिएको पनि पाइन्छ। एक लेखमा[२] प्रस्तुत तालिका अनुसार महाकालीलाई महाविद्या, तारालाई श्रीविद्या, षोडशी, भुवनेश्वरी, भैरवी तथा बग्लामुखीलाई सिद्धविद्या र छिन्नमस्ता, धूमावती, मातङ्गी तथा कमलालाई विद्या भनी उल्लिखित भएको हुँदा सोही बमोजिम यहाँ उद्धृत गरिएको छ। नामान्तरको दृष्टिले हेर्दा कालीलाई महाकाली तथा दक्षिणकालीको संज्ञाबाट सम्बोधन गरिएको पाइन्छ भने तारालाई उग्रतारा, भुवनेश्वरीलाई राजराजेश्वरी, छिन्नमस्तालाई प्रचण्ड चण्डिका तथा वज्र वैरोचनी, भैरवीलाई त्रिपुर भैरवी, धूमावतीलाई अलक्ष्मी, बग्लामुखीलाई बगलामुखी तथा पीताम्बरा र कमलालाई लक्ष्मी भनी चर्चा गरिएको देखिन्छ। षोडशी भने श्री विद्या, त्रिपुरासुन्दरी, महात्रिपुरासुन्दरी, पञ्चदशी, ललिता, बाला, कामेश्वरी, कामाक्षी, त्रिपुरा, त्रिपुराम्बा, पराम्बिका, सुन्दरी आदि नाउँद्वारा समेत विख्यात छिन्।

---

२. पं. श्री मोतीलालजीशर्मा गौड, सम्पादक "शतपथब्राह्मण"–"दश महाविद्या"; कल्याण; शक्ति–अङ्क; श्रावण-भाद्रपद– १९९१; भाग ९, अङ्क १–२; पृष्ठ ११२

एक आख्यान[३] अनुसार जब शिवले सतीलाई दक्ष यज्ञमा जान रोके भगवती सतीले सबभन्दा पहिले भयावह कालीमूर्ति र तदुपरान्त अन्य नौ मूर्तिहरू प्रकट गरेर आफ्नो शक्ति एवं प्रभाव प्रदर्शन गरेकी थिइन्। १०दिशाका प्रतिनिधि स्वरूप १० मूर्तिमा जुन भगवती आविर्भूत भएको हो तिनै १० महाविद्या हुन् भनिन्छ। तर स्व. धन शम्शेर ज. ब. रा. को भनाइमा[४] १० महाविद्याको अवतरण एकै समयमा नभई भिन्न भिन्न दिनमा भएको हुँदा तिनीहरूको जयन्ती फरक फरक तिथिमा परेका छन्। उदाहरणार्थ— काली भदौ वदी अष्टमीको आधारात, तारा चैत्र सुदी नवमी शनिवारको मध्यरात्रि, षोडशी माघ शुक्ल पूर्णेको प्रदोषकाल, भुवनेश्वरी भदौ सुदी द्वादशी आदित्यवार, भैरवी मंसीर शुक्ल पूर्णेको आधारात, छिन्नमस्ता वैशाख सुदी चतुर्दशीको आधारात, धूमावती जेष्ठ सुदी अष्टमी बुधवार, वगलामुखी वैशाख शुक्ल चतुर्थी शनिवार, मातङ्गी वैशाख सुदी तृतीया वृहस्पतिवार र कमला कार्तिक वदी औंसी सोमवार प्रदोषकालमा जन्मेका हुन्। फेरि, १० महाविद्यामध्ये पहिला ३ लाई सर्वप्रधान विद्या मानिन्छ। तिनै ३ विद्यावाट ९ विद्या र १ पूरक विद्या मिलाएर १० महाविद्या भएको पनि भनिन्छ[५]। "सर्वोपरि महाशक्ति" शीर्षक लेखमा[६] ललिताम्व (षोडशी) बाट नै १० महाविद्या प्रादुर्भाव भएको वताइएको छ। तिनै शक्ति देवीका दायाँ र बायाँ हातका नङ्बाट एक एक वैष्णव अवतार— मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बौद्ध र कलङ्की भएको हो भनिन्छ।

१० महाविद्याको दशावतारसंग के कस्तो सम्पर्क छ भन्ने विषयमा माथि उल्लिखित "सर्वोपरि महाशक्ति" शीर्षक लेखमा र "तन्त्र महाविज्ञान"[७] मा समान रूपले चर्चा गरिएको पाइन्छ। लेखक द्वयले कालीलाई कृष्ण, तारालाई

---

३. "नवदुर्गा और दश महाविद्याके ध्यान"; कल्याण; पूर्ववत्; पृष्ठ ६१६

४. ले. ज. श्री धनशम्शेर ज. ब. रा.– "प्रबुद्ध सनातन रहस्यम्"; सम्वत् २०२०; पृष्ठ २१४–२१९

५. पं. श्री नारायण शास्त्रीजी खिस्ते– "श्री विद्या"; कल्याण; पूर्ववत्; पृष्ठ ११३

६. तान्त्रिक पं. श्रीविदुरदत्तजी शर्मा चतुर्वेदी– "सर्वोपरि महाशक्ति"; कल्याण; पूर्ववत्; पृष्ठ ४३२

७. वेदमूर्ति तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्य– "तन्त्र महाविज्ञान"; द्वितीय खण्ड; द्वितीय संशोधित संस्करण; सन् १९७१; पृष्ठ ३९०

राम, षोडशीलाई परशुराम, भुवनेश्वरीलाई वामन, भैरवीलाई वराह, छिन्नमस्तालाई नृसिंह, धूमावतीलाई मत्स्य, मातङ्गीलाई कलङ्की, बगलामुखीलाई कूर्म र कमलालाई बौद्ध अवतारसंग सम्बन्ध स्थापित गरिराखेको पाइन्छ । तर "वृहत् पुरश्चर्यार्णव"[८] नामक ग्रन्थमा भने षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, मातङ्गी र कमलाको क्रमशः कलङ्की, वराह, नृसिंह, परशुराम, वामन, बौद्ध र मत्स्यावतारसंग सम्बन्ध देखाइएको र अरू ३ महाविद्याको हकमा मतान्तर नभएको पाइन्छ । मुण्डमाला तन्त्र नामक ग्रन्थमा चर्चा गरिए अनुसार दश महाविद्याका ११ भगवतीको र दशावतारका ११ भगवान्‌को बीच एकत्व भाव हुनुको कारण संभवतः आम्नायमा समानता रहनु नै हुनुपर्छ । अतः यहाँ तान्त्रिकोपासनादर्पण[९] र मन्त्र विद्या रहस्यम्[१०] नामक दुई ग्रन्थको आधार लिई दशै महाविद्याका आम्नाय भेदबारे वर्णन गरिन्छ । काली दक्षिणाम्नायकी देवी हुन् भने ताराको उपासना बौद्धमार्गीहरू अधराम्नायबाट, शैवहरू अधिक मात्रामा दक्षिणाम्नायबाट र कम मात्रामा उत्तराम्नायबाट गर्छन् । षोडशी ऊर्ध्वाम्नायिका, भुवनेश्वरी पूर्वाम्नायात्मिका र भैरवीचाहिं ऊर्ध्वाम्नायात्मिका, पूर्वम्नायात्मिका तथा पश्चिमाम्नायात्मिका हुन् । भैरवीको ऊर्ध्वाम्नाय मुख्य भए झैं छिन्नमस्ता उत्तराम्नाय प्रधान भगवती भए पनि दक्षिणाम्नाय र अधराम्नायबाट पनि तिनको आराधना गरिन्छ । धूमावती उत्तराम्नाय, बगला ऊर्ध्वाम्नाय तथा दक्षिणाम्नाय, मातङ्गी दक्षिणाम्नाय तथा पश्चिमाम्नाय र कमला पूर्वाम्नाय अन्तर्गतकी देवी हुन् ।

स्मरणीय छ, शक्ति भनेकी स्त्री हुन्, रात्रि हुन् । अतः ती विद्याहरू पनि महारात्रि, कालरात्रि, मोहरात्रि, दिव्यरात्रि आदि संज्ञाद्वारा परिचित छन् । "दश महाविद्या"[११] लेखमा संलग्न तालिकानुसार काली, तारा, षोडशी, भुवनेश्वरी,

---

८. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव–"वृहत् पुरश्चर्यार्णव" प्रथम भाग; ले. ज. धनशम्शेर ज. ब. रा. द्वारा संशोधित, परिवर्द्धित र प्रकाशित; वि. सं. २०२५; पृष्ठ २७

९. ले. ज. धनशम्शेर ज. ब. रा. – "श्री तान्त्रिकोपासनादर्पण", प्रथम खण्ड

१०. धनशम्शेर ज. ब. रा.– "मन्त्र विद्या रहस्यम्"; राजकीय प्रज्ञा प्रतिष्ठान; प्रथम संस्करण २०३४

११. पं. श्री मोतीलालजी शर्मा गौड, सम्पादक "शतपथ ब्राह्मण"– "दश महाविद्या"; कल्याण; पूर्ववत्

भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला क्रमशः महारात्रि, क्रोधरात्रि, दिव्यरात्रि, सिद्धरात्रि, कालरात्रि, वीररात्रि, दारुणरात्रि, वीररात्रि, मोहरात्रि र महारात्रि कहलिएका छन्। साथै "वृहत् पुरश्चर्यार्णव" अनुसार[12] ती शक्तिहरूका भैरवहरू क्रमागत रूपमा महाकाल, अक्षोभ्य, ललितेश्वर, महादेव, वटुक, विकराल, काल भैरव, मृत्युञ्जय, मतङ्ग वा सदाशिव र नारायण हुन्। तर "दशा महाविद्या" लेख र "तन्त्र महाविज्ञान" ग्रन्थमा उल्लेख भए अनुसार धूमावती विधवा छिन् तथा तिनको पुरुष छैन र अरू विद्याहरूका शिवको नाम निम्न बमोजिम छन्:– कालीको महाकाल, ताराको अक्षोभ्य, षोडशीको पञ्च वक्त्र या सूर्यशिव, भुवनेश्वरीको त्र्यम्बक, भैरवीको दक्षिणामूर्ति काल भैरव, छिन्नमस्ताको कबन्ध, मातङ्गीको मतङ्ग, बगलामुखीको एक वक्त्र महारुद्र र कमलाको सदाशिव श्रीविष्णु ।

भारतको प्रसिद्ध कामरूप पीठमा[13] संभवतः समस्त महाविद्या विद्यमान छन् तापनि १० महाविद्याका मूल थलो कहाँ कहाँ पर्छन् पत्ता लगाउन त्यति सरल छैन । नेपाल अधिराज्यमा चाहिं ललितपुर ज़िल्लाको नगर पञ्चायत क्षेत्रभित्रै ती देवीहरू विराजमान छन् र तिनीहरूका स्थानहरू निम्न बमोजिम छन्। काली रातो मच्छिन्द्रनाथको मन्दिर भएको तःबहालको पूर्व ढोका बाहिर रहेकी छिन् । एकथरीको भनाइ बमोजिम लगनखेलस्थित पोडेहरूको श्मशानसंगैकी दक्षिण-कालीलाई कालीको रूपमा लिने गरिन्छ तथापि सनातनदेखि ललितपुर निवासी-हरूले तःबहाल बाहिरकै कालीलाई प्रथम महाविद्या मानिआएका छन्। पुल्चोकको डाँडामाथि अवस्थित वज्रयोगिनीलाई तारा मान्ने चलन छ। षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी र मातङ्गीका स्थानहरू क्रमशः चक-बहिल, नकबहिल, बालखा, मोमदुगल्ली, धूम्बहाल, कुम्भेश्वरमा र भीमसेन-स्थानबाट उत्तर लाखेछेंअगाडि पर्छन् । कमलाको हकमा लगनखेलदेखि सिक-बहिलसम्म गएको बाटोको पूर्वपट्टि बस्नेले भंगीकी सिद्धिलक्ष्मी र पश्चिमपट्टिकाले पूर्णचण्डीलाई पुज्दै आएका छन् । साथै सूर्य, चन्द्र, मङ्गल, बुध, वृहस्पति, शुक्र, शनि, राहु, केतु र जन्मको दशा सम्बन्धमा क्रमशः षोडशी, कमला, भुवनेश्वरी, तारा, बगलामुखी, भैरवी, काली, धूमावती, छिन्नमस्ता र मातङ्गी महाविद्याको

---

१२. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव– "वृहत् पुरश्चर्यार्णव" प्रथम भाग; पूर्ववत्; पृष्ठ २०

१३. राधा कुमुद मुकर्जी,– "दि फण्डामेण्टल यूनिटी अफ् इण्डिया"; भारतीय विद्याभवन, बम्बई; सन् १९६०; पृष्ठ ४१

पूजा आराधना गर्दा अनुकूल प्रभाव पर्ने धारणा स्थानीय बासिन्दाहरू अर्थात् ललितपुर निवासीहरूमा अति प्रबल छ। हुन पनि "निगमागम वैज्ञानिकासार"[१४] नामक पुस्तकमा उल्लिखित एक मतानुसार काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला महाविद्याहरूलाई शनि, बुध, सूर्य, मङ्गल, शुक्र, राहु, केतु, वृहस्पति, मुन्थादि (गृह मातृका) र चन्द्र ग्रहका शक्तिस्वरूपा मानिएको पाइन्छ। तर 'निगमागम वैज्ञानिक सार' को एक अर्को ठाउँमा छिन्नमस्तासित केतुको सम्बन्ध दर्शाइएको तथ्य स्थानीय विश्वाससंग मिल्दोजुल्दो र बढी तर्कयुक्त जँच्तछ।

समष्टि रूपमा दशै महाविद्याको उपासना गर्दा वा आफ्नो कुनै एक उपास्य देवीको मात्र आराधना गरे पनि केही फरक नपर्ने अर्थात् आध्यात्मिक एवं भौतिक फल मिल्ने तथ्य शङ्का रहित छ। कारण, सबै महाविद्या समान छन्। तर माथि भनिए झैं फरक फरक दशामा फरक फरक महाविद्या स्मरण गरी पुज्ने चलन भए जस्तै भिन्न भिन्न महाविद्याको ध्यान, मन्त्र, तान्त्रिकोपासना आदिको प्रभावले इहलोकमा भिन्न भिन्न फल प्राप्त हुने बताइको छ।[१५] "जस्तै–दुष्ट संहारिका एवं भक्त रक्षिका कालीले ओज, तेज, पराक्रम, निर्भयता र अरू शक्ति प्रदान गर्छिन् भने सिद्धि तथा सफलता दात्रि ताराले शत्रुभय र जलभय दूर गराउँछिन्। षोडशीले अर्थ सङ्कटबाट मुक्त गराई श्री, समृद्धि, सम्मान र सफलता दिलाउँछिन् त भुवनेश्वरीको प्रभावले साधकलाई सम्मोहन, वशीकरण आदि तान्त्रिक कार्यमा निपुण तुल्याउँछ। त्रिपुर भैरवीको कृपाले रोग शान्ति, आर्थिक उन्नति, सर्वत्र विजय, सन्तान तथा सुखको प्राप्ति, सङ्कट निवारण र अरू सबै अभीष्टको पूर्ति हुने विश्वास गरिन्छ। त्यस्तै छिन्नमस्ता देवीको उपासनाले विद्या, धन, मानको प्राप्ति, शत्रुनाश, विघ्ननाश र सिद्धिलाभ हुन्छ। धूमावतीको ध्यान, स्तुति र मन्त्र जपले धन, परिवारको रक्षा र शत्रुउपर विजयको फल मिल्छ भने सङ्कट निवारण, समस्या समाधान, शत्रु पराभव तथा अथर्वा शक्तिको लागि लोक विख्यात बगलामुखीले स्मरणशक्ति, वाक्शक्ति, विद्या, ज्ञान, अर्थलाभ र विवाद विजयमा प्रभावकारी रूपमा साथ दिने बताइएको छ। मातङ्गीको दृष्टि स्वास्थ्य, सौन्दर्य,

---

१४. श्री धनशम्शेर ज. ब. रा.– "निगमागम वैज्ञानिकसार"; चतुर्थ पटल; पृष्ठ १९०

१५. आचार्य पं. शत्रुघ्नलाल शुक्ल– "रहस्यमयी गुप्त बिद्यायें– यन्त्र, मन्त्र, तन्त्र", जनवरी १९८३; पेज १५३–१५७

सुरक्षा, वैवाहिक सुख, गार्हस्थ्य वैभव, समृद्धि प्राप्तिमा सहायक सिद्ध हुन्छ भने लक्ष्मी वृद्धिको लागि कमलाको साधना प्रभावशाली रहने कुरामा सन्देह मानिन्न ।

यी भए इहलौकिक फलसम्बधी कुरा । मुख्यत: दश महाविद्याको उपासनाद्वारा मानिसको जीवत्व समाप्त भई ईश्वरत्व प्राप्त हुन्छ भन्ने धारणा नै सर्वव्यापी छ । अस्तु ।

(नेपाल–२०४० पुस)



देवी छिन्नमस्ताको टिकट निकाल्न खोज्दा

सन् १९८४ को फिलाटेलिक कार्यक्रम[1] मा देवी छिन्नमस्ताको हुलाक टिकट प्रकाशन समावेश गरिएको छ । यसबाट देशका समस्त शाक्तहरू हर्षित हुने र तिनीहरूको भावनामा अनुकूल प्रभाव पर्ने विश्वास सजिलैसित लिन सकिन्छ । कारण, छिन्नमस्ता शाक्त सम्प्रदायमा प्रख्यात दश महाविद्यामध्येकी एक हुन् र यस देवीको मूर्ति अत्यन्त कुतूहलमय एवम् अर्थपूर्ण मानिन्छ । दाहिने हातमा खड्ग वा कर्त्री र बायाँ हातमा आफ्नै शिर लिई विपरीत रतिक्रीडामा तल्लीन एक जोडीमाथि उभिएकी दिगम्बरा एवं लाल वर्णकी कवन्ध आफ्नो छिन्न घाँटीबाट निस्केका तीन धारा रगतमध्ये एकचाहिं भरखरै काटेको आफ्नो शिरलाई पियाइरहेकी मुद्रामा देवीको सजीव चित्रण गरिएको पाइन्छ । बाँकी दुई धारा देवीकै दायाँ र बायाँ नाङ्गै खडा भइरहेकी षोडश वर्षीया वर्णिनी र डाकिनीका मुखमा अविरल परिरहेका देखिन्छन् ।

---

१) "फिलाटेलिक कार्यक्रम"; हुलाक (चौमासिक सङ्कलन); वर्ष २१, पूर्णाङ्क १०४; २०४०।१।१४; पृष्ठ ३५

माथि उल्लिखित मुद्राकै आधारमा देवी छिन्नमस्ताको विषयमा विभिन्न तर्कयुक्त विचार प्रस्तुत छन् तथापि सर्वप्रथम एक साधारण आख्यान[२] कै चर्चा गरौं। भनिन्छ, आफ्ना सखीहरूका साथ मन्दाकिनी नदीमा स्नान, विहार आदि गर्न जाँदा बालकहरूले आमालाई पिरोले झैं भोक लाग्यो, भोक लाग्यो भनी सखी जया र विजया कराउन थाल्दा देवीले आफ्नै शिर छेदन गरी रक्तपान गराएकी थिइन्। फेरि, कामाग्नी प्रबल हुँदा देवीको वर्ण लाल भएको[३], उक्त कामोवेग नियन्त्रण गर्न आफैले आफ्नो शिर काटेकी र काम-क्रीडारत स्त्री-पुरुषलाई टेकेकी हुँदा कामलाई वशमा पारी मुक्तिमार्गमा तीनै ग्रन्थी खोलेकी[४] लक्षणमा देवीको चित्रण भएको मान्नेहरू पनि छन्। साथै एक हातमा कर्त्री, अर्को हातमा त्रिनेत्रयुक्त शिर, नरमुण्डमाला, घाँटीमा नाग, रक्त, नाङ्गोपन आदि दृश्य[५] ले देवीबाट महा-प्रलयको सङ्केत मिल्छ भने अर्कोतिर वर्णिनी, डाकिनी र छिन्नमस्तक समेत प्रसन्न मुद्रामा हुँदा मृत्युबाट विचलित नभई त्यसलाई एक अनिवार्य परिणतिको रूपमा सुखपूर्वक लिइएको आभास झल्कन्छ। कसैको विचारमा देवीको ध्यान मुद्राबाट सृष्टि, स्थिति र संहारको बोध हुन्छ भन्ने छ भने देवीको शरीरबाट फोहरा सरह निस्किरहेको रगतका तीन धारालाई योगमा वर्णित इडा, पिङ्गला र सुषुम्नाका प्रतीकमा लिनेहरू[६] पनि छन्।

छिन्नमस्ताको पनि अन्य महाविद्याको झैं शत र सहस्र नाम[७] छन् तापनि ती मध्ये प्रचण्ड चण्डिका, वज्र वैरोचनी, परा डाकिनी, सुषुम्ना स्वरभासिनी, कामेश्वरी, जमदग्निस्वरूपा, इङ्गला, पिङ्गला नाडी, महिषासुरहन्त्री, चामुण्डा, गुह्येश्वरी,

---

२) वेदमूर्ति तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्य– "तन्त्र महाविज्ञान"; द्वितीय खण्ड, द्वितीय संशोधित संस्करण; सन् १९७१; पृष्ठ ४७८–४७९

३) पूर्ववत्; पृष्ठ ४७९

४) पूर्ववत्; पृष्ठ ४७९ र ४८०

५) पं. श्री मोतीलालजी शर्मा गौड, सम्पादक 'शतपथ ब्राह्मण'– "दश महाविद्या"; कल्याण, शक्ति अङ्क, श्रावण–भाद्रपद १९९१; भाग ९ अङ्क १–२; पृष्ठ ११०

६) धनशम्शेर ज. ब. रा.– "मन्त्र विद्यारहस्यम्"; नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान; प्रथम संस्करण, २०३४; पृष्ठ १३

७) शिवहर राजधानीपति श्री राजादेवनन्दन सिंह बहादुर– "शाक्त प्रमोद"; श्री वेङ्कटेश्वर प्रेस प्रकाशन, बम्बई; सम्वत् २०२९; पृष्ठ २२१, २३४–२३७, २२९ र २४२–२४५

विष्णुपत्नी र वैष्णवी नाम यस लेखलाई केही आड, भरोसा दिने खालको हुने अनुभव गरिएको छ । सम्भवतः मध्याह्नकालको प्रतिनिधित्व गर्ने महाविद्याको रूपमा लिन सकिने यस देवीमा आफू मिटाई अरूलाई दिने तथ्य चरितार्थ भएको छ । यहाँ यो स्मरणीय छ, सृष्टि सञ्चालनको हेतु भैरहेको उच्छिष्ट ताप अर्थात् प्रवर्ग्य-शक्तिलाई यज्ञ मूर्ति सूर्यको छिन्नमस्तक[8] पनि भनिन्छ । छिन्नमस्तकलाई कबन्धको नामबाट पुकारिने र कबन्ध शिवकी यिनै महाशक्ति भगवती छिन्नमस्ताले पनि त्यही छिन्नशीर्ष यज्ञको प्रतीक बनी विश्व निर्माण सम्भव तुल्याइरहेको अनुभूति हुन्छ । धर्म, अर्थ, काम र मोक्ष दिने यस महाविद्याको आराधना देव, असुर, योगी, ऋषि आदि सबैले गर्दै आएका छन् ।

माथि जे जस्तो गन्थन गरिए तापनि छिन्नमस्ता विषयक हुलाक टिकटको डिजाइन के कस्तो हुनुपर्छ भन्ने नै अहिलेलाई मूल कुरो हुन आएको छ । नेपालको कला र फिलाटेलिक पक्षलाई दृष्टिगत गरी विचार गरेमा देवीको टिकट डिजाइन हाम्रा पुराना पौवाहामा आधारित गर्दा नै राम्रो हुने कुरा एकै सासमा भन्न सकिन्छ। तर मनीषीहरूद्वारा वर्णित देवीको ध्यान मूर्ति राख्नु सट्टा अरू कुनै चीज प्रदर्शन गर्ने विचार भएमा महाविद्या छिन्नमस्ताको यन्त्रलाई टिकटमा प्रयोग गर्दा नेपाली फिलाटेलीको क्षेत्रमा एक नौलो आयाम थप हुने स्पष्ट छ । साथै काठमाडौंको चाँगुनारायणस्थान, ललितपुरको मोमदुगल्ली र सप्तरीको सखडास्थित छिन्नमस्ताका मन्दिरहरूमध्ये एकलाई टिकट डिजाइनको निम्ति छनौट गर्न नसकिने पनि होइन । अतः यहाँ उक्त तीन देवस्थलसम्बन्धमा छोटकरी विवरण पेश गरी चर्चा टुङ्ग्याउने अनुमति चाहन्छु:—

लिच्छविकालीन चाँगुनारायणको प्राङ्गणमा आग्नेय दिशामा अवस्थित अष्टमातृका मन्दिरभित्र रहेकी प्रधान देवीलाई छिन्नमस्ता, यताजु[9] र चामुण्डा नामबाट पुकारिन्छ । यसप्रकार छिन्नमस्तक दोलाद्री नारायण वा हरिहरिहरिवाहन लोकेश्वर विराजमान भएको स्थानमा उनकै शक्तिस्वरूपा भएर भगवती छिन्नमस्ता रहनुमा एक प्रकारको सामञ्जस्य भएको प्रतीत हुन्छ ।

---

८) पं. श्री मोतीलालजी शर्मा गौड, सम्पादक, 'शतपथ ब्राह्मण'— "दश महाविद्या"; कल्याण, शक्ति अङ्क; श्रावण—भाद्रपद १९९१; भाग ९ अङ्क १—२; पृष्ठ १०९

९) श्री मोहनप्रसाद खनाल— "चाँगु नारायणका ऐतिहासिक सामग्री"; नेपाल र एशियाली अनुसन्धान केन्द्र; २०४० आश्विन; पृष्ठ ९२

ललितपुरको विश्वविख्यात कृष्ण मन्दिरपछाडिको गल्लीलाई मोमदुगल्ली भनिन्छ । नेवारी भाषामा "मो मदु" को अर्थ "टाउको नभएको" हुन आउँछ । त्यस गल्लीमा उत्तराभिमुख सानो मन्दिरमा रहेको यन्त्रको दाहिनेपट्टि मस्तक-विहीन एक देवी विराजमान भएकी देखिन्छिन् । स्थानीय वासिन्दाहरूको भनाइ अनुसार छिन्नमस्ताको नाउँले प्रसिद्ध उक्त देवी भएको गल्ली हुनाले नै मोमदुगल्ली भनी नामकरण भएको हो । मोमदुगल्लीकी छिन्नमस्ता भगवती आसपासका धार्मिक कीर्तिहरू अध्ययन गर्दा यस देवीलाई बौद्ध सम्प्रदायबाट समेत ठूलो मान्यता प्राप्त भैरहेको ज्ञात हुन्छ ।

काठमाडौं र ललितपुरका ती दुबै देवस्थलमा ध्यान मुद्रा अनुसारको देवी छिन्नमस्ताका मूर्तिहरू छैनन् । त्यस्तै राजविराजभन्दा दक्षिण र भारत सीमा नजीक पर्ने सप्तरीको सखडा भगवती स्थानमा पनि महाविद्या छिन्नमस्ताको माथि वर्णन गरिए जस्तो मूर्ति देख्न पाइन्न । बरु सखडेश्वरी मन्दिरभित्रका सम्पूर्ण प्राचीन मूर्तिहरू (दायाँबाट बायाँ क्रमागत रूपमा प्रतिष्ठापित भैरवी, चामुण्डा, छिन्नमस्ता, दक्षिणकाली र महिषमर्दिनी)[१०] छिन्नशीर्ष हुन् र ती मूर्तिहरूका उर्ध्व भाग वस्त्राच्छादित छन् । संभवतः यवनहरूले आक्रमणको क्रममा मूर्तिहरूलाई टूटफूट पारेको वा कृषकहरूले जमीन जोत्दा भूगर्भभित्रका ती मूर्ति-हरूलाई चोटपटक लाग्न गई त्यस अवस्थामा पुगेको पनि हुन सक्छ । ती मूर्तिहरूलाई छोपिराखेका कपडा झिकी हेर्दा महिषासुरहन्त्रीलाई मूल एवं मध्यवर्ती मूर्तिको रूपमा फेला पार्न सकिन्छ । ज्यादै प्रत्यक्षकी देवी मानिएकी यस सखडा भगवतीलाई अचेल छिन्नमस्ता मानी भारतवासीहरू समेत श्रद्धा एवं भक्तिपूर्वक पूजाअर्चना गर्छन् ।

(नेपाल–२०४१ वैशाख)

---

१०. स्थानीय पूजाहारीहरूका कथनानुसार देवीहरूका नाम दिइएका छन् । तर मेरो विचारमा दक्षिणकाली भनिएकी देवी सरस्वती हुन् ।

लायकुसाल सम्बन्धमा केही

"मानन्धर विषयमा केही अनुसन्धान हुनु पर्‍यो । वर्षको एक पटक मात्र भए पनि मानन्धर सम्बन्धमा स्मारिका प्रकाशित गर्ने चलन बसाल्नु पर्‍यो ।" यो थियो– एउटा सानो अभिव्यक्ति जुन मैले ७।८ वर्षअघि मानन्धरहरूको एक बैठकमा चर्चाको रूपमा चलाएको थिएँ । संभवतः साइतमा कुरा गरेको रहेनछु र त साइतै जुर्न सकेन । अथवा त्यतिखेर सत्पात्र नै फेला पर्न सकेको रहेनछ, त्यसैले केही वर्ष यता काठमाडौं उपत्यकाबाट मौलिक ढङ्गले यस सन्दर्भमा कुनै पाइला नै चालिएको देखिएन । बरु केही बनेपाली मानन्धरहरूसंगको भेटवार्ताको क्रममा बनेपा भेकबाट अनुसन्धान कार्यको लागि सरजामहरू जुट्न सक्ने र तत्सम्बन्धमा त्यस क्षेत्रबाट अधिक मात्रामा योगदान हुन सक्ने तथ्यबोध मलाई एक डेढ वर्ष यता भैसकेको थियो । हुनपनि अहिले आएर उपत्यका बाहिरका त्यही कर्मठ मानन्धरहरूको सत्प्रयास स्वरूप यो गोष्ठीको आयोजना जुन तवरबाट भैरहेको छ, त्यो देख्दा यसबाट हाम्रो उज्यालो भोलिको रेखा कोरिन लागेको आभास मैले पाएको छु । र शायद यो नै हाम्रो भावी अनुसन्धान प्रयासको लागि एक उत्साहप्रद प्रेरणा एवं पथ प्रदर्शन बन्नमा समेत केही बेर छैन ।

आजको यो हाम्रो भेला सामाजिक भेला हो । कार्यक्रम एवं सहभागीतर्फ दृष्टि पुऱ्याई सरसर्ति हेर्दा यसलाई हाम्रो बौद्धिक तथा सांस्कृतिक जमघट भनेमा पनि अतिरञ्जित ठहरिने छैन । यस्तो यो बौद्धिक भेलामा स्तरीय, विशेषोपयुक्त, अनुसन्धानपूर्ण र विश्लेषणात्मक विवरण प्रस्तुत हुने आशा स्वभावतः सबैतिरबाट गरिन्छ नै । किन्तु ज्ञान-अल्पता र आफ्नो अध्ययन, अध्यवसाय एवं पेशा अर्कै विषयवस्तुसित सम्बन्धित हुँदा आफूमा निहित कमजोरीहरूलाई पहिले नै स्वीकार्दै केवल वचन राख्न र पुऱ्याउन मात्र यहाँ केही बोल्ने जमर्को गरेको तथ्य प्रकाश पार्न चाहन्छु ।

बोल्ने सिलसिलामा मानन्धर जस्तो नेपालको सर्व प्राचीन समुदायको उद्‌गम कहाँ, कहिले र कसरी भयो, यस वर्गको कुनै एक सदस्यले नैरात्मा गुह्येश्वरी पत्ता लगाएको,[1] कृषि कार्यमा संलग्न एक मानन्धर परिवारले बालिकाको रूपमा रोइरहेकी भद्रकालीलाई फकाई फुल्याई काठमाडौं ल्याएको,[2] चण्डेश्वरीको

१. भुटेको खानेतेल बेच्दै हिंड्ने एक मानन्धर हाल गुह्येश्वरी कुण्ड भएको ठाउँमा पुगेपछि दिउँसोको खाजा खाने गर्दथे । एकदिन उनी खाजा खाइसकेपछि त्यहीं भुसुक्क निदाएछन् र सपना देख्न थालेछन् । सपनामा 'म देवी हुँ, मलाई प्रकट गर' भन्ने देववाणी अनुसार उनले गुह्येश्वरी पत्ता लगाएको र आफू व्यापारी हुँदा पीठको रेखदेख एवं पूजाको जिम्मा देउपाटनका कसाईहरूलाई छाडिगएको भन्ने एउटा कथन छ । आजपर्यन्त उनका वंशजहरूले प्रत्येक महीना शुक्ल पक्षको दशमी तिथिमा गुह्येश्वरीको कलशलाई गहनाद्वारा सिंगारी पूजा गर्ने गुठी चलाउँदै आएका छन् । उनीहरूले पूजा एवं अर्चना गरेको बखत राणाकालमा समेत देवीलाई स्पर्श गरी दर्शन गर्न प्रधानमन्त्रीले पनि पाउँदैन थिए भन्ने सुनेको हुँ ।

हेर्नुहोस् पं. देवीप्रसाद लंसालद्वारा सम्पादित र २०२३ साल, विजया दशमीमा श्री ५ को सरकार, शि. मं. पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित भाषा वंशावली, द्वितीय भाग, पृष्ठ ९० ।

२. वटु टोलका एक मानन्धरले नलि तुप्पामा रोइरहेकी बालिकालाई फेला पारेको, आफू त्यहाँ खेतमा काम गर्दा ह्ले (नोल राखी बोक्न हुने गरी बनाइएको ठूलो घोक्रो)ले घाम छेकी बालिकालाई सुताइराखेको र पछि बालिका रूपकी देवी भद्रकालीलाई फकाई फुल्याई काठमाडौं शहरमा ल्याएको आदि किंवदन्ती प्रचलित छ । त्यसैले वटु टोलका मानन्धरहरू अद्यापि ह्लेलाई नाघ्दैनन् । अर्को कुरो, घोडा जात्राको दिन सजधजपूर्वक वटुबाट टुंडिखेलस्थित भद्रकाली स्थानमा लगिने घ्याम्पामा राखिएको जाँड देवीलाई पात्रद्वारा चढाउने मात्र होइन, त्यस बेला वटुका मानन्धरहरू समेत देवीको पात्र नै जुठो पार्ने गरी उक्त जाँड पालैपालो खान्छन् र त्यसपछि पुनः देवीलाई त्यही पात्रबाट जाँड चढाउँछन् भन्ने छ ।

वर प्रसाद पाएका एकजना बनेपाली मानन्धरले[३] पशुपतिनाथमा एकमुखी रुद्राक्ष चढाएको, यसै समाजको एक सदस्यलाई अशोक विनायकको अवतारको रूपमा लिइने गरेको,[४] अर्को एक सदस्यले कंकेश्वरीको पीठबाट प्रत्येक रात्रि कंकाल पछि लगाई फर्कने गरेको[५] आदि अनेकन् संस्कृति, इतिहास एवं किंवदन्ती-संग गाँसिएका पक्षबारे म यहाँ आफ्नो भावना पोख्न लागेको होइन। त्यस्तै विशालनगरको ऐतिहासिक अग्निकण्डपछि बसाइँ सर्दै आएका र संभवतः तत्कालीन राजघरानासित संसर्ग भएका मानन्धरहरूको[६] वृतान्त, काठमाडौं भीमसेनको बाह्रवर्षे मेलाको बखत पाःलाः बस्नुपर्ने मानन्धरहरूको[७] स्थिति, इन्द्रध्वजोत्थानको समारोहमा श्री ५ वा राज खड्गको सम्मुख मानन्धरहरूद्वारा उभ्याइने लिङ्गोको लागि वलःडोरी बाट्नमा निपुणता दर्शाउने एक मानन्धर समूहले[८] आजपर्यन्त तलेजुप्रति दर्शाएको भावभक्ति, किरीटीनीको नाउँले विश्वविख्यात इन्द्रायणीको पीठमा तीन शहर प्रसिद्ध मरः (कुमार) खुवाउने

---

३. राजा यक्ष मल्लको छोरा तथा बनेपाका राजा रण मल्लको शासन काल-का महाजन मोहनसिं मानन्धर। उनी सिन्चा खलकका मानन्धरहरू अर्थात् स्व. प्राध्यापक रामप्रसाद मानन्धरको पूर्वज मानिन्छन्।

हेर्नुहोस् डानियल राइटद्वारा सम्पादित तथा कस्मो पब्लिकेशन्स, न्यू डिल्ली द्वारा सन् १९८३ मा मुद्रित "नेपाल" शीर्षक ग्रन्थको पृष्ठ २०० र २१७।

४. प्रधानमन्त्री जङ्गबहादुर राणाका समकालीन तथा तहबिल, काठमाडौंका साहु धमनाँ साय्मि अर्थात् धर्मनारायण मानन्धर।

५. दक्षसाल टोल, काठमाडौंका वर्तमान कजी साहु दुर्गाभक्त मानन्धर (जन्म वि. सं. १९७६) का छैठौं पुस्ताअघिका पुर्खा मत्यं साय्मि।

६. नयाँ साल भन्ने शब्दार्थ हुने न्हूसाल टोलका केही मानन्धरहरूको देवाली पूजा प्रत्येक वर्ष मनमानेश्वरीस्थान, टङ्गालमा सम्पन्न हुन्छ। उनीहरूले आफ्नो देवालीमा वज्राचार्यका अतिरिक्त आचाजु अर्थात् कर्माचार्य पनि पुरोहित राख्नु पर्दछ। यस सम्बन्धमा उदाहरणको लागि न्हूसाल टोलका गुठीयार तथा इतिहासका प्राध्यापक रामभक्त मानन्धरको खलकलाई लिन सकिन्छ।

७. पालो बस्नु पर्नेहरूमा न्हूसाल टोलका सुलि खलकका मानन्धरहरू र तःब्व, भीमसेनस्थानका मानन्धरहरू पर्दछन्।

८. चस्वाँद्वँका मानन्धरहरू।

मानन्धरहरूको[९] चलन, मच्छिन्द्र लगायत कैयन् देवदेवीहरूको मूर्ति निर्माणमा प्रयोग गरिने ब्वचा: नामक पवित्र माटो लिइने महापीठ ह्यय्पिकी अजिमाको देवगृह आसपास रहँदै आएका मानन्धरहरूको[१०] इतिवृत्ति, पाटनको प्रख्यात कार्तिक नाचको प्रशिक्षणमा हनुमान मान्ने चलन भए झैं काठमाडौंको एक महर्जन समूहले प्रत्येक बाह्र वर्षमा आफ्ना सदस्यहरूलाई धुंन्या: मुंन्या: घुमाउने र धिमे बाजा बजाउने सिकाउँदा विशेष आराध्य देवताको रूपमा लिइने बजरङ्गवली विराजमान भएको काठमाडौंको एक कोलको[११] महत्ता, नेपाल प्रसिद्ध भक्तपुरको नवदुर्गासित त्यहाँका मानन्धरहरूको[१२] सम्बन्ध र कोटसालकी[१३] मल्लकालीन मानन्धर महारानीको कथाबारे पनि यहाँ व्याख्या गर्न चाहेको होइन। साथै मानन्धरहरूको जातीय संगठनमा कोल र टोलको भूमिका, तिनीहरूमा विद्यमान नैसर्गिक कला, कौशल एवं सीप विषयक जानकारी र नेपालको धार्मिक, सांस्कृतिक तथा आर्थिक क्षेत्रमा परिश्रमी, वैभवशाली एवं धर्मचित्त भएका मानन्धरहरूले प्रदान गरेको योगदान सम्बन्धमा पनि अहिले यहाँ बेलीबिस्तार लगाउन खोजिएको होइन। यहाँ त केवल आफ्नै घरअगाडि बराबर दोहरिरहने र आफ्नो स्मृति पटलमा ताजा रहेको दृश्य एवं घटनालाई मात्र शाब्दिक अभिव्यक्ति दिन प्रयत्न गर्न खोजिएको हो।

सम्बन्धित सीपको अभाव र स्वल्प ज्ञान आदि विविध सीमितताद्वारा परिवेष्टित मैले ससीम नबनी आफूलाई यताउता बहकिन दिंदा "नयाँ मुल्ला

---

९. ठहिटीका मानन्धरहरू। मर:सँग सम्बन्धित खलकहरू नै ठहिटीका सबभन्दा पुराना मानन्धरहरू मानिन्छन्।

१०. तँलाछीका मानन्धरहरू।

११. मरुहिटीभन्दा केही पूर्वोत्तर दिशामा पर्ने अलि अग्लो ठाउँको साल।

१२. सा: कोलाँ, भक्तपुरका मानन्धरहरू।

हेर्नुहोस् "कैलाश", भोलम, ६ नम्बर २, काठमाडौं, सन् १९७८ मा प्रकाशित तथा जेहानी एच. तेलहेटद्वारा लिखित "दी ट्राडिसन अफ् दी नव दुर्गा इन भक्तपुर, नेपाल" शीर्षक लेख (पृष्ठ ८४)।

१३. काठमाडौं फलेचासाल नजीकै दक्षिणतिर पर्ने एउटा साल। हाल त्यस इलाकामा सालको अस्तित्व नरहे तापनि त्यहाँको एउटा घरको आँखी झ्यालको माथिल्लो भागमा टोलको नाम 'भरु कोथ साल' अङ्कित गरिराखेको अहिले पनि देखिन्छ।

हुनाले प्याज धेरै खाएको" भन्ने लान्छना ममाथि थोपरिन सक्छ। त्यसकारण आफू सदस्य रहेको दापा खलः[१४] र गुठी सञ्चालन गर्ने लायकुसाल[१५] टोललाई मात्र अब म आफ्नो विचार विमर्शको घेराभित्र पारी मथिङ्गलमा उब्जेका केही तथ्यहरूको माध्यमद्वारा पेश गर्न लागेको छु। मानन्धरवर्गको जुनसुकै व्यक्ति वा जुनसुकै समूहको ज्ञान आर्जन गर्नाले पनि समष्टिको समेत केही जानकारी उपलब्ध हुन सक्छ भन्ने धारणामा विश्वास राख्दै र विभिन्नतामा एकताको सिद्धान्तमाथि आस्था दोहराउँदै मैले प्रस्तावित चर्चा-परिचर्चालाई औचित्यको कसीमा घोट्दा खरो उत्रेको पाएको छु। फलस्वरूप यस चर्चाले काठमाडौंका दक्षसाल, फल्चासाल, न्हूसाल, पुखूध्यां, चस्वाँद्वँ, वटु, ठहिटी, मरुध्वाखा, तंलाछी जस्ता मानन्धरहरूका टोलहरूको गरिमामय प्राचीनता, महत्ता, विशालता र आधुनिकतालाई न्यूनाधिक नपारी मानन्धरबारे केही न केही तथ्य प्रकाशमा ल्याउनेछ भन्ने आशा मैले लिएको छु।

दुई शब्द संयुक्त बनी सिर्जना भएको "लायकुसाल" को पहिलो शब्द "लायकू" को निर्वचन राजकुलबाट भएको भनेमा कसैको दुईमत होवोइन। अतः लायकुसाल शब्दले पुरानो राजप्रासाद हनुमानढोकासित निकटतम सम्बन्धमा रहेको कोल अथवा साललाई इङ्गित गर्छ। ढाँट कुरो नभन्ने हो भने, गद्दीबैठक दरबारअगाडि पर्ने, छुन नहुने डबलीको पश्चिम र दश अवतार देखाउने मन्दिरबाट उत्तरतिर रहेको तथा माथिल्लो भाग मात्र केही देखिने तर हाल भूमिगत भैसकेको एक सानो ढुङ्गोलाई करीब डेढ दशकअघि सम्म पनि लायकुसाल निवासीहरूले आफ्ना साः देवता मानी परिक्रमा गर्ने गरेको दृश्य मलाई अहिले पनि झलझली सम्झना भएर आउँछ। फेरि, स्वयम्भूको श्री कर्मराज महाविहार गुम्बा निर्माणपूर्व खुल्ला ठाउँमा रहेका, हाल गुम्बाभित्र राखिएका र एक औंला नभएका बुद्धमूर्तिलाई लायकुसालका मानन्धरहरूले आफ्ना पूर्वजको रूपमा मान्दै र पुज्दै आएका छन्। संभवतः स्वयम्भू महाचैत्यको निर्माण वा पुनर्निर्माणको बखत हःपाः दिंदा औंला नै गुमाएका लायकुसालका त्यस महामनाको संस्मरणमा बुद्धकै आकृतिसंग मिल्ने गरी उक्त मूर्ति निर्माण गराई पुज्दै आएको हुन सक्छ। कुरो जेसुकै भएपनि मानन्धरहरूको हःपाः दिने कार्य र यान्त्रिक सीपबारे विशद रूपमा अन्वेषण, अनुसन्धान हुन अबेला भैसकेको छ।

---

१४. साँस्कृतिक बाजागाजाका साथ देवी-देवताको भजनमा लाग्ने समूह।

१५. जुद्ध वारुण यन्त्र, काठमाडौंको पूर्वी हाताको पर्खालबाहिर पर्ने गल्लीबाट वसन्तपुर निक्लने बाटोमा रहेको खुल्ला चोकको दक्षिणमा अवस्थित एउटा साल। त्यही सालबाटै टोलको नाम व्युत्पन्न भएको हो।

यति विघ्न मेरा गनथनहरू सुन्दा शायद यहाँहरूलाई पट्टयाई लागेको हुन सक्छ । अनि "काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर" भनी यहाँहरूले मलाई दोषारोपण गर्नुहोला । तर पुरानो जमानाको कुराकानी गर्नं खोज्यौं भने यहाँसम्म आइपुग्न पनि ठिमीकै बाटो पक्रनु सिवाय अरू कुनै विकल्प नै भेटिन्न । त्यसैले यस गनथनलाई पनि गन्तव्यतर्फ परिलक्षित भएको सम्झनु हुनेछ । यही नै मैले यहाँहरूबाट अपेक्षा गरेको हुँ ।

हुन त लायकुसाल लगायत काठमाडौंका अन्य कोलहरूको पनि अखण्ड बत्ती बाल्ने क्रममा तलेजु मन्दिर र हनुमानढोकासित सम्पर्क नभएको होइन । तर तलेजु भवानीकै मानव रूपमा लिइने कुमारीसंग लायकुसालका मानन्धरहरूको घनिष्टतम सम्बन्ध रहेको तथ्य भने यस टोलमा हुने वार्षिक गतिविधिहरूबाट स्पष्ट रूपले थाहा हुन्छ । त्यसको अतिरिक्त लायकुसालको कोललाई कुमारीको साल भन्दै आएको र पुरानो समयमा कुमारीको रथ यहींका मानन्धरहरूले बनाउने गरेको कार्यको अवशेष स्वरूप हालसम्म पनि भाद्र शुक्ल चौथी अर्थात् चथाको दिनदेखि ८ दिनसम्म "वी च्वं वनेगु" भन्दै कुमारीको रथमाथि पर्ने गरी टाँगिने कपडाको ठूलो चँदुवा हाल्ने र नेपाल अधिराज्यको सबभन्दा विशाल ग्वदाः ठड्याउने कार्य समेत यिनीहरूबाट सम्पन्न हुँदै आएको छ । हाल मौजूदा तयारी रथको निर्माणभन्दा पहिले रथ समेत बनाउनु पर्दा यहाँका मानन्धरहरूलाई प्रति-दिन २ छाकको लागि हाकुजाकी भन्ने चामल, मासको दाल र सिन्की तथा खाजाको लागि च्यूरा र सखर दिने चलन प्रचलित थियो रे । तर अचेल गुठीबाट च्यूरा मात्र पाउने व्यवस्था भए पनि यहाँका मानन्धरहरूले कुमारीका प्रजाको हैसियतले आफ्नो कर्तव्य पूर्णरूपेण निर्वाह गर्दै आएका छन् । यसप्रकार कुमारीको काममा संलग्न हुने हुँदा लायकुसालका मानन्धरहरू राणाकालमा झारा, बेठ, बेगार प्रथाबाट समेत निवृत्त थिए ।

काठमाडौंका अन्य प्रसिद्ध ११ कोलहरूमा रहे भए झैं २४ जना सायमिहरूको[१६] व्यवस्था पुरातन कालदेखि लायकुसालको कुमारी सालमा पनि यथावत् रहेको छ । यिनै २४ जना र यिनीहरूमध्येका २ जना मूमिको[१७] लागि समेत कुमारीको तर्फबाट हर वर्ष निश्चित तिथिमा केही चीजबीजहरू पठाइने चलन अद्यापि कायमै छ । वास्तवमा अहिले आएर नाम मात्रका वस्तुहरू पठाइने कार्य ठेकदारी प्रणालीद्वारा संचालित छ तापनि लायकुसालका मानन्धरहरूले ती वस्तुहरूलाई

---

१६. साःमि वा समि वा साल्मी वा मानन्धर ।

१७. वार्षिक पालो पर्ने ।

कुमारीकै अनुग्रहबाट प्राप्त प्रसादको रूपमा ग्रहण गरेर आफूहरूलाई बडो भाग्यशाली सम्झन्छन् र आपसमा बाँडीचूँडी आ-आफ्ना भाग सम्मानपूर्वक लिने गर्दछन् । घटस्थापनाको दिन भूमि फेर्ने सिलसिलामा लायकुसालमा हुने पूजाको लागि कुमारीबाट एक बलिको बोका र जटावाल नरिवल लगायत कैयन् पूजा सामानहरू पठाउने चलन छ भने लक्ष्मीपूजाको लागि दही र बिमिरो लायकुसाल पुऱ्याइन्छन् । माघे संक्रान्तिको निम्ति घिउ-चाकु, भीमा एकादशीको भोलिपल्ट सन्याडुलीको दिन सिद्रा, घोडाजात्रा हेर्न जान "क्वों" भन्ने मुखमा दल्ने फाहा (पाउडर) तथा जनैपूर्णिमाको दिन क्वाँटी पठाउने प्रथा कुमारीसित प्रत्यक्षतः सम्बन्ध नभएका जो कसैलाई पनि कौतूहलपूर्ण परम्परा लाग्न सक्छ ।

धातु निर्मित लायकुसालका साःदेवता एवं विशेषमा मात्र थकालीको घरबाट बाहिर ल्याई सालमा अवस्थित शिलामूर्तिमाथि प्रतिष्ठा गर्ने गरिन्छ र महाष्टमीको दिन सालमा उक्त धातुका देवता ल्याउन सप्तमीकै साँझ माटोको सानो घैंटोमा "इकुंलः"[१८] भरी फूलपाती ल्याउने गरिन्छ । विजयादशमीको मध्याह्नतिर सांस्कृतिक बाजाका साथ शुरु गरिने कुमारी सालको खड्ग यात्रा (लाकू, पु, नाः [१९] आदिको यात्रा) मा एकातिर आफ्नैपनको छनक प्रशस्त पाइन्छ भने अर्कोतर्फ उक्त यात्राको दृश्यावलीमा आमोद (हास्य), आश्चर्य र आह्लादको त्रिवेणी परेको झलक स्वतः स्पष्टिन्छ । फेरि विभिन्न कोल र टोलको सहयोगद्वारा अनन्त चतुर्दशीको रात घुमाइने बौमतः[२०] को शिर बनाउने र सबैसित हातेमालो गर्दै त्यही बौमतःको साथ देश प्रदक्षिणा गर्ने कार्य अन्य टोलका मानन्धरहरूलाई जस्तै लायकुसालका मानन्धरहरूलाई पनि इतिहासले सुम्पेर गएको एक सांस्कृतिक सम्पदा हो ।

अहिलेसम्म चर्चित विवरणहरूको आधारमा विचार गरी हेर्दा लायकुसाल टोल भनेको माथि उल्लिखित २४ जना खलकको मात्र एक समूह जस्तो भान पर्न सक्छ । तर वास्तविकता त्योभन्दा धेरै पर छ । स्मरणीय छ, लायकुसालभन्दा बाहिरको एक मानन्धर समूह[२१] ले आफ्नो नवगृह निर्माणको सिलसिलामा छाना

---

१८. चराचुरुङ्गीहरूले ननाघेको पवित्र पानी ।

१९. सालका अत्यावश्यक औजारहरू ।

२०. धेरै बत्ती बाली काठमाडौं नगरको परिक्रमा गराइने नर्कटद्वारा निर्मित एक विशाल नागको प्रतीक स्वरूपमा लिइने ।

२१. पाको पुखुर्यां टोल, काठमाडौंका कुसि खलकका मानन्धरहरू ।

हाल्ने दिन यही सालमा आई २ वटा झिंगटी इंट चढाउने चलन पुरातनकालीन छ तथापि अत्यन्त प्रतीकात्मक प्रतीत हुन्छ। यसबाट के निक्यौल निकाल्न सकिन्छ भने लायकुसालका विख्यात विश्वकर्मा अन्य समूहको पनि साझा देवता हो। फेरि, एक अर्को परम्परागत कथनानुसार वसुन्धरा गुठीमा सम्मिलित वा सम्मिलित हुन पाउने जति मात्र लायकुसालका मानन्धरहरू वा तिनीहरूका वंशजहरू हुन्। परन्तु यस प्रकारको कडा एवं अनम्य दृष्टिकोण आजको चुनौतीपूर्ण एवं बदलिंदो परिस्थितिको लागि मिल्ने देखिन्न। कारण, विभिन्नतामा एकता भन्ने सिद्धान्तमाथिको हाम्रो विश्वास एवं धारणाको विपरीत छ– यो सिमसिम महाराज पालाको भनाइ। त्यसैले लायकुसालको ऐतिहासिक पृष्ठभूमिमा तिलाव्रतले[२२] ओगटेको भूमिकालाई महत्वपूर्ण स्थान दिंदै आज टोलभित्र वा बाहिर जहां जतासुकै रहे भए पनि लायकुसालको दापा खल:मा सम्मिलित भई सनागुठीको[२३] वर्तमान विधानलाई अङ्गीकार गर्ने प्रत्येक मानन्धर र उसको परिवारलाई लायकुसाय्मि भनेर हामी सम्पूर्ण मानन्धर समाज र नेपाली मात्रको वृहत् हितलाई ध्यानमा राखी एकताको पथतिर अग्रगामी पाइला चाल्दैछौं।

(रोलम्व– १९८६ जनवरी-मार्च)

मानन्धर परिवार, बनेपाद्वारा २०४२।७।२४।७ का दिन बनेपामा आयोजित मानन्धर समुदायको वृहत् सांस्कृतिक भेलामा विनापादटिप्पणी पाठ गरिएको।



२२. बौद्ध देवी वसुन्धरासित सम्बन्धित व्रत।
२३. मलामी गुठी।

टण्डन लाहुरी क्षेत्री

मैले पाएको एक खाममा रहेको प्रेषकको थर आज मलाई अनौठो लागिरहेको छ। त्यो थर हो–'टण्डन लाहुरी क्षेत्री' र प्रेषकको ठेगाना हो– गुल्मीको बलकोट। चर्चित खाम चिट्ठीविहीन हुँदा पत्र कुन विषयसँग सम्वन्धित थियो भन्न गाह्रो छ। तर पनि ठेगानाको जानकारी हुनासाथ आफूले २०२४ सालको तीजताका भ्रमण गरेको त्यस भेकको अनायास सम्झना भएर आउँछ। नभन्दै, भ्रमणको बखत लेख्ने गरिएको डायरी हेर्दा मैले तत्काल निम्न बमोजिम कोरेको रहेछु:–

"शिवालयको दर्शन गरें। दुइटा शिवमन्दिर रहेछन्– तल्लो परशुरामेश्वर बाणलिङ्ग त माथिल्लो सिद्धेश्वर। मन्दिरहरूका चारैतिर ठाउँ ठाउँमा मूर्तिहरू रहेका छन्। तिनीहरूमध्ये ऊर्ध्वलिङ्ग भएका, उभिएका चतुर्भुज शिवजी र भैरव पनि हुन्। त्यहाँको एक घण्टामा रहेको अभिलेख पढ्दा 'श्री सम्वत् १९०६ साल मिति माघ सुदी ७ रोज १ का दिन गुल्मी बलकोटमा स्थापना गरेका श्री श्री श्री परशुरामेश्वर बाणलिङ्ग प्रीति श्री कप्तान परशुराम खत्रीले चढाएको घण्ट... ....' भन्ने थाहा भयो।

बलकोटको पौवा राम्रो छ; कलात्मक छ। पहाड ठाउँमा यस प्रकारको कलात्मक पौवा पाउनु प्रायः मुश्किल हुन्छ। त्यस पौवामा कामक्रीडासम्बन्धी काष्ठकलाका चित्रणहरू करीब ६ वटा छन् ।

पौवा र शिवालय कर्णेल सनासिंहले वनाएको भन्ने जनश्रुति छ। सनासिंहले आफ्ना पिता र भाइको संस्मरणका क्रमशः परशुरामेश्वर र सिद्धेश्वरको स्थापना गरेको भन्ने गर्दा रहेछन् ।"

चिट्ठी पठाउने व्यक्ति र पौवा तथा शिवालय निर्माण गराउने व्यक्तिको नाउँ करीव, करीव समान भएकोले ती दुवै व्यक्ति फरक फरक नभई एकै हुन् भनी अनुमान गर्न त्यति गाह्रो छैन। त्यस व्यक्तिसंग सम्वन्धित कार्यथलाहरूमध्ये बलकोट एक थियो भन्न पनि सजिलो भएको छ ।

यहाँ कुरा उठ्न सक्छ मेरै आफ्नो टिपोटको सम्वन्धमा, परशुरामेश्वरको नाउँमा घण्ट चढाउने कप्तान परशुराम खत्री र कर्णेल सनासिंहका पिता एकै हुन् वा होइनन् ? हुन् भने थर विषयमा धेरैलाई धेरै कुतकुती नलाग्न सक्छ । साथै सुनेको भरमा मात्र कर्णेल सनासिंहले शिवालय बनाएको भनी धेरै अडान लिइरहनु पनि उत्तिको मिल्ने देखिंदैन । कारण, एकातिर कम्याण्डर कर्णेल सनकसिंह टण्डन लाहुरी क्षेत्रीले कम्याण्डर-इन-चीफ श्री धीर शमशेरको नाउँमा वि. सं. १९३९ सालको अन्त्यतिर पठाएको चिठ्ठी १९४० सालको शुरुमा काठमाडौं पुगेको प्रमाण भेट्टिएको छ भने अर्कोतिर परशुरामेश्वर बाणलिङ्गलाई चढाइएको सो घण्टमा वि. सं. १९०६ साल उत्कीर्ण गरिएको पाइन्छ। जे भए पनि, बलकोट भेकमा सनासिंह कर्णेल भन्नासाथ एक ख्यातनामा व्यक्तिको रूपमा लिइने तथ्यमा भने शंका छैन ।

केही पुस्तक तथा लेखहरूमा भने सनकसिंहलाई खत्री भनिएको र उनलाई नेपाल दरबारमा पहुँच भएका व्यक्तिको रूपमा लिइएको पाइन्छ। टाट पल्टेका विधुर जंगबहादुरलाई आफ्नी बहिनी दिई [१,२,३,४] दाइजोद्वारा सम्पन्न पार्ने र

---

१. प्रमोदशम्शेर राणा– "राणा नेपाल-आयन इनसाइडर्सभ्यू", १९७८ ई., काठमाडौं; पृष्ठ १५

२. कृष्णकान्त अधिकारी– "नेपाल अण्डर जंगबहादुर १८४६–१८७७", [भोलम १; १९८४ ई.; काठमाडौं; पृष्ठ १९५

३. नयराज पन्त– "प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्दीपसिंहको विषयमा केही कुरा"; नेपाली त्रैमासिक, पूर्णाङ्क ५८; २०३० माघ, फागुन र चैत्र; ललितपुर; पृष्ठ २५

४. कमल दीक्षित– "जंगबहादुरः तीन टिपोट", नेपाली त्रैमासिक, पूर्णाङ्क ७६; २०३५ साउन, भदौ र असोज; ललितपुर; पृष्ठ ५२

उनलाई पुनः दरबार प्रवेश गराउने सिलसिला मिलाउने व्यक्ति उनै सनकसिंह थिए। अत्यन्त विश्वासपात्र भएको कारणले गर्दा जंगबहादुरले आफू प्रधानमन्त्री बनिसकेपछि पनि राजकाजसम्बन्धी सल्लाह सनकसिंहसँग लिने गर्दथे भन्ने थाहा हुन्छ।[५] वि. सं. १९०४ मा पुराना श्रीगोरख पल्टन लिइगएका कप्तान सनकसिंह खत्रीले[६] अलौपर्व दवाउन ठूलो भूमिका निर्वाह गरेका थिए भन्ने प्रमाण पाइन्छ। त्यस बाहेक विक्रम सम्वत् १९१३, १९१४ र १९१५ सालमा भएका पजनीहरूमा उनको थमौती कम्याण्डर कर्णेलमा भइरहेको समेत देखिन्छ।[७] काठमाडौं बत्तीसपुतलीका टण्डनहरूले आफूहरूलाई जंगबहादुरसित सम्वन्धित मान्दै आएका र कम्याण्डर कर्णेल सनकसिंहले आफ्नो थर कहीं कहीं टण्डन लाहुरी क्षेत्री लेख्ने गरेको पाइए तापनि पजनीका कागजहरूमा भने कम्याण्डर कर्णेल सनकसिंह खत्री नै उल्लेख भइरहेको हुँदा तत्काल खत्री, टण्डन र टण्डन लाहुरी क्षेत्री थरलाई समान रूपले व्यवहृत गर्ने चलन चलेको थियो भन्ने देखिन्छ।

टण्डन र खत्रीबारे अरू बढी स्पष्ट हुन अब चर्चा चलाऔं– टण्डन लाहुरी क्षेत्री थरको विषयमा। विक्रम सम्वत् १९३२ सालमा श्री ३ महाराज जंगबहादुरको पश्चिम सवारी हुँदा साथमा गएका सैनिक अधिकृतहरूमध्ये एक टण्डन लाहुरी क्षेत्री पनि थिए। उनको नाम, थर र दर्जा हो– लेफ्टेन हिमत्‌बहादुर टण्डन लाहुरी क्षेत्री।[८] एक छोटो भेटमा नेपालगञ्ज निवासी श्री कृष्णगोपाल टण्डनसँग कुराकानी गर्दा उनले यस पंक्तिका लेखकलाई निम्न व्यहोरा अवगत गराएका थिए।

क) पुरानो जमानामा पंजाबतिर खत्रीहरूका ५२,१२,४ र २½ घर थिए। ती थरघरहरूको सामाजिक मर्यादा क्रमशः निम्न, मध्यम, उत्तम र सर्वोत्तम वर्गमा लिइन्थ्यो।

ख) पंजाबी वर्णमालामा 'क्ष' अक्षर नभएको र त्यसको सट्टा 'ख' प्रयोग हुने हुँदा यहाँको क्षेत्री जातको समानता त्यहाँ खत्री मात्र हुन आउँछ।

---

५. कमल दीक्षित– पूर्ववत्; पृष्ठ ५१

६. नयराज पन्त– "इतिहासको खोजीमा मेरो अनुभव"; अभिलेख संग्रह (पहिलो भाग); वि. सं. २०१८ वैशाख संक्रान्ति; काठमाडौं; पृष्ठ १४

७. कृष्णकान्त अधिकारी– पूर्ववत्; पृष्ठ १९५–१९६

८. सं. कमल दीक्षित– "बत्तीस सालको रोजनाम्चा"; नेपाली त्रैमासिक; पूर्णाङ्क २६; २०२२ माघ, फागुन र चैत; ललितपुर; पृष्ठ १४

ग) टण्डनहरूको उद्गमस्थल पंजाब संभवतः लाहोर नजिकैको कुनै गाउँ हो; टण्डनहरू खत्री अथवा क्षत्रिय हुन् र नेपालमा भएका यावत् टण्डनहरू त्यतावाटै पूर्वतिर सर्दै आएका हुन् ।

घ) उनको पूर्वजले करीब ७०० वर्ष पहिले पंजाव छाडी दिल्ली, मुरादावाद, लखनऊ हुँदै भारतको सिपाही विद्रोहको लगत्तैपछि उनको जिजुवाजे श्री गणेश-प्रसाद टण्डन र वाजे श्री विश्वेश्वरनाथ टण्डन नेपालगंज पसेका हुन् र उनीहरूको गोत्र अङ्गिरस हो ।

ङ) टण्डनहरू काठमाडौंको वत्तीसपुतली, गोर्खा, दाँग, वलकोट आदि जहाँ जतासुकै रहेका भए पनि र हाल आफ्ना गोत्र कौशिक मान्दै आए तापनि तिनीहरू सबै पंजाववाटै वसाइँ सर्दै आएका टण्डनहरूकै वंशजहरू हुन् ।

छलफलको क्रममा श्री कृष्णगोपाल टण्डनवाट प्राप्त माथिका विवरणहरूको आधारमा समेत विचार गर्दा खत्री र टण्डनको सम्वन्ध तथा कम्याण्डर कर्णेल सनकसिंहको थर–टण्डन लाहुरी क्षेत्रीवारे धेरै खुलस्त भए झैं लाग्छ । खुलस्त नभएमा यस सम्वन्धमा अरू थप जानकारी अरू कसैवाट आउला भन्ने आशा गरिन्छ ।

(नेपाली– २०४३ वैशाख)



हेर्नुहोस्– पृष्ठ ५० र ५१



पौवागढी

धेरथोर मिहेनतबाट आर्जन गरिएका जानकारी अरूलाई पनि बाँड्ने रहर ममा छ । त्यो रहरले कतातिर डोऱ्याउने हो मलाई थाहा छैन । तर पनि मेरा राम्रा, नराम्रा तथा छोटा, मोटा केही रचनाले मुद्रित हुने अवसर पाएका छन् । के भनूं, मेरा सिर्जनामा विभिन्न कारणवश केही न केही त्रुटी रहन गएका छन् । धेरै त आत्म संशोधित भइसकेका छन् भने एकाधमा अरूद्वारा इंगित भएका छन् । प्रकाशनपछि त रचनामा आफ्नै मात्र अधिकार रहन्न । यही तथ्यलाई हृदयंगम गरी गल्ती नदोहऱ्याउने प्रयास गरिन्छ र प्रकाशनमा ल्याउन हडबड पनि गरिन्न तथापि आत्मविश्वास भएकै विषयवस्तुमा भूल हुन्छ, मानौं भूल गर्नु नै आफ्नो स्वभाव हो भन्ने चरितार्थ पार्दै ।

कुरो अर्कैतर्फ लागेछ । तर त्यति पर त पुगेको रहेनछ । पर पुग्नु त परै जावोस् बरु यही सिलसिलामा मिलाई एउटा यस्तै यस्तै सानो कमीलाई केलाउन खोजेको छु । विषयतिर फर्कदा यसरी व्यक्त गर्न मन लाग्छ– कैयन् सान्दर्भिक सामग्रीहरूको आधारमा नेपालको गढ, गढी, कोट, किल्ला आदिको विशद चर्चा गरिएको एक ग्रन्थ[1] मा समेत मैले आफ्नो प्यारो गढीको परिचयात्मक विवरण पाउन सकिन । त्यो मेरो प्यारो गढीको नाउँ हो– पौवागढी ।

---

१. श्री सोमध्वज विष्ट एम. ए.– "नेपाल गढ"; कञ्चन रञ्जन विष्ट; ललितपुर; वि. सं. २०३९ वैशाख

हुन त कवि श्री सिद्धिचरण श्रेष्ठको झैं त्यो मेरो जन्मथलो होइन । न त त्यो गढीसंग मेरो पिरती हुँदा म त्यहाँ पुगेकै थिएँ । केवल मेरो संग्रहमा त्यस ठाउँको अड्डाछाप अंकित आवरणहरू भएको हुनाले मात्र मलाई त्यो गढी मन परेको हो । साथै मेरा प्रिय विदेशी विद्वान्हरूले पनि ती अड्डाछापहरूलाई महत्व दिंदै आफ्ना शुरुका किताबमा अज्ञानतावश हुलाक अड्डाका छाप भनेका थिए । तर पछिका पुस्तकमा भने आफ्ना भनाइलाई सच्याउँदै भन्सार अड्डाका छाप भनी चर्चा गरिएको हुँदा अध्ययन एवं अनुसन्धान हेतु मेरो मनस्थिति त्यस्तो हुन पुगेको हो ।

जे भए तापनि यहाँसम्म आइपुग्दा के स्पष्ट हुन्छ भने पौवागढीको छाप भन्सार अड्डाको हो । साथै आवरणको आड लिई अध्ययन गरेमा पौवागढी भन्सार सिन्धुली जिल्लामा पर्ने भनी छुट्ट्याउन जो कसैलाई पनि हम्मे परोइन । कारण, पौवागढीमा भन्सार भएको बखत त्यहाँबाट चलान गरिएका चिठ्ठी पत्रहरूमा शुरु हुलाकको रूपमा सिन्धुली हुलाकको तारीख



टाँचा प्रयुक्त भैरहेको पाइन्छ । तर विदेशी मुलुकसंग सीधा सम्पर्क हुने हाम्रा पूर्व, पश्चिम, उत्तर र दक्षिणका सीमा क्षेत्रहरू तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मात्र भन्सार कार्यालयहरू देख्ने आजका पुस्ताको अगाडि पौवागढी भन्सारको चर्चा तेर्स्याउँदा अलि अन्योलको वातावरण सिर्जना हुन्छ । मलाई पनि विभिन्न स्रोतको आधार लिदा समेत त्यो भन्सारको यकीन अवस्थिति पत्ता लगाउन धेरै कालतक धौ, धौ परेको थियो ।

प्रत्येक नाका, नाकामा भन्सार राख्ने प्राचीन अर्थशास्त्रीय नीति अनुरूप हाम्रो देशको मध्य पहाडी शृङ्खलास्थित पौवागढीमा पनि राणाकालमा भन्सार रहनुमा कुनै आश्चर्यको कुरा भएन। साथै श्री ५ गीर्वाणको सिन्धुलीगढीमा रहेको वि. सं. १८६१ साल माघ शुक्ल पंचमीको अभिलेखमा[२] "पौवाको माझ किल्ला" भनी उल्लेख हुनु र श्री ५ राजेन्द्रको वि. सं. १८९८ को लालमोहर[३] मा "पौवा गढी कुह्ली" भन्ने वाक्यांश पर्नुवाट पनि चर्चित गढीको अस्तित्व शंका रहित हुन पुगेको छ।

तलका वाक्यहरूबाट पौवागढीको अस्तित्वको अतिरिक्त अवस्थिति समेत अवगत हुन सक्ने देखिदा साभार उद्धृत गरिएका छन्:-

"एक हजार जति तालिमी सैनिक लिएर कप्तान किन्लक इ. सं. १७६७ का सितम्बर महीनाका आरम्भमा जनकपुरमा आइपुगे। उनको साथमा पहाडी किल्ला फोर्न सक्ने एक वडो तोप पनि थियो। यस तोपको साथ रसदको इन्तजाम गर्न भनी सैनिकको एक टोली पनि पठाएर सिन्धुलीगढी दखल गरे। तर महाभारतको भन्ज्याङमा रहेको पौवागढीलाई गोर्खाली अफिसरले बचाइराखे... सिन्धुलीबाट पौवागढीतिर चढ्ने घना जंगलको गोरेटोबाट शत्रुको ताँती उक्लन लाग्दा ताँतीको माझमा पारेर शिकारीहरूले हमला गरिदिदा ताँती खलबलिएर गोरेटो छाडी जंगलभित्र पस्यो।"[४]

"तेस्रो बासमा सिन्धुलीमाडी आइपुग्छ र त्यहाँ रसद प्रशस्त पाइन्छ भन्दै शत्रुको दललाई बढाएर ल्याउँदा सिन्धुलीगढीको बजार पनि रित्तिएको देखेर उनले त्यहीं मुकाम गरे। शत्रुको सैन्यदल ठूलो देखेर सिन्धुलीगढीमा रहेको गोर्खाली सैन्यदल तीन माइलको गोरेटो उकालो चढेर महाभारतको भन्ज्याङमा रहेको पौवागढीमा पुग्यो, शत्रुमाथि चढ्ने निश्चय देखेर उकालाको माझमा परेको ढुंगेवासबाट शिकारी सरदार वंशु गुरुङ्गले डाड हान्ने र मुहडाबाट वीरभद्र उपाध्यायले झरेर हान्ने प्रबन्ध वंशराज पांडेले मिलाई राखेका थिए। यस मार्गबाट आउने शत्रुलाई रोक्नको निमित्त मकवानी राजाहरूले लगाइराखेको सिस्नाका घारी र बच्छिउँका गोला समेत जो पालिराखेका थिए तिनलाई गोर्खालीले पनि

२. श्री मोहनप्रसाद खनाल— "अभिलेख संकलन"; साझा प्रकाशन, ललितपुर; वि. सं. २०२८; पृष्ठ ८४
३. श्री मोहनप्रसाद खनाल— "अभिलेख संग्रह", साझा प्रकाशन, ललितपुर; वि. सं. २०२८; पृष्ठ १०५-१०६
४. इ. शि. श्री बाबुराम आचार्य— "श्री श्रीजयप्रकाश मल्ल"; प्रगति, पूर्णाङ्क १३; प्रगति प्रकाशन, ललितपुर; पृष्ठ ६४–६५

सुरक्षित राखेका थिए। रसदको कमी हुँदा किनलकले पौवागढी छोडेर फर्कनु पनि उचित सम्झेनन् र सिपाहीलाई आधा खुवाई उकालातिर चढाए।

शत्रुको पाँती भन्ज्याङ्गनिर पुग्नलाग्दा वंशु गुरुङ्गले पाँतीको ढाडमा हानेर आक्रमण गरेर पाँतीलाई टुक्र्याएर बच्छिउँका गोला पनि फोरिदिए। माथिबाट वीरभद्र उपाध्यायले पनि आक्रमण गरिदिँदा शत्रुसैनिक दल फर्क्यो र हडबडमा दौडँदा सिस्नाका चोट, बच्छिउँका चिलाइ र गोर्खालीका हतियारका मारले पुगनपुग एक हजार जति शत्रुसेना हताहत भयो। ३०० जति गोर्खालीहरू पनि खेतरहे। किनलक र अंग्रेज अफिसर जति सिन्धुलीगढीमा[५] रहेका हुनाले बचे।"

"सिन्धुलीगढीबाट खुर्कोटमा जाँदा शुरुमा नै पौवागढीसम्म ४ कि. मी. को ठाडो उकालो थियो। दायाँ बायाँ जङ्गल भएको नागबेली परेको बाटो थियो। आधा उकालादेखि थोरै पश्चिमपट्टि वन जङ्गल नाघेर ढुंग्रेबासमा शत्रुको ताँती उकालो लागेका समयमा ढाड हान्न भनेर पाँचसय जति गोर्खाली सैनिक वंशु गुरुङ्गको नेतृत्वमा तैयार रहेका थिए। पौवागढीमा शत्रुको सेना आइपुगेपछि शत्रुलाई हान्न भनेर वंशराज पाँडे र वीरभद्र उपाध्याय सातसय जति सैनिक लिएर चौकन्ना भैरहेका थिए।"[६]

"सिन्धुलीगढीको नजीक पौवागढीमा पुग्नासाथ पृथ्वीनारायण शाहको फौजले किनलोकको फौजमाथि अप्रत्याशित रूपबाट आक्रमण गर्‍यो।"[७]

माथिका उद्धरणहरू जयप्रकाश मल्ललाई मद्दत गर्न आएको अंग्रेजी सैन्य र गोर्खाली सैन्य बीचको भीडन्तसंग सम्बन्धित देखिन्छन्। परन्तु यिनीहरूले पौवागढीको सही अवस्थिति पत्ता लगाउने हाम्रो चासोमा पनि प्रशस्त भरथेग पुर्‍याएका छन्। त्यसउसले त्यस भेगमा भ्रमण नगरेका व्यक्तिलाई समेत सिन्धुली-गढीभन्दा उत्तर ठाडै उकाली लागेपछि महाभारत पर्वतको उचाइमा रहेको पौवागढीमा पुगिने तथ्य ज्ञात हुन्छ। फेरि, श्री ५ गीर्वाणबाट वि. सं. १८५७ सालमा

---

५. इ. शि. श्री बाबुराम आचार्य– "नेपालको संक्षिप्त वृत्तान्त" (खण्ड १), प्रमोदशम्शेर र नीरविक्रम "प्यासी"; काठमाडौं; वि. सं. २०२२ चैत्र; पृष्ठ ३९–४०

६. इ. शि. श्री बाबुराम आचार्य– "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (संक्षिप्त जीवनी) भाग ३"; श्री ५ महाराजाधिराजका प्रमुख सम्वाद सचिवालय, राजदरबार, काठमाडौं, नेपाल; वि. सं. २०२५ विजया दशमी; पृष्ठ ४७९–४८०

७. प्रो. श्री ढुण्डीराज भण्डारी– "नेपालको ऐतिहासिक विवेचना"; कृष्ण कुमारी; वाराणसी; वि. सं. २०२५; पृष्ठ १३७

सर्दार चामू भण्डारीको नाममा जारी गरिबक्सेको लालमोहर[८]मा पनि सिन्धुलीको पौवागढी भन्ने मात्र जिकिर भएको होइन, बरु सिन्धुलीगढी र पौवागढीमा क्रमशः २०० र १०० नाल बन्दुक राखी छाड्ने भन्ने समेत भइरहेको हुँदा दुइटा गढीको बग्लाबेग्लै अस्तित्व कायम रहे भएको देखिन्छ ।

यति धेरै विवरण उपलब्ध हुँदाहुँदै पनि सिन्धुलीलाई आफ्नो कर्मभूमि बनाउने केही राजनीतिक कार्यकर्ता, त्यस जिल्लामा प्रमुख भई बसिसकेका केही राष्ट्रसेवक र सिन्धुलीमाडी, रामेछाप धेरै पटक ओहोर दोहोर गरिसकेका केही व्यक्तिहरूसँगको सम्पर्कबाट समेत पौवागढीको अस्तित्व स्पष्ट हुन नसकेकोले त्यस भेकको भ्रमणमा आफै जाने विचार गरिरहेको थिएँ । २०४४ सालको फागुन महीनाको अन्तिम दिनमा साइत जुर्न आयो । अनि केही सहयात्रीहरूको हाथ सिन्धुलीमाडीबाट डुंग्रेबास, चियाबारी, फेदी, ढुंग्रे भन्ज्याङ्ग हुँदै आडमा पुगियो । ढुङ्गै ढुङ्गाको यो आड अहिले हेरचाह नगरिएको अवस्थामा रहे तापनि अत्यन्त प्रभावोत्पादक छ र तत्कालीन नेपालको लडाईं लड्ने तरीका तथा किल्लाको जानकारी दिन समर्थ छ ।

माडीबाट गढी जान र गढीबाट माडी आउन आड भई जानु, आउनु सिवाय अरू कुनै बाटो देखिन्न । यात्राको सिलसिलामा आड आइपुग्नु अलि अघि ढुङ्गाका राम्रा खुड्किलाहरू र आडैनिर ढोकाको अवशेष फेलापरेको थियो । स्थानीय व्यक्ति एवं बूढापाका बटुवाहरूको भनाइ अनुसार गढीको बाटो भई आतेजाते गर्न आडको ढोकामा तत्काल टिकस (राहदानी) लिने दिने गर्नु पर्दथ्यो ।

आडबाट पश्चिमोत्तरतर्फ उकाली लागेपछि महाभारत श्रृङ्खलामा रहेको भन्ज्याङ्गका दायाँ र बायाँका डाँडाहरूमा झारपातले ढाकिएका गढीहरू देखिए । ठूलो गढी र सानो गढीको नामद्वारा चिह्निने यी दुबै गढीहरू अवलोकन गरियो । गढीबाट अड्डाहरू सारिनुअघि यही भन्ज्याङ्गमा र यसको आसपासमा पल्टन रहने छाउनी, भन्सार, हुलाक, अदालत आदि भएको तथ्य अवगत भयो । तर अहिले आएर प्रहरी चौकी बाहेक अरू सबै भवन भग्न अवस्थामा छन् भने हुन्छ । सानो गढीभन्दा पश्चिमपट्टि रहेको टुंडिखेलबाट तत्कालीन बडाहाकिम बस्ने हाल बिग्रे भत्केको दरबार र ऐतिहासिक गढीहरूको अवस्था देख्दा चित्त साह्रै दुखेको थियो । तर माडी फाँटसम्म देखिने मनमोहक दृश्यावलोकनले भने करीब ३ घण्टाको पहाड चढाइ समेत चटक्कै बिर्साइदिएको थियो ।

८. श्री चित्तरञ्जन नेपाली– "श्री ५ रणबहादुर शाह"; श्रीमती मेरी राजभण्डारी; काठमाडौं; वि. सं. २०२०; पृष्ठ ४८–४९

स्थानीय जनता र गढीको बाटो हिंड्ने वटुवाहरूको स्मृतिपटलबाट पर पुगिसकेको विषय हुनाले भ्रमणमा जाँदा समेत पौवागढी यही नै हो भनी ठोकुवा गर्न चाहिं सकिएन । तर त्यो गढी सिन्धुली हुलाकको नजीक रहेको र तत्काल गढीमा रहेको सिन्धुली हुलाकको नजीक अरू भन्सार नभएको कारणले गर्दा भने माथि चर्चित गढीको भन्सार नै पौवागढी भन्सार हो भनेमा फरक पर्ने देखिंदैन । त्यसमाथि थप प्रहरी चौकी जाने बाटोमा ठड्याइएको ठूलो फलामे तराजुको टुक्रा डण्डीले पनि पौवागढी भन्सारको अवस्थिति यहीं कहीं भएको प्रतीत हुन्छ ।

माथिका उद्धरणहरूको आधार लिंदा सिन्धुलीगढीभन्दा उचाइमा पौवागढी रहेको तथ्य स्पष्ट हुन्छ । आड पनि एक प्रकारको किल्ला नै भएकोले त्यसलाई गढी मानेमा वा आडभन्दा तल वा ढुंग्रेवासभन्दा पनि तल गढी भएको अनुमान गरिएमा हाल सिन्धुलीगढी भनी आएको गढीलाई पुरानो जमानामा पौवागढी भन्दा रहेछन् भन्न सकिन्छ । तर उद्धरण अनुसारको दूरी नमिलेको र यात्रा अत्यन्त सीमित ढङ्गले मात्र गर्न पाई आसपासका अरू ठाउँहरूको भ्रमण गर्न नभ्याइएको परिप्रेक्ष्यमा पौवागढी सम्बन्धमा अनुसन्धानको खाँचो अझै टड्कारो रहेको अनुभूति हुन्छ । त्यही खाँचोको शीघ्र पूर्ति हुने आशा राख्दै पौवागढीको प्रशस्ति गायन-सम्बन्धी निम्न स्तुति पद्यलाई सारेर यस चर्चालाई यहीं समाप्त गरिन्छ ।

"पल्टनको त निवास् उदैपुर गढी गढ् मत्स्यरेखा पनि ।
पौवागढ् सिन्धुली महा तखतमा किल्ला त पक्का बनि ।।
पत्थर्‌को गढ त्यो उचाइ छ अती ढोका फलाम्‌का तहाँ ।
लाखौं बैरि निपात् हुन्या छिनमहाँ यस्तो बखतको कहाँ ।।६।।"



(मधुपर्क–२०४५ साउन)

---

९. श्री यदुनाथ पोखरेल– "स्तुति पद्य (३)"; पुराना कवि र कविता (लेखक सम्पादक श्री बाबुराम आचार्य); नेपाली भाषा प्रकाशिनी समिति; बि. सं. २०१७ दोस्रो पटक; पृष्ठ १११

सिठी देवता–कुमार

हाम्रो धार्मिक एवं सांस्कृतिक क्षेत्रमा गणेश र कुमार दुवै बहुचर्चित देवता-हरू हुन् । कैयन् देवमन्दिर, तोरण, प्रासाद, नगरद्वार र घरको मूल ढोकामा यी दुई देवताहरू दायाँ र बायाँ चित्रण गरिएका हुन्छन् । साथै प्रत्येक शुभ कार्यको सिल-सिलामा गणेशलाई सर्वप्रथम पूजा गर्नुपर्ने विधि विधान छ भने नेवारी समाजमा त गणेशलाई भन्दा पनि पहिले कुमारलाई पुज्ने प्रचलन छ । कारण, नेवारहरू आफ्नो घरको मूल ढोकाबाहिरको अग्रभागमा सानो गोलाकार बनाई त्यसैमा "पिखालखु दुकाय्गु" भन्ने पूजा नगरी स्थान गणेश मन्दिरमा समेत पूजा पठाउँदैनन् । यहाँ के विचारणीय छ भने 'पिखालखु' शब्दले घर बाहिरको नदी भन्ने संकेत दिन्छ । अतः 'पिखालखु दुकाय्गु' पूजाले गंगापुत्र कुमारको पूजा गरेको सिवाय अर्को अर्थ लगाउन मिल्दैन । त्यति मात्र होइन, कुमारको जन्मोत्सव जेष्ठ शुक्ल षष्ठीलाई नेवारहरू सिठी नखः नामक लोकप्रिय चाडको रूपमा मनाउँछन् । त्यस दिन यिनीहरू, कुवा, इनार, पोखरी, आदि सफा गर्छन्, विविध प्रकारका बाराहरू खान्छन् र आफ्ना निश्चित तिथिमा देवाली गर्न नपाएको भए देवाली समेत मनाउँछन् ।

महादेवका पुत्र र तारकासुर दैत्य-वधको आख्यानका सेनानायक युद्धदेवता कुमार स्कन्द, स्वामी कार्तिकेय, विशाख, षडानन, अग्निभू, गूह, द्वादशकर, षष्ठी मातीय, सुब्रह्मण्य, मुरुगण आदि नामबाट विख्यात छन् । वैदिक ऋचामा[1] गणेशलाई 'जेष्ठराज' भनिएको छ भने महाकवि भास (अनुमानित ईसापूर्व ४५० वर्ष)[2] द्वारा लिखित 'प्रतिज्ञायौगन्धरायण' नाटकको नान्दीमा कार्तिकेयलाई 'वत्सराज'[3] नामले पुकारिएको पाइन्छ । साथै एक प्रसिद्ध देवताको रूपमा कुमारको पूजाअर्चना गर्ने चलन ईशा पूर्व दोस्रो शताव्दीमा नै भइसकेको[4] प्रमाण फेलापरेको छ । यिनी कैयन् राजघरानाका इष्ट देव भएको हुँदा उत्तर भारतका केही प्राचीन मुद्राहरूमा यिनको नाम वा प्रशस्ति वा प्रतीक वा आकृति अङ्कन भएका[5] पाइन्छन् । गुप्त राजाहरूमा स्कन्दगुप्त, कुमारगुप्त आदि भएका, महाकवि कालिदास विरचित प्रसिद्ध महाकाव्यको नाम नै 'कुमारसम्भव' भएको, हिमवत्खण्ड अन्तर्गत नेपाल महात्म्य समाविष्ट धर्मग्रन्थ नै स्कन्द पुराण भएको र गाणपत्य, सौर आदि जस्तै कौमार सम्प्रदायको समेत संस्थापना ईशाको आठौं शताब्दीभन्दा अघि भइसकेको[6] देखिन्छ । पश्चिमी संस्कृतिमा समेत युद्धदेवताको रूपमा लिइने मार्स (Mars)[7] को पर्यायमा रहेका मङ्गलको आदिदेवता नै कार्तिकेय भएको[8] चर्चाले पनि तत्काल यिनी कत्ति लोकप्रिय थिए भन्ने तथ्य बोध हुन्छ । अहिले

१. ऋग्वेद (शाकल) संहिता (२।२३।१)

२. डा. श्री नीरजाकान्त चौधरी– "पञ्चोपासना" कल्याण, उपासना अङ्क; वर्ष ४२, संख्या १, पूर्ण संख्या ४९४; सौर माघ २०२४ (जनवरी १९६८); गोरखपुर, भारत; पृष्ठ ५३१

३. महाकवि भास– "प्रतिज्ञायौगन्धरायण" १।१

४. भी. आर. मणि – "सन्स अफ् शिव– ए स्टडी इन् दि रिलिजियस कल्टम् अफ् गणेश आयण्ड कार्तिकेय"; शारदा प्रकाशन, दिल्ली, भारत; सन् १९९०; पृष्ठ ६७–६८

५. पूर्ववत्– पूर्ववत्; पृष्ठ ६८–७१

६. पूर्ववत्– पूर्ववत्; पृष्ठ ७३

७. डा. प्रतापदित्य पाल आयण्ड श्री दीपकचन्द्र भट्टाचार्य– "दि आष्ट्रल डिभिनिटिज् अफ् नेपाल"; पृथ्वी प्रकाशन, वाराणसी, भारत; सन् १९६९; पृष्ठ ४५–४६

८. पूर्ववत्– पूर्ववत्; पृष्ठ ३६ र ४५–४६

सरसरति हेर्दा नेपाल र उत्तर भारतमा भन्दा दक्षिण भारतमा कुमार मान्ने चलन बढी छ। दक्षिण भारतीयहरूले त आफू बसाइँ सरेर गएका मुलुकहरूमा पनि कुमार पूजनलाई आफ्नो सांस्कृतिक सम्पदाको रूपमा लिई गएका छन्। त्यसैले भारत-बाहिर श्रीलंका, मलेशिया र सिंगापुरमा समेत यस देवतासँग सम्बन्धित उत्सव श्रद्धा एवं भक्तिका साथ वडो उल्लासमय ढङ्गले मनाइन्छ। काठमाडौंको न्हूघल (जैसीदेवल) बाट पनि कुमार षष्ठी (सिठी) को भोलिपल्ट यस देवताको खट यात्रा गर्ने पुरातन चलन बीचमा टुटे पनि हाल पुनः कायम गरिएको छ। काठमाडौंका उक्त कुमारको सम्बन्धमा गरिएको संक्षिप्त अध्ययन एवं अवलोकनको आधारमा अब यहाँ केही चर्चा परिचर्चा अघि सार्ने प्रयास गरिन्छ।

जनजिब्रो अनुसार सिठी द्यः नामबाट पुकारिने कुमारको ह्लवं (देवस्नान) सिठी चाडको ४ दिनअघि जैसीदेवलस्थित देवगृहसंगैको ढुङ्गाको डवलीमा सम्पन्न गरिन्छ। ह्लवंको सिलसिलामा काष्ठनिर्मित कुमारलाई डवलीमा विराजमान गराउनुअगाडि त्यहाँ पुलु (नेवारी समाजमा मृतकलाई बेरेर लैजाने निगालाको चटाई वा मान्द्रो) विछ्याइन्छ। केही क्षणको पूजोपरान्त दुई लोटा दूध तथा वागमती र विष्णुमतीको संगमबाट ल्याइएका २ घडा पानीद्वारा देवस्नान गराइन्छ। स्नान सकिएको लगत्तैपछि रातो कपडाले छोपी कुमारलाई देवगृहमा फिर्ता लगिन्छ। यस विधानबाट सिठी देवताको मृत्यु प्रतीकात्मक तवरले इंगित गरेको स्पष्ट हुन्छ।

चोभारको डाँडोमा अवस्थित आदिनाथ लोकेश्वरको ह्लवंसित सम्बन्धित नेकू (नियमकूल) अर्थात् ६ थरी श्रेष्ठ जातका मानिसहरू कुमारको स्नानमा पनि संलग्न भएका पाइएका छन्। आदिनाथको ह्लवंको पालो पर्ने ललितपुर थसी सानागाउँका ४ जना नेकूमध्ये २ जनाले ह्लवंको दिनदेखि खट यात्रा नभएसम्म शुद्ध भई सात्विक भोजन गरी जैसीदेवलमा प्रवास काल विताउँछन्। त्यस अवधिमा यी नेकूद्वयले देवस्नानको अतिरिक्त ललितपुर टङ्गल टोलको नेकू परिवारबाट प्राप्त गरेको बोचा (रातो मछिन्द्रनाथको मूर्तिमा प्रयोग गरिने ह्मय्पिको पवित्र माटो) द्वारा मयूर र कुमारको मूर्तिका बिग्रेका भागहरू पुर्ने र कुमार तथा उनको बाहनलाई लंपुछाय्गु (रंग रोगनद्वारा नयाँ पार्ने) कार्य गर्दछन्। रंग लगाउने सन्दर्भमा कुमारको सम्पूर्ण शरीरलाई रातो वर्णको बनाउने, कालो रंगले कपाल र आँखाको चित्रण गर्ने र दुबै कानका तल्ला भागहरूमा पहेंला थोपाहरू अङ्कन गरी गहना सादृश्य तुल्याउने गर्दछन्। यिनीहरूले मुजुरमा नीलो रंगको अधिक प्रयोग गर्ने भए पनि प्वाँखलाई स्पष्ट पार्न भने सेतो रंग व्यवहारमा ल्याउँछन्।

यसप्रकार नेकूद्वयद्वारा गरिने देव चित्रणमा रातो, कालो, सेतो, नीलो, पहेंलो, हरियो आदि गरी करीब ६।७ रंगको उपयोग हुने बुझिएको छ। यी नेकूहरूले कुमारका अस्थायी पूजारीका रूपमा समेत कार्यरत हुनुपर्ने रहेछ। त्यवं र कुमार जन्मदेखि यात्रा नभएसम्मको अवधिमा सिठी द्यः लाई जे जति चढाइएका हुन्छन् ती सबै यिनै नेकूहरूको हुन्छ।

जैसीदेवल नाम गरेको कृष्ण मन्दिरको पूर्वपट्टि भजन गृह जस्तो देखिने, झिंगटीको छाना र गजूर एक भएको कुमार पाटी छ। वि. सं. २०३९ साल कुमार-षष्ठीको बेलुकीको कुरो हो। त्यस पाटीमा देवविहीन पित्तलको आसन सम्मुख राजोपाध्याय पुरोहितद्वारा होम एवं पूजा भैरहेको बेला म त्यहाँ पुगेको हुन्छु। करीव रातको ९.३० बजेतिर रातो कपडाले छोपेको कुमारलाई त्यस अनुष्ठान-स्थलमा ल्याई पुऱ्याइन्छ। मण्डल बनाएर कुमारलाई स्वागत-सत्कार गर्ने (सिफं लुयुगु र ताःचा ज्वंका दुकायुगु) कार्य गरिन्छ र त्यसपछि आसनमा विराजमान गराइन्छ।

पूर्ण कलशमाथि राखिएको पसूका (पञ्च सूत्र) ले कुमारको मूर्तिलाई बेरी होम, पूजा आदि गर्दागर्दै एउटा यस्तो क्षण आउँछ, जुन बेला कुमारमाथि राखिएको सम्पूर्ण रातो कपडा उतारिन्छ। त्यही अनावरण क्रियाको साथ कुमार जन्मको विधान पूरा हुन्छ। स्मरणीय छ, त्यस बेला कुमारलाई कुनै वस्त्र पहिऱ्याइएको हुँदैन। अनि कुमारका दुवै कानका तल्ला भागमा कुशस्पर्श गराई कर्णछेदन तथा सुन र चाँदीका छुराले कपाल छुवाई बुसंखा (क्षौर अर्थात् चूडाकर्म) र अनि व्रतवन्धको विधि पूरा गरिन्छ। साथ, मच्छिन्द्र आदि देवदेवतालाई झैं कुमारलाई पनि देवी स्वरूपा मानी कुमोका (एक प्रकारको धागो) को माला पहिराई इही (बेल बिवाह) समेत सम्पन्न गराइन्छ। कुमारकी शक्ति देवसेना भए तापनि यतातिर कुमार आजीवन कुमार नै रहेको भन्ने धारणाले होला पुरुषको रूपमा हुने बिवाहको विधिविधान भने त्यस बेला त्यहाँ भएन। पूजा आदिको सिलसिलामा देवता, पुरोहित, आचार्य र पूजारीलाई सलाः पाः (प्रसाद राखिएको पवित्र पात्र) प्रदान गर्ने र नेवारी समाजमा शिशु जन्मको वखत व्यवहृत गरिने सिसापालु (चाकु, नून, अदुवा र ज्वानु) आदि नै त्यस दिनको प्रसाद हुने रहेछ।

उपर्युक्त कर्मकाण्ड समाप्त भएपछि पूजारीका ६ वटै खलक मिली कुमारलाई किरीट, गहना र पोशाक पहिऱ्याई सजिसजाउ पारिन्छ। त्यस बेला छातीमा सुनौला पाता लगाइने हुँदा कुमारको वाहन परवाणि गर्वले फुली नाची हाल्ला

जस्तो आभास मिल्दो रहेछ। केवल जात्राको लागि शृङ्गार गरिने हुँदा विचाः (विचार) पूजाको दिनसम्म मात्र उक्त सजावट राखिछाड्ने चलन छ।

दायाँ हात वरद मुद्रामा, बायाँ हातमा आयुध लिएका र मयूरमाथि आरूढ कुमारको यात्रा सिठीको भोलिपल्ट बिहानदेखि भव्य खटमा राखी गरिन्छ। यात्राको पहिलो चरणमा सिठी द्यः कुमारलाई हनुमानढोका लाने र त्यहाँ राजप्रासादको पूजा थापिसकेपछि खटयात्रा शुरु भएकै स्थानमा फिर्ता गरी नित्य पूजा गर्ने चलन रहेछ। दोस्रो चरणमा भने नगर परिक्रमाको सिलसिलामा जैसीदेवल, ज्यावहाल, लगन, गोफल, क्वहिटी, भीमसेनस्थान, मरु, प्याफल, यटखा, नरदेवी, न्ह्योखा, असन, इन्द्रचोक, हनुमानढोका, अट्कोनारायणस्थान र चिकंमुगल हुँदै पुनः जैसीदेवल पुऱ्याई क्वहिटी झर्ने चौबाटोमा खटलाई ३ पटकसम्म फनफनी घुमाइँदो रहेछ।

आजकल खट जात्रामा साथ लाग्ने मानिसहरू र बाजाको कमीले गर्दा वातावरण त्यति उल्लासमय देखिँदैन। तर कुमारको ह्वं हेर्ने दर्शकहरू तथा जन्मोपरान्त कुमार पाटीमा राखी छाड्दा र खट जात्राको बखत कुमारप्रति श्रद्धा भक्तिपूर्वक विभिन्न प्रकारका बारा सहित पूजाअर्चना गर्ने काठमाडौं निवासीहरू अझै पनि अनगिन्ती नै छन्। जात्राको बखत काठमाडौं शहरबाट करीब ८ कि. मी. पर पश्चिममा रहेको बलंबू गाउँका मानिसहरूद्वारा हुने भव्य पूजा भने अविस्मरणीय खालको हुँदो रहेछ। काःबाजा, नाय् बाजा, जोगी बाजा जस्ता सांस्कृतिक बाजागाजाका साथ पूजा गर्न आउने ज्यापू पूजारी लगायत त्यहाँका थामीदार, दुवाल, देशवार श्रेष्ठहरू र अन्य ज्यापूहरू पनि प्रशस्तै हुँदा रहेछन्। फेरि, कुमारको खटमा रहने श्रेष्ठ पूजारीले पनि बलंबू निवासीहरूलाई नै अरूलाई भन्दा धेरै प्रसाद र पञ्चसूत्र दिंदो रहेछ। यसो हेर्दा जनसमूह धेरै भएकोले मात्र यसप्रकार व्यवहार गरेको हो कि भन्ने भान पर्दछ। तर यहाँ कुरो अर्कै रहेछ। कुमार जात्राकै दिन बलंबूमा पनि महालक्ष्मी, गणेश, कुमारी आदि देवदेवीहरूको जात्रा हुने, कुमार बलंबूकै बालक भएको, त्यहाँबाट चोरेर काठमाडौं ल्याइएको, चोरिएको चाल पाएपछि बलंबूका मानिसहरू कुमार खोज्दै काठमाडौं आएको र त्यही बाटो अद्यापि पछ्याउँदै पूजा गर्न आउने गरेको तथा बलंबू निवासीहरूलाई जात्रा सकिएको जानकारी दिन वा आमालाई सम्झेर प्रदक्षिणा गर्न जात्राको समाप्तितिर खट ३ पटक फनफनी घुमाइने गरेको भन्ने बलंबूबाट कुमार पुज्न आएका ज्यापू पूजारीको कथन रोचक एवं कौतूहलपूर्ण छ। तर कुमारको पूजारीको भनाइ भने बेग्लै छ, जस अनुसार जैसीदेवलको चौबाटोमा रोइरहेको एउटा बालख फेलापरेको,

उक्त बालखलाई फकाई-फुल्याई घरमा ल्याई कोठामा राखेको र अनि सिठी चाडको बारा खुवाउन बुङ्गलबाट लिएर आउँदा त कुमारको रूपमा सिद्ध भैसकेको भन्ने छ। कुरो जेसुकै होस्, हाल बलंबूको पूजालाई आमाको पूजा र जात्राको ४ दिनपछि अट्कोनारायणस्थानका श्रेष्ठ परिवारद्वारा गरिने पूजालाई मामाको पूजा भन्ने गर्दा रहेछन्। यसबाट पनि आदिमा कुमार बलंबूकै हुन् भन्ने ठहरिन आउँछ।

साँझपख खट जात्रा सिद्धिएपछि ३।४ जनाले बोकेर बन्दिपुरे चोकस्थित देवगृहमा भित्र्याउनुअघि कुमारलाई शान्ति स्वस्ति सहित स्वागत-सत्कार गरिन्छ। कुमारको गृह प्रवेश उपरान्त दर्शनार्थीहरूको घुइँचो लाग्न थाल्छ र त्यस रात देवद्वार बन्द भएपछि विचाः पूजा नभई कसैलाई पनि कुमारको दर्शन गराइन्न। त्यहाँ देवतालाई बत्ती देखाएर डलु (बत्ती राख्ने भाँडो) मा बालेपछि छुन नहुने र पूजारीले बलेको बत्ती हेरेर जोखना गरी मुद्दा मामिला जित्ने नजित्ने रोग निको हुने नहुने, परदेश गएको व्यक्ति फर्कने नफर्कने आदि भविष्यवाणी गर्ने चलन प्रचलित थियो।

काठमाडौं उपत्यकाभित्र कुमारका विविध प्रकारका मूर्तिहरू यत्रतत्र छरिएर रहेका छन्। ललितपुरको कुसुन्ती कुमार पीठको दृष्टिले नाम चलेको छ भने अन्यत्रका कुमार पनि त्यत्तिकै प्रख्यात हुन सक्छन् तथापि प्रतिवर्ष विधिपूर्वक ह्लवं, जन्म र जात्रा समेत हुने हुनाले यी कुमारको प्रसिद्धिलाई अरू कुनै कुमारको भन्दा कम आँकन सकिन्न। यी देवताको स्नान, जन्म र जात्रा बाहेक पूजा-अर्चनाको लागि कुनै विशेष तिथि, दिन र वार निर्धारित गरिएको पाइन्न। तर सिठी द्यःको पुजनमा आदित्यवार भने अरू वारहरूको तुलनामा ज्यादा लोकप्रिय छ। संभवतः शुरु शुरुमा केही समयसम्म कुमारको सम्बन्ध सूर्यसंग रहेकोले[१] नै आदित्यवारलाई महत्व दिइआएको हुनुपर्छ।

(प्रज्ञा–२०४५ साउन, भदौ र असोज)

---

१. भी. आर. मणि– पूर्ववत्; पृष्ठ ७४



चण्डेश्वरीका भैरव

लेखको शीर्षक नै यस्तो राख्न पुगेछु, जसले गर्दा भैरवको साथै चण्डेश्व ीको विषयमा समेत केही लेख्नुपर्ने भएको छ । तर लामो लेख्ने लोभलाई संवरण गर्न नसकेर मात्र मैले यस प्रकार शीर्षक सिर्जना गरेको होइन । मुख्यतः पटक पटक दर्शन गर्दा पनि शास्त्रीय ज्ञान अनभिज्ञताको कारण चण्डेश्वरी मन्दिरमा रहेको भैरव-चित्रलाई मैले चिह्न सकिन । त्यसैले देवी चण्डेश्वरीसँगै नाता जोडेर मात्र यस भैरवसम्बन्धमा चर्चा गर्ने प्रयास गरेको हुँ ।

भैरवलाई राम्ररी पहिचान गर्न नसकेकोमा भने मलाई त्यति दुःख लागेको छैन । कारण, भैरव नै एक यस्तो देवता हो जसलाई हिन्दूहरू शिवको उग्र रूप मान्छन् भने बौद्धहरू अक्षोभ्य बुद्धका सन्तान वा समूहभिन्नको देवता ठान्छन् । यिनीहरू यति विघ्न धेरै छन् र यति धेरै थरीका छन् जसको लेखाजोखा गरेर साध्य नै छैन । साथै, यिनीहरू माटो, काठ, शिला तथा धातु निर्मित छन् र कागज, पौवा एवं देव मन्दिरका भित्तामा चित्रित छन् । भैरव मूर्तिहरू पूर्ण कदका र

टाउकोमा मात्र सीमित भएका पनि पाइन्छन्। टाउको मात्र भएका भैरवहरूले त राजा यलम्बर वा काशीका भैरवनाथको शिरच्छेदनसम्बन्धी नेपाली आख्यानलाई प्रतिनिधित्व गरेका छन्। यिनीहरू खास गरेर शून्यताको संकेत स्वरूपमा लिइने नीला रङ्गका हुन्छन् तापनि काला, सेता तथा अन्य रङ्गका भैरव पनि नभएका होइनन्।

भनिन्छ, नेपालमा ५० लाख भैरव, भैरवी छन् र यिनीहरू अधिराज्यका बिभिन्न भागमा छरिएर रहेका छन्। फेरि, बौद्ध सम्प्रदायका भैरवहरूको मात्र कुरा गर्ने हो भने पनि कुनै वाममार्गी छन् त कुनै दक्षिणपन्थी। सरसर्ति हेर्दा नेपालमा भैरवहरू मानवको रूपमा, जनावरको रूपमा, हिमालयको रूपमा, कुण्डको रूपमा, यन्त्रको रूपमा, भाँडाकुँडाको रूपमा त कुनै पेय पदार्थको रूपमा समेत पाइन्छन्। भैरवको मुख्य वाहन वेताल हुन् तापनि भिन्न भिन्न शक्तिका पुरुष रूपमा रहेका भिन्न भिन्न भैरवका वाहनहरू पनि भिन्न भिन्न नै हुन्छन्। साथै शिरमाथि अक्षोभ्य बुद्ध धारण गरेका भैरवहरू काठमाडौं उपत्यकामा प्रशस्त पाइन्छन् भने गणेशमाथि आरूढ भैरव र गणेशलाई बोकेका भैरव पनि नभएका होइनन्। काशीबाट भैरव ल्याइएका र काठमाडौंबाट पाल्पातर्फ भैरव लिई गएका घटना विवरणहरू संस्कृतिमूलक पोथीहरूमा अभिलिखित छन्। चामुण्डा वा अजिमा प्रधान यस भूमिमा एकातिर पुरुषत्वका प्रतीक भैरवहरू शक्तिका साथ विभिन्न मुद्रामा रहेका छन् भने अर्कोतर्फ कसाई समुदायको युवतीसंग भैरवको सम्बन्ध विषयमा पनि रोचक किंवदन्तीहरू विद्यमान छन्।

क्रोध तथा भयङ्करताको प्रतिमूर्ति मानिने भैरवलाई विशेषतः क्षेत्रपाल वा दिक्पाल तथा संरक्षकको पर्यायमा लिइन्छ भने केही भैरवलाई राजाको रूपमा त केहीलाई आफ्नै पूर्वज (आजुद्यः) को रूपमा लिने चलन समेत हाम्रो समाजमा प्रचलित छ। नेपालीहरूको उत्तर र दक्षिणतर्फको व्यापारमा समुन्नति ल्याउने वाणिज्यदेव भीमसेनलाई भैरव मान्ने गरिन्छ तथा भैरवलाई नै विश्वकर्मा एवं नृत्यनाथको रूपमा समेत पुज्ने गरिन्छ। शिवलाई दक्षको यज्ञ भङ्ग गराउन र काठमाडौं उपत्यकामा मच्छिन्द्र ल्याउन भैरवकै सहयोगले सम्भव तुल्याएको तथ्य पौराणिक कथा पढ्दा थाहा हुन्छ।

भैरव नै यस्तो गणनृत्य देव हो जसले अरू देव-देवीहरूको लागि पति वा पितातुल्य भई व्यवहार गर्छ र जसमा अन्य सबै गणदेवताहरूको शक्ति केन्द्रीभूत

भएको हुन्छ। त्यसैले प्रत्येक १२ वर्षमा खड्गसिद्धि प्रदान गरेर नेपाली राजालाई निष्कंटक राज्य सञ्चालन गराउन लगाउनेमा नृत्यदेव भैरव पनि एक हो। त्यस्तै नेपालेश्वरका इष्टदेवी तलेजुलाई नृत्य गर्दै फूलमाला चढाउने देवगणमध्ये भैरवलाई नै पहिलो र प्रमुख मानिन्छ।

यति लामो भूमिका बाँध्दा समेत चण्डेश्वरीका भैरवबारे किटानीसाथ केही भन्न गाह्रो भैरहेको छ। त्यसैले पहिले जिकीर गरिए झैं यहाँ शुरुमा भगवती चण्डेश्वरीकै बखान गर्ने प्रयास गरिन्छ।

मणिमय पर्वतको फेदमा अवस्थित रक्तचन्दन वनमा रहेको एक चाँपको रूखबाट प्रकट भई चण्डासुर बध गर्ने चण्डेश्वरी बनेपाकी देवी उग्रतारा हुन्। कसैं कसैले त यस देवीको सम्बन्ध मिथिला प्रदेशसंग गाँसिदिएका छन्। यिनलाई कुमारीको रूपमा पनि पुज्ने गरिन्छ। अत: १२ वर्षमा नचाइने कुमारीको कथांश समेत समावेश नरदेवीको नृत्यसंग यस देवीको घनिष्टतम सम्बन्ध रहेको देखिन्छ र उक्त नाच अनिवार्यत: बनेपामा नचाउन लैजानु पर्छ। त्यति मात्र होइन; यस देवीस्थानमा हुने रात्रिपूजाको भोज खाँदा, खुवाउँदा सबभन्दा सानी बालिकालाई थकाली बनाउने चलन छ। नवीन सिर्जना भए पनि गुँला (साउन-भदौ) महीनाको एकदिन बनेपामा सम्पन्न हुने कुमारी पूजामा विभिन्न समुदायका हजारौं बालिका-हरू भेला गराइने हुँदा दर्शनीय हुने मात्र नभई यसबाट विनायकपुर बनेपा पनि कुमारी प्रधान स्थान भन्ने बोध हुन्छ। धुलिखेल निवासीहरूले आफ्ना इष्टदेव मानी पुज्दै आएका हरिसिद्धि र बनेपालीहरूका अधिष्ठात्री देवी चण्डेश्वरीबीच कटुता भएको कथन परम्परादेखिकै सांस्कृतिक भिन्नताको द्योतक वा उपजभन्दा अन्यथा ठहरिने छैन।

तिब्बतीहरूले चण्डेश्वरीलाई एकाजाटीको नामबाट पुकार्दै आएका छन्। तिनीहरूको अनुसार ध्यान मुद्रामा देवीको एउटै चुल्ठो, एउटै आँखा, एउटै दाँत र एउटै स्तन मात्र हुन्छ। तिनीहरू यही रूपमै देवीको आराधना गर्छन् र बराबर चण्डेश्वरीको दर्शन गरी आफूलाई भाग्यशाली ठान्छन्। मारितुभन्दा अघि शिवलिङ्ग स्थापना गर्न अनुमति माग्ने शिवभक्त दैत्य चण्डासुरलाई भगवती चण्डेश्वरीले एउटै नेत्र उघारेर बध गरेकी भनिन्छ। चिताएको वर प्रसाद दिने भनी प्रसिद्धि कमाएकी देवीको खटयात्रा चण्डासुरमाथि विजय प्राप्त गरेको संस्मरणमा वर्षेनी वैशाख पूर्णिमा र त्यसको भोलिपल्ट सजधजपूर्वक गरिन्छ। खटजात्राभन्दा २ महीनाअघि फाल्गुण पूर्णिमाको दिन चाँसखुसी भन्ने नदीबाट कलशमा चण्डेश्वरी आह्वान गरी ल्याइन्छ।

चण्डेश्वरी दुमाजुलाई विशेष गरेर पुज्ने दिन आदित्यवार हो । यहाँका पूजारीहरू कर्माचार्य समुदायका हुन् । भक्तजनहरूद्वारा स्पर्श गर्न निषेधित हुँदा मन्दिरभित्रकी देवी कुन वस्तुद्वारा निर्मित हुन् भन्न मुश्किल छ । तर पनि चण्डेश्वरी प्रकट भएकै चम्पक वृक्षकै फेदलाई देवी मानी मन्दिर निर्माण गरिएको वा त्यस प्राचीन रूखकै एक अंशभित्र देवीको मूर्ति प्रतिष्ठा गरिएको लख काट्नु सिवाय अन्य विकल्प भेटिन्न । यात्राको बखत खटमा चढाइने देवगृहकी चण्डेश्वरी-मूर्तिचाहिं धातु निर्मित छन् । मन्दिरमा हुने नित्यपूजाको बखत विविध गहनाद्वारा देवीको शृङ्गार गरिन्छ तापनि देवीलाई सधैं पहिराइराख्ने एकमात्र गहनामा प्रसिद्ध नाग मीनागको रजत माला पर्दछ । त्यस मीनाग लाग्यो भने अत्यन्त ज्वलन हुन्छ भन्ने धारणा बनेपालीहरूबीच व्याप्त छ । हाम्रो समाजमा आदित्यवारको दिन नागपूजा गर्न नहुने नियम छ तापनि मीनाग लाग्नाले हुने पीडा हटाउन उक्त वारकै दिन चण्डेश्वरीकहाँ कलःपूजा गरी मन्दिरको पूर्व उत्तर-दक्षिण भई बग्ने चांसखुसीपारि नागलाई पुज्ने चलन त्यहाँ प्रचलित छ । यस देवीको सबभन्दा ठूलो प्रसाद मोहनी अर्थात् कालो टीका मानिन्छ र देवीलाई मन पर्ने बाजामा काहाबाजा तथा धूनमा उक्त बाजाबाटै निकालिने मानिसको महायात्राको बखत बजाइने धून भनिन्छ ।

बनेपा बजारबाट पूर्वपट्टि यिनै अधिष्ठात्री देवी चण्डेश्वरीको प्यागोडा शैलीको मन्दिर अवस्थित छ । ३ तल्लाको यस मन्दिरको भुइंतल्लामा उत्तराभिमुख भई देवी विराजमान भएकी छिन् । त्यही भुइंतल्लाको बाह्यपट्टिको पश्चिम भित्तामा एक विशाल एवं भीमकाय भैरव मूर्ति चित्रण गरिएको पाइन्छ । लिउनमाथि राम्ररी चित्रकारी गरिएको, मन्दिरको १ तल्लाभन्दा पनि अग्लो र करीब १४ फीटको यस भैरवले शिरमा अर्द्धचन्द्र धारण गरेको, वेताललाई आसन बनाएको, गजचर्म ओढेको र व्याघ्र-चर्मलाई पोशाकको रूपमा प्रयुक्त गरेको पाइन्छ ।

चण्डेश्वरीका अष्टभूज यस भैरवका दाहिनेतर्फका ४ हातमध्ये पहिलो, दोस्रो, तेस्रो र चौथोले क्रमशः गजचर्म, डमरू, कर्त्री र पात्र ग्रहण गरेका छन् । यसै गरी बायाँतर्फका पहिलो, दोस्रो र तेस्रो हातले क्रमागत रूपमा गजचर्म, खट्वाङ्ग र नरमुण्ड लिएका छन् भने चौथो हात भाव मुद्रामा रहेको छ । यस भैरवको तेस्रो नेत्रको ठीक माथिको आकृति (ब्रह्मा) लाई २ फ्याक पार्ने गरेर १, बसेको मुद्रामा रहेको जस्तो देखिने यस भैरवका २ घुंडामा २ र गुप्ताङ्ग रहने स्थानमा १ समेत जम्मा ४ त्रिकोणाकार छिद्रहरू राखिएको रहस्य जेसुकै भए पनि स्थानीय जनताले ती प्वालहरूलाई हावा, देवदेवीहरू र नाग ओहरदोहर गर्ने बाटो तथा नासः प्वाः (नृत्यनाथ) र शक्तिको प्रतीकको रूपमा समेत मान्दै

आएका छन्। अधिकांश भैरवको शिरमाथि नाग राखिने विधान भए झैं यस मूर्तिमा पनि शिर र पुच्छरमा आगाका ज्वाला सादृश्य चित्रयुक्त हरित नाग (मीनाग) अङ्कन गरिएको छ।

काठमाडौं जयवागिश्वरी मन्दिरको उत्तरपट्टिको भित्तामा चित्रित भैरव स्पष्टत: अष्ट श्मशानद्वारा परिवेष्टित देखाइएको छ त यहाँको भैरव वरिपरिका चित्रणहरू अवलोकन गर्दा गणेश, कुमार, सिंहिनी, व्याघ्रिनी, पक्षीद्वयका अतिरिक्त चारै कुनामा १।१ ज्वालावली तथा मासु खाइरहेका र हाड टोकिरहेका स्याल एवं कुकुर मौजूद देखिनाले श्मशानको वातावरण संकेत गरेको अनुभूति हुन्छ। संभवत: यिनै दृश्यावलीले गर्दा नै होला यसलाई श्मशान भैरव समेत भन्ने गरिएको।

नीलो वर्णको यस भैरवलाई लंपु छाय्गु (नयाँ रङ्ग रोगन लगाउने) क्रिया प्रतिवर्ष निश्चित तिथिमा विधिपूर्वक गर्ने गरिन्छ। त्यस चित्रण कार्यमा भक्तपुर निवासी चित्रकारहरू संलग्न छन्। फागू पूर्णिमाको ८ दिनअघि भैरव-मूर्ति चित्राङ्कनको लागि निमन्त्रणा दिन प्रसाद रूपमा मोहनी लिई चण्डेश्वरीका पूजारी भक्तपुर जान्छन्। साथै, भैरव मूर्ति धेरै अग्लो भएकोले खटको आवश्यकता पर्ने हुँदा फाल्गुण शुक्ल एकादशीको दिन खट बाँधी तयार पार्छन्। मूर्ति चित्रणको लागि चाहिने रङ्ग रोगन साथमा लिई द्वादशीका दिन भक्तपुरबाट २ जना चित्रकार चांस (चण्डेश्वरीस्थान) मा आइपुग्छन् र भैरव तथा भैरव-मूर्तिको शीर्षस्थ भागमा रहेको नागको समेत दृष्टि झिक्छन्। त्यहाँ चित्रकारीको काम प्रारम्भ गर्नुअघि हाँसको फुल राखी भैरवको पूजा गर्नुपर्ने प्रथा स्मरणीय छ। सम्पूर्ण चित्र ढाक्ने भावमा चित्रकारहरूले कमेरोद्वारा अलि अलि लिपपोत गर्छन्। पूर्णिमाको दिन भैरवको मुहार चित्रण गरी सिध्याउँछन् र चैत्र कृष्ण प्रतिपदाको दिन भैरव तथा हरित नागको दृष्टि राख्ने काम गर्दछन्।

विशाल भैरव मूर्ति र अन्य केही चित्रण गर्ने सिलसिलामा भक्तपुरका चित्रकार-द्वयले ८ रात चांसमा बिताउनुपर्ने नियम छ। त्यस अवधिमा यिनीहरू कीगः-तांधः भन्ने ठाउँ नाघी जानु हुँदैन अर्थात् यिनीहरूले त्यस बेला बनेपा बजार डुल्न पाउँदैनन्। त्यहाँ बसेसम्म चित्रकारहरूलाई पूजारीहरूले पालैपालो भात खुवाउँछन्। साथै, यिनीहरूलाई ३६ पाथी वाकीजाकी (सरुवा), २४ कुरुवा च्यूरा, २४ वटा हाँसका फुल र १ वटा कुखुराको भाले पनि पूजारीहरूले दिनुपर्छ। नवौं दिनमा वालकुमारी, चण्डेश्वरीस्थानमा कुखुराको वलि सहित दोपा पूजा (संभवत: क्षमा पूजा) गरेर चारैजना पूजारी समेतलाई भोज खुवाई चित्रकारहरू घर फर्कन्छन्। फर्कंदा चण्डेश्वरीकहाँबाट लिइगएको बलि आचाख्यः (धोकेचौर) मा

राखेर नवौं रात घरमा सुत्न पुग्छन् । बलि नराखेसम्म पछाडि फर्केर हेर्न नहुने विधानलाई चित्रकारहरूले आजपर्यन्त पालना गर्दै आएका छन् ।

चण्डेश्वरीका यस भैरवलाई दिनको एक पटक काशी गई फर्कने भैरव र मसान भैरवका अतिरिक्त पचली भैरव समेत भन्ने गर्दा रहेछन् । यही भैरव-मूर्तिसंगै राखी कसाईं दम्पतीलाई पर्व विशेषमा भोज खुवाउनु पर्ने चलनले पचली भैरवको लीलालाई स्मृतिपटलमा ताजा तुल्याइराखेको भन्ने जनधारणा छ । काल भैरवको रूपमा पनि चर्चित यस मूर्तिको आयुधमा खड्ग छैन । यहां एउटा पुरानो घटनालाई श्रुति परम्पराको आधारमा उल्लेख गरिन्छ । एकवर्ष मूर्ति चित्रणको सिलसिलामा गरिएको पूजामा हाँसको फुल फुटालेछ, अनि त जुजुमान चित्रकारको हात एकदम सुनिएर आएछ र उग्र वेदना भएछ । पछि नागको पूजा गरेपछि निको भएछ । यसबाट के निर्क्योल निकाल्न सकिन्छ भने चण्डेश्वरीस्थान र भैरव-मूर्तिमा पनि नागले एक प्रमुख स्थान ओगटेको छ । २५ वटाभन्दा बढी नागहरूलाई शृङ्गारको रूपमा धारण गरेका यस भैरवको शिरमा अवस्थित नागलाई मुख्य नाग मानिन्छ । यो नाग अत्यन्त चलायमान र शक्तिशाली छ भन्ने विश्वास गरिन्छ । त्यसैले लिउन लगाइएको माटोमाथि रङ्गद्वारा राम्ररी चित्रण गरिएको भए पनि यसको शरीर साबुद हालतमा नभई सदैव बिग्रेकै अवस्थामा रहेको देखिन्छ । यिनै सब परिप्रेक्ष्यबाट विचार गरी हेर्दा चण्डेश्वरीका यस भैरवको नाम "मीनाग" भैरव हुनुमा धेरै ठूलो सम्भावना छ ।

(नेपाली संस्कृति--२०४५ भदौ-कार्तिक)



वज्रधातु मण्डल

म बौद्ध हुँ। किनभने मेरा बा, बाजे, जिजुबाजे तथा अन्य पूर्वजहरू बौद्ध हुनुहुन्थ्यो र हाम्रा यावत् कर्मकाण्डहरू वज्राचार्यहरूद्वारा सम्पन्न हुन्थे। यसप्रकार जन्मले मात्र बौद्ध भएको हुँदा ममा बौद्ध संस्कृतिसम्बन्धी ज्ञान भएन। त्यसैले एक विद्वान्द्वारा लिखित "चैत्य"[1] शीर्षक लेख पढ्दा म अन्योलमा परें! केही बुझ्न सकिएला कि भन्ने आशामा वहाँकै "श्री स्वयम्भू महाचैत्य"[2] नामक वृहत् ग्रन्थको सम्बन्धित अंश अध्ययन गर्दा पनि खुलस्त हुन सकेन। तर स्वयम्भू महाचैत्यलाई किन स्वयम्भू धर्मधातु वागीश्वर मण्डल भन्ने गरिएको, धर्मधातु मण्डल तथा वज्रधातु मण्डल कस्तोलाई भन्ने गरिन्छ र तिनीहरूबीच के के विभेद छन् आदि जान्ने इच्छा ममा प्रबल भएर आयो। अनि त एकदिन उक्त विद्वान्कै आश्रयमा

---

१. श्री हेमराज शाक्य– "चैत्य"; नेपाल-संस्कृतिया मूलुखा; श्रीमती चन्द्रलक्ष्मी देवी शाक्य, थैना टोल, ललितपुर जय श्री विहार; नेपाल सम्वत् १०८९ सिल्लाथ्व श्रीपञ्चमी; पृष्ठ. ९६–११९

२. श्री हेमराज शाक्य– "श्रीस्वयम्भू महाचैत्य"; स्वयम्भू विकास मण्डल, स्वयम्भू, यें; ने. सं १०९८

पुगियो। छलफलको क्रममा वहाँले चैत्य र वज्रधातु मण्डलबीच आकृतिमा बाहेक अरू फरक नभएको, धर्मधातु मण्डलमाथि वज्र राखिएमा त्यसलाई वज्रधातु मण्डल भनिने गरेको, मण्डलको मध्य भागमा महावैरोचनात्मा अर्थात् महामन्जुश्री रहने हुनाले वागीश्वर मण्डल कहलिएको आदि अनेकन् तथ्यहरू बताउनु भयो। वहाँको भनाइ अनुसार धर्मधातु मण्डलमा भन्दा वज्रधातु मण्डलमा देवदेवताहरूको संख्या अलि कम हुन्छन्। तर "श्रीस्वयम्भू महाचैत्य" ग्रन्थका पानाहरू पल्टाउँदा भने वज्रधातु मण्डल र धर्मधातु मण्डल एक अर्काको पर्यायवाचीको रूपमा प्रयोग भैरहेको पाइयो। साथै, प्रसिद्ध महाबौद्ध मन्दिरको पहिलो तल्लामा शाक्यसिंह, दोस्रोमा अमिताभ, तेश्रोमा पत्थरको सानो चैत्य, चौथोमा धर्मधातु मण्डल र पाँचौंमा वज्रधातु मण्डल रहेको भन्ने तथ्यबाट[३] संभवतः ललितपुरका धर्मप्राण निवासीहरूद्वारा निर्धारित महत्ताको क्रम बोध हुन्छ।

दिनहुँ झैं स्वयम्भू जाने हुँदा त्यहांका विशाल चैत्य, हारती मन्दिर र अन्य धार्मिक स्थलहरूद्वारा म अत्यन्त प्रभावित छु। तर पनि पूर्वपट्टिका सिंढीहरूबाट ठाडै उकालो चढी माथि पुग्दा आज्जुलाई समाए झैं सबभन्दा पहिले छुन पुगिने मण्डलप्रति भने म धेरै पहिलेदेखि नै आकर्षित हुँदै आएको हुँ। मण्डलमा धेरै देवदेवीहरू विराजमान छन् भन्ने किताबी ज्ञानले मलाई यसरी प्रभाव पारेको चाहिं कदापि होइन। बरु चट्यांगको रूपमा परेको वज्रलाई समातेर यस मण्डलमाथि राखिछाडेको भन्ने किंवदन्ती आफू सानै छँदा सुनेकोले मात्र यस्तो भएको हो कि जस्तो लाग्छ। अथवा काठमाडौंमा धर्मधातु र वज्रधातु मण्डलहरू कम संख्यामा पाइने, यस धर्मधातु मण्डललाई अरूसंग तुलना गर्दा स्पष्टतः भिन्न देखिने र मण्डलमाथि विशाल वज्र रहेको हुनाले पनि संभवतः थाहा नपाइने किसिमले मेरो मुटुलाई छोएको हुन सक्छ।

हुन त वज्र भन्नासाथ इन्द्रको आयुधलाई लिइन्छ। तर यो वज्र न त इन्द्रको आयुध हो, न चट्याङ्ग नै। यो त प्रस्तरमय धर्मधातु मण्डललाई स्वर्ण मण्डलले छोपी त्यसमाथि राखिएको सुनको जलप लगाइएको धातु निर्मित वज्रयानका एक आयुध–वज्र हो। यसको प्रतिष्ठा राजा कवीन्द्र प्रतापमल्लद्वारा ने.सं. ७८८ आषाढ शुक्ल षष्ठी हस्ता नक्षत्र शिवयोग आदित्यवारको दिन[४] गरिएको भनिन्छ। श्री

३. बी. एच. हडसन– "एस्येज् अन द लाथन्वयजेज, लिचटरेचर आयण्ड रिलिजन अफ् नेपाल आयण्ड तिब्बत"; भारत–भारती, वाराणसी; १९७१; पृष्ठ १३५

४. श्री हेमराज शाक्य– "श्रीस्वयम्भू महाचैत्य"; पृष्ठ २०६ र ५०७

हेमराज शाक्यका अनुसार यस वज्रको आसनको रूपमा रहेको मण्डलमा २५२ देवदेवताहरू उत्कीर्ण गरिएका छन् ।[५]

वज्रयानी मतका देवदेवीहरू र वज्राचार्यहरूका यस आयुधलाई नियालेर हेर्दा मध्य भाग, तल माथि थेप्चिएको र वाटुलो आकारको छ । त्यही गोलाकार केन्द्रवाट चार दिशाका प्रतीक स्वरूप ४।४ डण्डा र ती डण्डाहरूको बीच अक्षको रूपमा लिइने १।१ डण्डा समेत गरी जम्मा ५।५ डण्डाहरू उद्‌गम भई दुवै छेउका टुप्पाहरूमा समागम हुन पुगेका देखिन्छन् । लाक्षणिक अर्थमा ती पाँच डण्डाहरूले पाँच ध्यानी बुद्धहरूको प्रतिनिधित्व गरेका र संगम स्थलका रूपमा रहेका टुप्पा-द्वयलाई शून्य स्वरूप आदिबुद्ध वज्रसत्वको स्थान भनी मानिआएको पाइन्छ । संस्कृत भाषाअनुसार वज्रको अर्थ हीरा पनि हुन्छ जुन यहाँ एकदम सान्दर्भिक हुन आउँछ । त्यसैले अज्ञानता हटाउने र कुनै पनि वस्तुलाई स्पर्शद्वारा शुद्ध तुल्याउने यस अलौकिक पदार्थलाई हीरा जत्तिकै कठोर, पारदर्शी र शून्य मानिन्छ । यो खण्डित गर्न, विभाजन गर्न, भेदन गर्न तथा नाश गर्न नसकिने र दहन (ज्वलनशील) नहुने परम शून्य समान छ । शून्यमा विलीन भएको ज्ञानविना बुद्धत्व प्राप्ति नहुने र वज्र नै शून्यताको प्रतीक हुनाले वज्रयानमा यसको महत्व अवर्णनीय छ । धार्मिक संस्कारहरूमा वज्रको प्रयोग घण्टाको साथ गरिन्छ । यस तथ्यबाट घण्टा र वज्रद्वारा क्रमशः स्त्री र पुरुष तत्वको संकेत दिइने मात्र नभई प्रज्ञा र उपाय समेत जनाइने हुँदा बोधिज्ञान र निर्वाण प्राप्तिमा सहायक हुने प्रज्ञोपायको दर्शन इंगित हुन्छ ।

धर्मधातु मण्डलको ऊर्ध्व भागभन्दा अलिक तलको गर्भलाई गोलाकार रूपमा बनाइएको उत्तराभिमुख नागद्वारा परिवेष्टित गराइने र त्यस नागभन्दा पनि तल अष्टकोणाकृति पारी प्रत्येक खण्डमा १।१ बोधिसत्व वा अष्टमङ्गल राख्ने चलन प्रचलित छ । तर चर्चित मण्डलमा भने नाग पूर्वाभिमुख रहेको र बोधिसत्व वा अष्टमङ्गल नराखी भूमिबाट उठेका (Embossed) १२ जनावरहरू एकपछि अर्को गोलाकार रूपमा राखिएका छन् । यी जनावरहरू हुन्– बँदेल, मुसा, साँढे, बाघ, खरायो, चट्यांग (Dragon), सर्प, घोडा, भेंडा, बाँदर, चरा र कुकुर । पुर्खौंदेखि ल्हासा व्यापारमा संलग्न काठमाडौं उपत्यकाका निवासीहरू यी जनावरहरूलाई तिब्बती ज्योतिषशास्त्रसंग सम्बन्धित मान्छन् । श्री हेमराज शाक्यको अनुसार पनि यी जनावरहरू कृष्ण तथा शुक्ल पक्ष संयुक्त १।१ चन्द्रमास जस्तै– चट्याँगले माघ, सर्पले फागुन, घोडाले चैत, भेंडाले वैशाख, बाँदरले जेठ,

५. श्री हेमराज शाक्य– "श्रीस्वयम्भू महाचैत्य"; पृष्ठ ५०८

चराले असार, कुकुरले साउन, सुंगुरले भदौ, मुसाले असोज, साँढेले कार्तिक, बाघले मंसीर र खरायोले पुसलाई प्रतिनिधित्व गर्छन्[६]। तर चीनियाँहरूको मास निर्धारण तरीका भने श्री शाक्यजीको भन्दा भिन्नै छ। तिनीहरूले प्रत्येक जनावरलाई केवल महीनामा मात्र होइन; वर्ष, ऋतु, राशि, एकदिनको अवधिभित्रको समय र यीनयाँग (Yin and Yang) को सिद्धान्त अनुरूप निगेटिभ र पोजिटिभ समेत नियत गरिदिएका छन्।

चीनियाँ पंचाङ्ग बमोजिम त सन् १९८८ चट्याङ्गको वर्ष र ज्योतिषशास्त्रको ७७ औं चक्र सन् १९८४ को फरवरी १ तारीखको दिन पूरा भएको मानिन्छ। यस अवधारणातर्फ दृष्टिगत गर्दा संसारको सबभन्दा पुरानो मानिने चीनियाँ क्यालेण्डरलाई ईसापूर्व २,६३७ मा बादशाह हुआँग टी (Huang Ti) ले आफ्नो शासन कालको ६१ औं वर्षमा प्रचलनमा ल्याएको देखिन्छ।[७] हाम्रो मतमा योगिनी दशा ३६ वर्ष, विंशोत्तरी दशा १२० वर्ष र त्रिभागी दशा ८० वर्षको चक्र हुने झैं चीनियाँ शास्त्रमा ६० (१२ जनावर × ५ तत्व) वर्षको एक पूर्ण चक्र हुने विधान छ। यहाँनेर ५ तत्व भन्नाले वृहस्पति, मङ्गल, शनि, शुक्र र बुधद्वारा क्रमशः निर्देशित काठ, अग्नि, पृथ्वी, धातु र जल जस्ता आधारभूत तत्त्वको बोध हुन्छ।[८] एक अर्को चीनियाँ आख्यान अनुसार भगवान् बुद्ध (शाक्यमुनि गौतम बुद्धको चाहिं सन्दर्भ नमिल्ने) ले मर्त्यमण्डल छोड्नुअघि सबै जनावरसंग भेटघाट गर्ने इच्छा राखी बोलाउनु भएको थियो। सबभन्दा पहिले मुसा, अनि साँढे र एवं रीतले बँदेलसम्म जम्मा १२ जनावरहरू भेला भएछन्। बुद्धले पनि आगमनको क्रम मिलाई पहिलो वर्षलाई मुसा वर्ष, दोश्रोलाई साँढे वर्ष आदि ढङ्गले नामकरण गर्नु भएको थियो भनिन्छ।[९] जुन जनावर वर्षमा मान्छे जन्मिएको हो त्यही जनावरको प्रभाव त्यो मानिसमा पर्ने धारणा चीनियाँहरूमा व्याप्त छ, त्यसैले तिनीहरू मानिसको हृदयमा पशुत्व लुकेको हुन्छ भन्ने कुरामा विश्वास गर्छन्।

चीनियाँहरूद्वारा चर्चित १२ जनावरहरूमध्ये बँदेल, मुसा र साँढेलाई उत्तर दिशा तथा शीत ऋतु; बाघ, खरायो र चट्याङ्गलाई पूर्व दिशा तथा वसन्त ऋतु;

---

६. श्री हेमराज शाक्य– "श्रीस्वयम्भू महाचैत्य"; पृष्ठ ५०६

७. थियोडोरा लाउ (Theodora Lau)– "दी हायण्ड बूक अफ् चाइनीज हरोस्कोप्स्"; पृष्ठ १

८. थियोडोरा लाउ (Theodora Lau)– पूर्ववत्

९. थियोडोरा लाउ (")– पूर्ववत्

सर्प, घोडा र भेंडालाई दक्षिण दिशा तथा ग्रीष्म ऋतु र बाँदर, कुखुराको भाले र कुकुरलाई पश्चिम दिशा तथा शरद ऋतु निर्दिष्ट गरिदिएका छन्।[10] त्यस्तै चन्द्रमास र राशिका हिसावले मुसालाई डिसेम्बर र धनु, साँढेलाई जनवरी र मकर, बाघलाई फरवरी र कुम्भ, खरायोलाई मार्च र मीन, चट्याङ्गलाई अप्रील र मेष, सर्पलाई मे र वृष, घोडालाई जून र मिथुन, भेंडालाई जुलाई र कर्कट, बाँदरलाई अगष्ट र सिंह, कुखुरालाई सेप्टेम्बर र कन्या, कुकुरलाई अक्टोबर र तुला तथा बँदेललाई नभेम्बर महीना र वृश्चिक राशि[11] मुकर्रर गरिएका छन्। हाम्रो ज्योतिषशास्त्र अनुसार वर्षको कुनै निश्चित दिन अन्दाजी दुई घण्टाको समयमा एउटा लग्न, त्यसपछिको करीव दुई घण्टाको समयमा अर्को लग्न र एवम् रीतले लग्नहरू फेरिँदै जान्छन्। यसरी हरेक दिन बाह्रवटा लग्नहरू हुन्छन्, जुन लग्नहरू प्रत्येक वर्ष त्यही नै समयमा त्यस्तै किसिमवाट पर्न आउँछन्। चिनियाँ ज्योतिषशास्त्रमा पनि एकदिन अर्थात् २४ घण्टालाई २।२ घण्टामा विभाजन गरी यिनै १२ जनावर-हरूको अवधि निम्न वमोजिम निर्धारण गरिएको देखिन्छ— मुसालाई अपराह्न ११ बजेदेखि पूर्वाह्न १ बजे, साँढेलाई पूर्वाह्न १ देखि ३ बजे, बाघलाई पूर्वाह्न ३ देखि ५ बजे, खरायोलाई पूर्वाह्न ५ देखि ७ बजे, चट्याङ्गलाई पूर्वाह्न ७ देखि ९ बजे, सर्पलाई पूर्वाह्न ९ देखि ११ बजे, घोडालाई पूर्वाह्न ११ बजेदेखि अपराह्न १ बजे, भेंडालाई अपराह्न १ देखि ३ बजे, बाँदरलाई अपराह्न ३ देखि ५ बजे, कुखुरालाई अपराह्न ५ देखि ७ बजे, कुकुरलाई अपराह्न ७ देखि ९ बजे र बँदेललाई अपराह्न ९ बजेदेखि ११ बजे।[12] यसवाट मानिसको स्वभावमा मानिस जन्मेको जनावर वर्षको अतिरिक्त जनावरको समयले पनि प्रगाढ प्रभाव पार्ने तथ्य स्पष्ट हुन आउँछ। फेरि, रात-दिन, स्त्री-पुरुष, मृत्यु-जन्म, मर्त्य-स्वर्ग, चन्द्र-सूर्य, नेगेटिभ-पोजिटिभको प्रतीक स्वरूपमा लिइने यीन यांग (Yin Yang) मा नै सृष्टि अडेको भन्ने चीनियाँ धारणालाई केलाएर हेर्दा मुसा, बाघ, चट्याङ्ग, घोडा, बाँदर र कुकुरलाई पोजिटिभ शाखामा राखिएका पाइन्छन् भने बाँकी ६ वटालाई चाहिं नेगेटिभमा।[13] चुम्बकीय ध्रुवको सिद्धान्तमा झैं चीनियाँ ज्योतिषशास्त्रमा पनि पोजिटिभले नेगेटिभ वा नेगेटिभले पोजिटिभलाई आकर्षण तथा पोजिटिभले

---

१०. थियोडोरा लाउ (Theodora Lau)– पूर्ववत्; पृष्ठ २

११. थियोडोरा लाउ (")– पूर्ववत्; पृष्ठ १४

१२. थियोडोरा लाउ (")– पूर्ववत्; पृष्ठ १२

१३. थियोडोरा लाउ (" – पूर्ववत्; पृष्ठ २

पोजिटिभलाई र नेगेटिभले नेगेटिभलाई विकर्षण गर्ने तथ्यलाई मान्यता दिइआएको छ।[१४]

चीनियाँ औषध विज्ञान र जनजीवनमा समेत महत्वपूर्ण भूमिका खेल्ने यी जनावरहरूको चित्रण स्वयम्भूस्थित पवित्र वज्रधातु मण्डलमा गरिएबाट तिब्बत र अन्य मुलुकहरूमा मात्र होइन; हाम्रो देशमा पनि यस ज्योतिषशास्त्रको प्रभाव परेको तथ्य बोध हुन्छ। हुनपनि नेपालको उत्तरी भेगमा रहेका केही जनजातिका अतिरिक्त गुरुङ्गहरूले पनि आफ्नो वर्ष गणना १२ वटै जनावरहरूको आधारमा गर्ने गर्छन्। फोलो (मृग), चूलो (मुसा), लोलो (गाई), टोलो (बाघ), हिलो (बिरालो), मुप्रिलो (गरुड), सप्रिलो, (सर्प), टालो (घोडा), लूलो (भेंडा), प्रालो (बाँदर), चलो (चरा) र कीलो (कुकुर)[१५] ले क्रमशः सन् १९८३, १९८४, १९८५, १९८६, १९८७, १९८८, १९८९, १९९०, १९९१, १९९२, १९९३ र १९९४ लाई गुरुङ्ग वर्षका रूपमा प्रतिनिधित्व गरेका छन् र एवं रीतले जनावर वर्षको चक्र घुमिरहेका हुन्छन्। बँदेल, साँढे, खरायो, चट्याङ्ग र कुखुराको भालेको सट्टा क्रमशः मृग, गाई, बिरालो, गरुड र चरा जस्ता जनावरहरू पर्न गएको हुँदा गुरुङ्ग वर्ष चीनियाँ वर्षसंग ठ्याम्मै मिल्छ भन्न नमिल्ने पनि यसलाई नेपाल र चीन (तिब्बत) बीचको सांस्कृतिक सम्बन्धको दसीको रूपमा भने लिन सकिन्छ।

धर्मधातुको रूपमा समेत लिइने स्वयम्भू वज्रधातु मण्डलमा रहेका जनावर तत्वले हृदयपटलमा स्थान जमाएको हुँदा नै यति धेरै गनथन गर्न पुगिएको हुन सक्छ। कुरो जेसुकै होस्, यस्ता मण्डलप्रति व्यक्त भैरहेको उद्‌गारलाई उद्धृत गरी चर्चालाई यहीं टुंग्याउन चाहन्छुः–

न द्वयं नाद्वयं शान्तं शिवं सर्वत्र संस्थितम्।
प्रत्यात्मवेद्यह्यचलं प्रज्ञोपायमनाकुलम्॥
तदेव सर्व बुद्धानां आलय परमाद्‌भुतम्।
श्रेयः सम्पत्करं दिव्यं धर्मधातु प्रकीर्तितम्॥
धर्मधातुमयं चैत्यं सर्वकार स्वरूपिणाम्।
आलय सर्वबुद्धानां धर्मधातु नमाम्यहम्॥[१६]

---

१४. थियोडोरा लाउ (Theodora Lau)– पूर्ववत्; पृष्ठ १६
१५. लेफ्टेनेण्ट कर्णेल इडन भान्सीटार्ट– "गोर्खाज्"; कलकत्ता; सन् १९१५; पृष्ठ ७८–७९
१६. श्री हेमराज शाक्य– "श्रीस्वयम्भू महाचैत्य"; पृष्ठ ५०७

(सम्पूर्ण बुद्धहरूको अत्यन्त आश्चर्यमय बासस्थानलाई धर्मधातु भनिएको छ। त्यो श्रेय तथा सम्पत्ति दिने र दिव्य छ। त्यो धर्मधातु द्वैत तथा अद्वैत पनि होइन। त्यो शान्त छ, शिव छ,सर्वत्र व्याप्त छ अर्थात् निराकार स्वरूप छ। त्यसलाई प्रत्येक आत्मामा देख्न सकिन्छ, त्यो अचल छ, प्रज्ञोपायद्वारा जान्न सकिन्छ र अनाकुल छ। त्यस्तो सर्वबुद्धहरूको बासस्थान भएको सर्वाकार स्वरूप धर्मधातुमय चैत्यलाई म नमस्कार गर्छु)।

(रोलम्ब— १९८८ जुलाई-सेप्टेम्बर)

बौमत

अनन्त चतुर्दशीको रात । एक पन्थ दुई काज । म साविक झैं यो वर्ष पनि बौमत हेर्न र पारिवारिक गुठी अन्तर्गतको ग्वदाःमा बत्ती बाल्न काठमाडौंको देवराज इन्द्रअगाडिको डबलीनेर पुगेको थिएँ। कुमारीको रथ न्ह्य सालेगु (फर्काएर ल्याउने) कार्य ढिला भएकोले म त्यहाँ पुग्दा दागि निकाल्ने काम शुरु हुन पाएको थिएन । त्यसैले मरुसत्तल (काष्ठमण्डप) को नैऋत्य कुनास्थित भैरवस्थानसमीप बौमतलाई पूर्णतामा पुऱ्याइने सिलसिलाचाहिं बाँधिएकै थिएन । गुरुज्यूको पल्टनले यात्रा समाप्तिको संकेत स्वरूप बन्दूक पड्काएपछि बौमतका टाउको, घाँटी, ढाड, पुच्छर आदि अङ्ग प्रत्यङ्गहरू धमाधम त्यस थलोमा ल्याइपुऱ्याए। टाउकोदेखि पुच्छरसम्म जोडिसक्दा करीब ३२ फूट अर्थात् २१ हात जतिको एक अजङ्गको जनावर-आकृति निर्माण भएको अनुभूति मलाई भयो । पहिले पहिले त बौमतको लम्बाइ मरुसत्तलको दक्षिण लङ जत्तिकै हुन्थ्यो भन्ने पनि सुनियो । दागिं आधा घुमी नृत्यनाथको मन्दिर नाघेपछि बौमत लैजाने पुरातन चलनकै सन्दर्भमा त्यहाँ तरखर हुँदो रहेछ । अनि त लायकुसालले बनाएको टाउको, न्हूसालले बनाएको घाँटी तथा ढाड, फल्चासालले बनाएको ढाड, दक्षसालले बनाएको ढाड र चस्वाँढ्वँले बनाएको पुच्छरका ठाउँ ठाउँमा गोबर र त्यसमाथि कातेको बत्ती सहितको पाला राखियो। स्मरणीय छ; गोबर, पाला र कातेको बत्ती पुखुल्याँ टोलका एक मानन्धर परिवारले ल्याउने गर्दा रहेछन् । दागिंले नृत्यनाथको मन्दिर नाघेको मात्र के थियो बौमतमा राखिएका पालाहरूमाथि उल्लिखित टोलका मानन्धर (साल्मी) हरू-ले आ-आफ्ना सालबाट ल्याएका तेल हाली बत्ती बाल्न थाले । त्यस बखतको दृश्यले त बौमत भनेको बहुमत (धेरै बत्ती)को अर्थमा प्रयोग भएको हो कि भन्ने

भान पर्दो रहेछ । पाला गन्दा लायकुसाल, न्हूसाल, फल्चासाल, दक्षसाल र चस्वांढ्का प्रखण्डहरूमा क्रमश: ६, ६, ४, ४ र ७ परेको हुँदा संयोगवश नक्षत्रगणलाई प्रतिनिधित्व गरेको जस्तो प्रतीत भयो ।

नर्कटद्वारा निर्मित बौमतलाई फणा उठाइरहेको एक विशाल नागको प्रतीकको रूपमा लिन सकिन्छ । बौमतलाई सम्बन्धित सबै टोलका मानन्धरहरूले एकसाथ उठाई कल्लोलका साथ घुमाउन लैजाने र इन्द्रयात्राको बखत कुमारीले पहिलो र दोस्रो दिनमा यात्रा गर्ने नगरका तल्ला र माथिल्ला टोलहरूमा यसलाई परिक्रमा गराउने चलन छ । बौमतद्वारा गराइने नगर प्रदक्षिणाको शुरु र अन्त्य मरुसत्तलको त्यही नैऋत्य कोणमै हुन्छ । परिक्रमा शुरु गर्दा दागिंले आधा घुमिसक्ने हुँदा बौमतसँग तिनको कहिल्यै जम्काभेट हुँदैन । तर इन्द्रयात्राको बखत ठाउँ ठाउँमा नचाइने मजिपाट लाखेको भने बौमतसँग यदाकदा साक्षात्कार हुने सम्भावना रहन्छ । देख्यो भने मरिन्छ भन्ने डरले बौमत ल्याएको हो-हल्ला सुन्नासाथ लाखे भाग्ने गर्दछ । संभवत. मुकुण्डो लगाएको जीवले हेर्न नहुने भन्ने अवधारणा अनुरूप नै दागिंले देख्न नपाउने गरी बौमतको परिक्रमा सञ्चालन गरिएको हुनुपर्छ ।

भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चतुर्थीसम्म आयोजना गरिने काठमाडौंको सर्वप्रधान चाडको अवधिभित्र इन्द्रध्वजोत्थान, गणेश, भैरव तथा कुमारीको रथयात्रा, हलचोकको भैरव (सव: भक्कु) नृत्य, लाखे नृत्य, पुलुकिसि (किलागलको हात्ती) नाच, महाकाली नृत्य, देवी नृत्य, दागिं, बौमत, आकाश भैरवलाई गरिने पुष्पसज्जा, विभिन्न स्थानमा प्रदर्शन गरिने इन्द्र तथा हाथ्वंद्यः (भैरव), दशअवतार एवं अन्य नृत्यहरू अवलोकन गरी काठमाडौं निवासीहरू वातावरणलाई रंगीन तुल्याई उल्लास एवं उमंगको साथ यँया: (इन्द्रजात्रा) मनाउँछन् । विशेष गरेर अनन्त चतुर्दशीको अपराह्न मानिसहरू कुमारीको रथयात्रा, दागिं र बौमत हेर्न सकभर चुकदैनन् । बौमत नहेरीकन त तिनीहरू यंकी दहं (इन्द्र दह) को मेला भर्न समेत जाँदैनन् ।

यहाँनेर काठमाडौंको बौद्ध समाजमा प्रचलित किंवदन्तीको संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ । किंवदन्ती यस प्रकार अगाडि बढ्छ । देवराज इन्द्रकी आमा तिला (वसुन्धरा) व्रत बस्ने हुँदा स्वर्गमा पारिजातको आवश्यकता परेछ । तर त्यहाँ नपाइने हुनाले इन्द्र मर्त्यमण्डलको मणिमुकुट– काठमाडौंमा ओर्लन्छन् र अनि भाद्र शुक्ल चतुर्दशी (चथा:) को रात कसैले चाल नपाउने गरी एउटा

बगैंचाबाट पारिजात फूल टिप्न थाल्छन्। संभवतः चन्द्रदर्शन दोषको कारणले गर्दा इन्द्र चोरको रूपमा पकडिइन्छन् र मरुहिटीमा लगी पानीका पोखरीमा डुबाइन्छन्। स्वर्गमा इन्द्रमाता छोरा नफर्केकोमा विह्वल हुन्छिन् र इन्द्रको खोजमा काठमाडौं आउँछिन्। त्यस्तै ऐरावत पनि इन्द्रकै खोजमा काठमाडौं ओर्लन्छ। यता काठमाडौंका राजा तथा प्रजाले देवराजलाई चिन्छन्, अनि बन्धनबाट मुक्त पार्छन् र ससम्मान पूजा अर्चना गरी स्वर्गमा फिर्ता पठाइन्छन्। धान पकाउनको लागि आवश्यक पर्ने हुस्सू काठमाडौंका जनताले इन्द्रबाट उपहार स्वरूप पाउँछन्। एक थरीको भनाइ अनुसार छोरा फेला पारिदिएमा काठमाडौंका सम्पूर्ण मृतात्मालाई स्वर्ग लैजाने कबोल इन्द्रकी आमाले गरेकी हुन्छिन् त अर्को कथनानुसार मानिसहरूलाई स्वर्गमा लगी मरेका आफन्तलाई भेटाइदिने भनेको हुँदा दागिंको रूपमा रहेकी इन्द्रमातालाई पछ्याउँदै अनन्त चतुर्दशीको रात काठमाडौं निवासीहरू नगर परिक्रमा गर्छन् र स्वर्ग जान काठमाडौंबाट नजिक रहेको दहचोकको डाँडोमा पुग्छन्। अनि स्वर्गतर्फ लाग्न चोखो होइनु पर्ने हुँदा त्यहाँ रहेको दहमा नुहाउँछन्। तर त्यस बेलासम्ममा बाटो तताउने इन्द्रमाता अलप भै सकेकी हुन्छिन्। त्यसैले मानिसहरू स्वर्ग नपुगी आ-आफ्ना घर फर्कन्छन्। अर्को जनश्रुति अनुसार लाम बाँधेर स्वर्गतर्फ लागेका मृतात्माहरूको क्रम टुट्दछ र अनि तिनीहरू सबै पृथ्वीमै खस्छन्।

किंवदन्ती पूर्णतया इन्द्रसंग सम्बन्धित भए पनि त्यसको पछिल्लो अंशले पितृपक्षलाई अंगालेको हुँदा घतलाग्दो बनेको छ। कारण, काठमाडौंका बौद्धमार्गीहरू आफ्ना घरका मानिस मरेको वर्षदिनभित्र मृत आत्माको शान्ति एवं उद्धार कामनार्थ विभिन्न देव देवालयहरूमा गई बत्ती बाल्छन्, गुंला (साउन-भदौ) महीनाको कुनै अनुकूल दिनमा बिहान सबेरै घरदेखि गोश्रृङ्ग पर्वतको परिक्रमा गर्दै स्वयम्भूको डांडामाथिसम्मका बाटोमा बत्ती बाल्दै हिंड्छन्, नेकू (शृंगभेरी) बजाउन लगाउँछन् र गाईयात्राको दिन बाजा बजाउन लगाई नगर प्रदक्षिणा गर्छन्। इन्द्रयात्राको बखत पनि मृत व्यक्तिहरूको संस्मरण, दुर्गति मोचन तथा शान्तिको कामना गर्दै भाद्र शुक्ल द्वादशीको बेलुकी "उपाकु वनेगु" भन्दै नगरका बाहिरी बाहिरी भागहरूमा धूप-दीप बाल्दै, नामसंगीति आदि धारिणी पाठ गर्दै घुम्छन्। अनन्त चतुर्दशीको दिन कुमारीको रथ तान्नुभन्दा अघि रथयात्रा हुने बाटाहरूमा बत्ती बाल्दै र मृतकका सम्बन्धित आफन्तजनहरूलाई ससम्मान बत्तीहरू दिंदै जान्छन्। तुलाधर परिवारमा भने मृतकको घरका साना बालिकालाई सिंगारी बेलुकी मात्र नगर परिक्रमा गराउँछन् र तिनै बालिकाद्वारा बाटोमा

बत्ती राख्न र परिचित व्यक्तिहरूलाई बत्ती दिन लगाउँछन् । शतबीउ छर्दै दागिंसंग पछिलाग्नेहरूमा पनि वर्खी बारेका वा मरेकाका आफन्तहरू नै पर्दछन् । यिनै सब तथ्यको परिप्रेक्षमा विचार गर्दा इन्द्रयात्राको वखत निकालिने बौमत पनि पितृसंग सम्वन्धित जस्तो आभास मिल्छ ।

नेवारी शब्द "बौ" ले पितृलाई चढाइने खाद्यवस्तु आदि वलिलाई संकेत गर्छ । आफूले खानुभन्दा पहिले पितृलाई औसानी अर्पण गर्ने क्रियालाई "बौ बियगु" भनिन्छ । त्यसैले बौमतले आफ्ना शरीरमा दियो बाली मरेर गएकालाई ज्योति देखाउने र पितृको खोजीमा हिंडेकालाई दीपपुञ्जको काम दिने गर्छ भन्न सकिन्छ ।

बौमत घुमाउँदा पनि यात्राको वातावरण ल्याउन केही कल्लोलको आवश्यकता पर्छ नै । तर पनि श्रद्धा एवं शान्तिपूर्वक अवलोकन गर्ने असंख्य दर्शकवृन्द र एकसाथ लाग्ने सहभागीहरूको हृदयमा प्रतिकूल प्रभाव नपार्ने काम सबैतिरबाट अपेक्षा गरिन्छ । त्यस्तो भएमा मात्र मानन्धरहरूद्वारा युगौंदेखि निर्वाह गर्दै आएको यस सांस्कृतिक परम्पराको जगेर्ना परन्तुसम्म हुन सक्ने देखिन्छ ।

(गरिमा–२०४५ मंसीर)



गमगढीको एउटा रोचक संस्कार

जागीरे जीवनले मलाई भ्रमणशील बनाएको हो। यसो भन्दैमा मैले आफूलाई धेरै डुलुवा व्यक्तिको रूपमा प्रस्तुत गर्न र धेरै मुलुक घुमेको छु भन्न खोजेको-चाहिं होइन, बरु डांडाकांडाले पूर्ण हाम्रो देशका पचहत्तरै जिल्ला घुम्ने मन-सुवालाई भने आफू भित्रभित्रै तीव्र पार्दै लगी शौखको रूपमा विकसित पारेको-चाहिं पक्कै हो। त्यही शौखको सिलसिलामा वि.सं. २०४३ सालमा कर्णाली अञ्चलका जुम्ला र मुगु तथा वि. सं. २०४४ सालमा जाजरकोट, रूकुम, अछाम, दैलेख र सुर्खेत जिल्लाहरूमा गरिएको भ्रमणका संस्मरणहरू अहिलेसम्म पनि स्मृतिकै घेराभित्र रहेका छन्। अछामबाट दैलेख हुंदै सुर्खेत आउँदा बाटामा परेका थलाहरूको वातावरण भ्रमणको बखत बौद्ध संस्कृतिबाट प्रभावित जस्तो प्रतीत भएको थियो। कारण, अछाम जिल्लाको विनायक पञ्च देवलका देवालयहरूका अगाडितिर ढुंगामा "श्री यक्षमल्ल देवस्य परिवार चिरन्जयतु आत्महीतार्थ एकता र सतपुरुष जैराजप्रसाद करायो साके १२०२ सुत्रधार नाग देवनाम कमायो"[1] भन्ने अक्षरहरूका साथै एउटा देवालयअगाडि "ॐ मणि पद्मे हुँ" उत्कीर्ण गरिएको पाइन्छ। फेरि, दैलेख जिल्लाको पादुकास्थानस्थित बुद्ध मूर्ति भएको शिला-स्तम्भमा "ॐ नमो बुधायेः। स्त्री अशोकच्चल्लदेवस्थिरं जयतुः। साउनाकार्की

१. हरिभक्त बजगाईं– "पञ्चदेवल (विनायक); हाम्रो प्रयास; अछाम सांस्कृतिक संघ, अछाम; पृष्ठ १२

साउका कक्र्यानीको देवल:", दैलेखको दुल्लुकोट भन्ज्याङ्स्थित पृथ्वीमल्लको कीर्ति-स्तम्भको अभिलेखको शुरुमा "ॐ मणि पद्मे हुँ" र दुल्लु सात खम्बानेरको पाथर-नाउलीमा पनि "ॐ मणि पद्मे हुँ" अभिलिखित हुनुको अतिरिक्त सुर्खेत काक्रे-विहारमा रहेका भग्नावशेषका थुप्राहरूमा कैयौं बुद्धका तथा अन्य सुन्दर शिला-मूर्तिहरू त्यसै पडिरहेका हुँदा "ॐ मणि पद्मे हुँ" नै सर्वत्र गुञ्जिरहेको आभास जो कसैलाई पनि हुन सक्छ ।

अहिंसाका प्रवर्तक बुद्ध र बौद्ध धर्मबाट प्रभावित तथ्यबारे माथि भनिए जत्तिमै सीमित रही अहिंसाको ठीक विपरीत विषयमा चर्चा गर्न २०४३ सालमा गरेको मुगु जिल्लाको भ्रमण अनुभवलाई आंशिक रूपमा यहाँ प्रस्तुत गरिन्छ । त्यस पटकको भ्रमणले मलाई चौध अञ्चलमा पाइला टेक्ने मानिस तुल्याएको र देशको सबभन्दा ठूलो तालको दर्शन गराएको त सदाको लागि चिरस्मरणीय घटनाको रूपमा रहने कुरा छँदै छ। साथै जुम्लाको ट्रेड स्कूलबाट हिंडी दोस्रो दिन बिहानको भात खान मुगुको सदरमुकाम गमगढी पुगेको र सो दिन बिहान र बेलुकी तथा भोलिपल्ट बिहान गढी छोडी रारातर्फ लाग्नुअघि पाहुना लागेकोलाई अहिले पनि कृतज्ञताका साथ सम्झिरहेको छु ।

गमगढी पुगेको बेलुका जिल्ला शिक्षा अधिकारी श्री दिलराज उपाध्यायकहाँ खाना खाँदै गरेको छलफल भने मलाई अहिलेसम्म पनि बराबर आफ्नो जातीय परिवेशमा सम्झना भएर आउँछ । त्यसबेला मुगु जिल्लाका भूतपूर्व माननीय श्री तेजबहादुर भामका छोरा श्री प्रवेश भामले बलि दिएको बोका र समाजमा काटेको बोकाका अङ्ग प्रत्यङ्गहरूको वितरण सम्बन्धमा गम भेकमा प्रचलित रीतिथितिबारे विशद चर्चा गर्नु भएको थियो । वहाँको अनुसार बलि दिएकोमा सिंगै टाउको धामीलाई र दाहिने सपेटा डांग्री पूजारी अर्थात् धामीको सहायकलाई दिनुपर्ने रहेछ । तर लोक संस्कृति विषयक एक पुस्तक[२]मा भने "मेरो चार दाना लैजा (अर्थात् बतासको लुगा बनाएर पानीको सामल बनाएर भए पनि म पाल्ने छु) भनी उक्त आश्वासन र केही अक्षता दिएर ल्याउँछ। सिके पाठो पनि डाँग्रेले काट्छ र यसको दाहिने खुट्टो, फोक्सो र कलेजो मष्टाको थानभित राखेर बाँकी उक्त व्यक्तिलाई फर्काएर दिन्छ । उक्त सिक चढाउन जाने मान्छेले गाउँमा गै सबै जचौरी परिवारहरूमा सिके पाठाको मासु र उक्त "चार दाना' (अक्षता) बाँडेर दिन्छ ।" भन्ने उल्लेख भै रहेको पाइन्छ ।

---

२. विहारी कृष्ण श्रेष्ठ– "कर्णाली लोक संस्कृति (खण्ड ३) जनजीवन (दियार गाउँका ठकुरीहरू)"; नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल; वि.सं. २०२८; पृष्ठ १००

जहाँ जस्तोसुकै चलन भए पनि बलिसम्बन्धी माथि उल्लिखित कुरामा मलाई त्यति चाख लागेन । तर त्यहाँ फर्माइसमा काटेको बोका वा भेडा च्यांग्राको ह्याकुलो, गिदी, जिब्रो, कलेजो र रक्ती सबै मिली समाजमै बसी खाने र अन्य केही अङ्ग प्रत्यङ्गहरू मानिसहरूलाई मर्यादा क्रमानुसार बाँड्ने, बाँडी खुवाउने अर्थात् भागबिला वा मासीहाड वा मांसहाड गर्ने चलन भएको भन्ने भनाइले मलाई अत्यन्तै प्रभाव पारेको थियो । समाजमा काटेको जीव का अङ्ग प्रत्यङ्गहरू बाँड्ने सिलसिलामा त्यहाँ क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, दाहिने च्यापु, देब्रे च्यापु, दाहिने थोली (मुख), देब्रे थोली, दाहिने घुंडी गाँठो, देब्रे घुंडी गाँठो, दाहिने नल्लेठो, देब्रे नल्लेठो, अगाडिको दाहिने खुरको दाहिने भाग, अगाडिको दाहिने खुरको देब्रे भाग, अगाडिको देब्रे खुरको दाहिने भाग, अगाडिको देब्रे खुरको देब्रे भाग आदि पर्ने गरी भाग लगाउँछन् । समाजका प्रतिष्ठित व्यक्ति, मान्यजन, पाहुनाको मर्यादा, उमेरको ज्येष्ठता आदि तथ्यलाई ध्यानमा राखेरै मात्र मासीहाड गर्ने चलन छ भन्ने सुन्दा नेवार समुदायमा प्रचलित सीका: भूलाई झलझली सम्झें । साथै बंगलादेशको एक भागमा भ्रमण गर्दा मलाई मुख्य अतिथि मानेर माछाका विभिन्न परिकारका साथ राखिएको सबभन्दा ठूलो माछाको टाउको नै खान आग्रह गरिएको घटना समेत स्मृतिपटलमा ताजा भएर आयो । मैले आतिथ्य स्वीकार गरी बेलुका खान गएको गमगढीको त्यस घरमा पनि उही दिन एउटा च्यांग्रो काटेको रहेछ । तर त्यस घरको मूली जागीरको सिलसिलामा मात्र त्यहाँ पुगेको काठमाडौंका एक ब्राह्मण हुँदा वहाँमा मासीहाड र सीका:भू दुवैको प्रभाव पटक्कै परेको थिएन ।

सीका:भू (सीला कायगु भ्वय्) भनेको बलि दिइसकेको जीवका अङ्ग प्रत्यङ्गहरू बाँडी खाने एक प्रकारको तान्त्रिक भोज हो । त्यसमा एकपछि अर्को प्रक्रिया क्रमबद्ध रूपले सम्पन्न पारिनु पर्ने विधान हुँदा बलि (चौपाया वा दोपाया) को पूजा, बलि वध गरिने विधि, बलि दिइसकेपछि गरिने पूजा, बलिको अङ्ग प्रत्यङ्ग बाँडी खाने र सबभन्दा पछि कल: वाय्गु (कलङ्क फाल्ने) कार्य नगरी पूर्णता आएको मानिन्न । तान्त्रिकतापूर्ण सीका:भूलाई गमगढीको प्रचलनसित तुलना गरेर कहीं उपहास गर्न खोजेको त होइन भन्ने भनाइ समेत कसै कसैको हुन सक्छ । तर मेरो विचारमा देवतुल्य भई सी लिई भोज खाने र बलि दिइसकेको जीवलाई तार्ने शक्ति ह्रास हुँदै गइरहेको आजको युगमा पनि तन्त्रबाट निसृत यस भोजनले समाजमा मानिसको ज्येष्ठता वा वरिष्ठताको सम्मान गर्ने व्यावहारिक पक्षलाई भने अङ्गीकार गर्न छाडेको छैन ।

प्रो. डा. गोपालसिंह नेपालीका अनुसार सीका:भूको वखत पुरोहितलाई थुतुनो, गुठीका थकाली (जेठा) लाई दायाँ आँखा, नोकुली (माहिला) लाई देब्रे आँखा, स्वकुली (साहिला) लाई दाहिने कान, प्येकुली (काहिला) लाई देब्रे कान, न्याकुली (ठाहिला) लाई तल्लो दायाँ बङ्गारा, खुकुली (राहिला) लाई तल्लो बाँया बङ्गारा र न्हेकुली (अन्तरे) लाई जिब्रो दिने गर्दछन्।[3] त्यस्तै प्याङ्ग गाउँको वोसिकार थरका परिवारले देवालीमा मनाएको सीका:भ्वय्मा थकालीले दाहिने थुतुनो, नोकुले देब्रे थुतुनो, सोकुले दायाँ आखाँ, प्येकुले देब्रे आँखा, न्याकुले दाहिने कान, खुकुले देब्रे कान, न्हेकुले तल्लो दाहिने बङ्गारा र च्याकु (अन्तरे) ले तल्लो देब्रे बङ्गारा पाएको दृश्य प्रत्यक्षत: देखेको चर्चा एक विदेशी विद्वान् अनुसन्धानकर्ताले गर्नु भएको छ।[4] तर यस चर्चाका सम्वन्धमा शंका लागेको फलस्वरूप हालै मात्र माथि उल्लिखित गाउँमा गएर विदेशी विद्वान्ले अध्ययन गर्नु भएको परिवारका सदस्यहरू पत्ता लगाई सोधपूछ गर्दा न्हूछेमान स्वर्गे भइसकेको, फलमान र बौद्ध नामक व्यक्तिहरू क्रमश: पहलमान र बुद्ध भएको र बुद्धको खलक भने हाल छुट्टिइ-सकेको तथ्य ज्ञात भयो। यी तथ्यहरूभन्दा पनि महत्वपूर्ण कुरो त के देखियो भने धान्य पूर्णेको दिन देवाली मनाउने र आफूलाई महर्जन भन्न रुचाउने वसिकार जातका उक्त परिवारमा पनि सीका:भ्वय् गर्दा विद्वान् अनुसन्धानकर्ताले उल्लेख गर्नु भए झैं नगरी थकालीलाई दायाँ आँखा, नोकुलाई बायाँ आँखा, स्वकुलाई थुतुनो, प्येकुलाई दायाँ कान, न्याकुलाई देब्रे कान, खुकुलाई जिब्रो, न्हेकुलाई तल्लो दायाँ बङ्गारा र च्याकुलाई तल्लो बायाँ बङ्गारा दिने तथ्य अवगत हुन आएको छ। साथै मैले अध्ययन गरेको वखत थकालीदेखि च्याकुलीसम्मका व्यक्तिहरुका नाम नामेसीमा क्रमश: बुद्धिवहादुर, पहलमान, न्हूछेलाल, देशी, यमी, तीर्थ अठार र कान्छा परेको पाइयो।

सीका:भूसम्वन्धमा ललितपुर न्याखाचोक वस्ने श्रीनमीराज वज्राचार्यसँग बुझ्दा थकालीलाई दाहिने आँखा, नोकुलाई देब्रे आँखा, सोकुलाई दाहिने कान, प्येकुलाई देब्रे कान प्रदान गरेपछि पुरोहितलाई थुतुनो दिने, तदुपरान्त न्याकुलाई

---

३. डा. गोपालसिंह नेपाली– "द नेवार्स"; यूनाइटेड एशिया पब्लिकेशन्स, बम्बई १; प्रथम आवृत्ति सन् १९६५ जनवरी; पृष्ठ ३९५

४. गेरहार्ड टोफ्फीन– " Le Si Ka Bheay, Festin, de la Tete, Chez Les Newar" ("नेवार जातिले मनाउने सीका भ्वय्"); कैलाश भोलम ४, संख्या ४; पृष्ठ ३३०

तल्लो दाहिने बङ्गारा, खुकुल।ई तल्लो देब्रे बङ्गारा र न्हेकुलाई जिब्रो दिने विधि-विधान भएको जानकारी प्राप्त भयो। ललितपुर जिल्लाकै बडिखेल गाउँ पञ्चायतमा बसोवास गर्ने पै (पहरी) जातका एक व्यक्तिको भनाइ अनुसार तिनीहरूको समाजमा पनि सीका:भू गर्ने चलन छ। तर पहरीहरू जेष्ठताको मर्यादानुकूल पहिलोदेखि चारौंसम्मलाई मात्र क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान र देब्रे कान दिने गर्दा रहेछन्। सोधपूछकै सन्दर्भमा बनेपा निवासी एकजना मानन्धरले बताउनु भएको क्रममा दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो, जिब्रो, तल्लो दायाँ बङ्गारा, तल्लो बायाँ बङ्गारा र पुच्छर (बलि वा भोग दिनेलाई) पर्दछन्। नेवारी समाज अन्तर्गत भिन्न-भिन्न ठाउँका र भिन्न-भिन्न जातका मानिसहरूमा भिन्न-भिन्न प्रकारले सीका:भू गर्ने चलन भए तापनि सीका:भूमा प्रयुक्त आठ अङ्गले अष्टमातृकाको प्रतिनिधित्व गर्ने गरेको जस्तो देखिदा कौतूहलवश नेवारी-अंग्रेजी शब्दकोश[५] पल्टाएँ। त्यसमा जेष्ठताको क्रमवद्धता मिलाई वितरण गरिने वलिका अङ्ग प्रत्यङ्गहरूको सिलसिलेवार निम्न बमोजिम मात्र उल्लेख गरेको पाइयो– दायाँ आँखा, बायाँ आँखा, दायाँ कान, बायाँ कान, थुतुनो र जिब्रो।

मेरो आफ्नै टोलका गुठीहरूमा भने राँगा, बोका आदि चौपाया बलि दिएमा तिनीहरूको अङ्ग प्रत्यङ्गहरूको वितरण थकालीलाई दायाँ आँखा, नोकुलीलाई बायाँ आँखा, स्वकुलीलाई दायाँ कान, प्यकुलीलाई बायाँ कान, वज्राचार्य पुरोहितलाई थुतुनो, न्याकुलीलाई जिब्रो, खुकुलीलाई तल्लो दायाँ बङ्गारा र न्हेकुलीलाई तल्लो बायाँ बङ्गारा पर्ने गरी गर्ने तथा हाँस वा कुखुरा बलि दिएमा टाउको थकालीलाई, दायाँ पखेटा नोकुलीलाई, बायाँ पखेटा स्वकुलीलाई, दायाँ खुट्टा प्यकुलीलाई र बायाँ खुट्टा न्याकुलीलाई दिने गरिआएको देखिन्छ। तर नास: पूजा (नृत्यनाथको पूजा) सम्बन्धी गुठीमा भने उमेरले जेठो, कान्छो भन्ने जेष्ठताको आधारलाई वास्ता नगरी दापा भजनका विभिन्न बाजा बजाउन सक्ने, ताल सुर बुझ्ने, राग थाहा पाउने, गाना गाउन जान्ने आदि मापदण्ड अपनाई वरिष्ठता निर्धारण गरी क्रमागत रूपमा दाहिने आँखा, देब्रे आँखा, दाहिने कान, देब्रे कान, थुतुनो, जिब्रो, तल्लो दाहिने बङ्गारा र तल्लो देब्रे बङ्गारा दिने गरेर सीका:भूको माध्यमद्वारा संगीत, कला-कौशल र सीपको सम्मान गर्ने गरेको पाइन्छ। सम्भवत: वाक्य पढ्नमा

---

५. ठाकुरलाल मानन्धर– "नेवारी इङ्गलिश डिक्शनरी"; डा. एनी भर्गाटीद्वारा सम्पादित; आगम कला प्रकाशन, दिल्ली; सन १९८६; पृष्ठ २६३।

तल्लीन हुनुपर्ने भएकोले नै होला विभिन्न गुठीहरूमा पुरोहितलाई थुतुनो दिने चलन भएको । हाम्रो नासः पूजामा भने गुरुज्यूको आवश्यकता नपर्ने हुनाले थुतुनो टोलका कजी (नाइके) वा भोजका प्रबन्धकलाई दिने प्रचलन विद्यमान छ ।

कर्णाली अञ्चलको दुर्गमस्थानको एउटा संस्कारलाई केही अघि सार्न खोज्दा समेत काठमाडौं उपत्यका र आफ्नो समुदाय सम्वन्धमा धेरै कुरा गरियो । गमगढी नपुगेसम्म पुग्ने प्रवल अभिरुचि राख्ने र पुगेपछि भने त्यहाँ बस्न मन नलगाई छिट्टै घर फर्कन चाहने मेरो मनको स्वाभाविक प्रतिविम्वको रूपमा यस पंक्तिलाई पनि लिन नसकिने होइन । साथै आग्राको कुरा गाग्रामा गरेको भनेमा पनि तत्सम्वन्धमा मलाई केही भन्नु छैन । कारण, वर्तमान परिप्रेक्ष्यमा त मासीहाड विषयमा योभन्दा धेरै लेख्ने सामर्थ्यं नभएकोमा भने म कायल नै छु । तर माथि उल्लिखित विवरणहरूको आधारमा के भन्न सकिन्छ भने उमेर वा ज्ञान वा मानमर्यादाको दृष्टिले ज्येष्ठ ठहरिएकोलाई नै दायाँ आँखा वा टाउको खुवाई अरूहरूलाई अरू अङ्ग प्रत्यङ्गहरू दिई सम्मान गर्ने चलन नेपालीहरूको बीच एक लोकप्रिय संस्कार हो ।

(प्राचीन नेपाल– २०४५ कार्तिक-मंसीर)

नृसिंह

बाल संरक्षिकाकी रूपमा हारती जगत प्रसिद्ध छिन्। त्यसैले ती देवीको मन्दिरमा प्रायः हाँसको फुल सहित पूजा गर्न आउनेहरूको घुइँचो सधैं हुन्छ। नेवार समुदाय वा बौद्ध सम्प्रदायका मानिसहरू मात्र होइनन् बरु काठमाडौं उपत्यकाका अधिकांश तथा उपत्यका बाहिरका कपितय निवासीहरू समेत श्रद्धा एवं भक्तिपूर्वक हारतीको पूजा गर्न काठमाडौंको स्वयम्भूमा पुग्छन्। टाढा-टाढाका मानिसहरू विद्याधरीदेवी, ज्ञानेश्वरका भैरव र टुंडालदेवीस्थानमा पनि स्वयम्भू आएकै बखत पुग्न भ्याउँछन्। कारण, मानिसलाई सबभन्दा प्यारो आफ्नै सन्तान लाग्छ र अनि त्यही प्रिय वस्तुको सुरक्षा खातिर आमा, बाबुहरू पूजाआजा गर्दै सबैतिर भौंतारिन्छन्।

बालरक्षिकाको ख्याति प्राप्त गर्नुअघि हारतीको अस्तित्व कुन रूपमा रहेको थियो र पछि तिनको मानसिक परिवर्तन कसरी भयो भन्ने अत्यन्त रोचक आख्यानले एकातिर ईश्वर भन्नासाथ सृष्टि, स्थिति एवं संहार गर्ने भन्ने तथ्य बोध हुन्छ भने अर्कोतर्फ देवताको स्वरूप र स्वभाव पनि समयसापेक्ष ढङ्गले बदलिने कुरो ज्ञात हुन आउँछ। यहाँनेर "उही रुद्र शिव पनि छन्: डरलाग्दा पनि कल्याणकारी पनि

–पिता जस्ता। त्यस्तै उभय रूप मातामा पनि छ– आमा डरलाग्दी पनि छिन्, माया पनि गर्दछिन्।"[1] भन्ने हरफहरू उद्‌धृत गर्न मन लाग्छ। त्यही सन्दर्भमा भगवान् नृसिंहको पनि विचार गर्न नसकिने होइन।

भगवान्‌का अनेकन् अवतार छन्। तर दशावतारको चर्चा नै हाम्रो समाजमा बढी लोकप्रिय छ। प्रथम जलचर– मत्स्य, द्वितीय जल र स्थलचर– कच्छप, तृतीय जङ्गली जन्तु– वराह, चतुर्थ आधा जनावर र आधा मानिस– नृसिंह, पञ्चम पुड्को मानिस– वामन, षष्ठ क्रोधी मानिस– परशुराम, सप्तम आदर्श पुरुष– राम, अष्टम कूटनीतिज्ञ– कृष्ण, नवम शान्तिवादी – बुद्ध र दशम नास्तिकको नाश गर्ने कल्कि समेतलाई समावेश गरी परिकल्पना गरिएको देखिंदा विकासवादको सिद्धान्तसंग दशावतार मिल्न आएको देखिन्छ भने त्यही अवतारको शृङ्खलामा नृसिंहचाहिं चारौंमा परेको पाइन्छ। पाचाङ्ग[2]को आधार लिंदा नृसिंहको जयन्ती वैशाख शुक्ल चतुर्दशीमा पर्ने देखिन्छ र दशावतारको काल निर्धारण गर्नेहरू[3]का अनुसार उनको समयलाई सत्ययुगीन मान्ने चलन छ। फेरि, दश महाविद्यासंग दशावतारको सम्बन्ध गाँस्नेहरूमध्ये एक थरीले नृसिंहको नाता छिन्नमस्ता[4]संग जोडिदिएका छन् भने अर्को थरीले भैरवी[5]संग।

---

१. श्री बालकृष्ण सम–"नेपाली ललितकला"; श्री ५ को सरकार, प्रचार प्रसार मन्त्रालय, प्रचार विभाग, सिंहदरबार; वि.सं. २०२२ फागुन ७ गते; पृष्ठ १४

२. पं. डाकुरनाथ नरनाथ शर्मा– "रसाब्धिनभोलोचन २०४६ मित श्री मद्विक्रमशरद: नेपाल देशीय पंचाङ्गम्"; काठमाडौं; पृष्ठ १५

३. डब्ल्यू. जे. विल्कन्स– "हिन्दू माइथोलजी"; रूपा आयण्ड कं., कलकत्ता, अलाहाबाद, बम्बै, दिल्ली; सन् १९८२; पृष्ठ १५५

४. वेदमूर्ति तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्य– "तन्त्र महाविज्ञान", द्वितीय खण्ड, द्वितीय संशोधित संस्करण; सन् १९७१; पृष्ठ ३९०

५. श्री ५ महाराजाधिराज प्रताप सिंह शाहदेव– "बृहत् पुरश्चर्यार्णव", प्रथम भाग; ले. ज. धनशमशेर ज. ब. रा. द्वारा संशोधित, परिवर्द्धित र प्रकाशित; काठमाडौं; वि. सं. २०२५; पृष्ठ २७

भगवान् नृसिंहका मूर्तिहरू विषयमा चर्चा-परिचर्चा गर्न खोज्दा वराह र त्रिविक्रमको जस्तो चर्चित पुराना एवं लिच्छविकालीन नृसिंह मूर्तिहरू अहिलेसम्म फेला नपरेको हुँदा तत्सम्बन्धमा यहाँ विस्तृत विश्लेषण गर्न खोजिएको छैन । तर शिवदेव+अंशुवर्माको अभिलेख[६]मा नरसिंह पाँचालीको उल्लेख भएको र चाँगुनारायण स्थानको प्राङ्गणमा नृसिंहका मूर्तिहरू प्राप्त हुनाले यहाँ पुराना नृसिंह मूर्तिहरू यत्रतत्र छरिएर रहन सक्ने सम्भावना भने नकार्न सकिन्न । 'इनरुवाका नरसिंह' शीर्षक लेख[७] पढी नृसिंहको विभेद थाहा पाएको, मुस्ताङ्ग जिल्लामा रहेको नृसिंह विषयक छिपछिपे ज्ञान भएको, भक्तपुरको जयस्थिति मल्लकालीन शक्ति सहितका नृसिंह दर्शन गरेको र करीब ३०।३५ वर्षअघि काठमाडौंमा नृसिंह पूजाको आयोजना गरिएको कुरा सुनेको हुनाले पनि यस प्रकार नृसिंह मूर्तिहरूको बाहुल्यताबारे लेख काट्न खोजिएको हो । माथि उल्लेख भए झैं हामीकहाँ कुनै कुनै नृसिंह मूर्तिहरू शक्ति सहितका छन् त कुनै अत्यन्त सौम्य रूपका पनि । फेरि, कुनै कुनै मूर्तिहरूमा त नृसिंहले खड्ग धारण गरेको समेत देखाइएको छ[८] । उदाहरण स्वरुप मरुसत्तलको पूर्वोत्तर कुनास्थित लक्ष्मीनारायण मन्दिरको सत्तल आकृतिको भवनको दक्षिणी भागको दोस्रो तल्लामा राखिएका टुंडालहरूमध्ये एकमा रहेको नृसिंहको सुन्दर मूर्तिलाई पनि लिन सकिन्छ । तर हिरण्यकशिपु-वधको ध्यान मुद्रा भएका नृसिंह नै बढी चल्तीका हुन् । त्यसैले काठमाडौंको हनुमान ढोकबाट नासलचोक पस्नासाथ बायाँपट्टि पर्ने ठाउँमा, ललितपुरको सुन्दरीचोक पस्दा दायाँतिर र भक्तपुर मालतीचोकको मूल ढोकाको बायाँपट्टि स्थापना गरिराखेका नृसिंहका ठूल-ठूला प्रस्तर मूर्तिहरूले नै जनमानसमा बढी प्रभाव पारेका छन् ।

प्रसिद्ध पौराणिक कथामा आधारित तथा मल्लकालीन उत्कृष्ट मूर्तिहरूमा पर्ने माथि उल्लिखित नृसिंह मूर्तिहरूमध्ये काठमाडौंको चाहिं राजा प्रतापमल्लले

---

६. श्री धनवज्र बज्राचार्य– "बूढानिलकण्ठस्थानको शिवदेव+अंशुवर्माको अभिलेख"; लिच्छविकालका अभिलेख; नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं; वि. सं. २०३०; पृष्ठ २६०–२६२

७. रमेशजङ्ग थापा– "इनरुवाको नरसिंह"; प्राचीन नेपाल, संख्या ४०; श्रावण २०३४; श्री ५ को सरकार; शिक्षा मन्त्रालय; पुरातत्त्व विभाग; काठमाडौं; पृष्ठ ५१–५८

८. श्री रमेशजङ्ग थापा– पूर्ववत्, पृष्ठ ५४

वि. सं. १७३० मा स्थापना गरेका हुन् । यसको पादपीठमा संस्कृत र नेवारी भाषामा अभिलेख अंकित छ । त्यस अभिलेखमा यस मूर्तिसंग सम्बन्ध राख्ने एउटा विचित्रको घटना लेखिएको छ । "राजा प्रताप मल्ललाई नाचगानमा ठूलो सौख थियो । एक दिन उनी आफैं नृसिंहको रूप लिएर रंगशालामा उत्रेका थिए । त्यस बेलाको चलन अनुसार रंगशालामा सानो वेदिका बनाई नरसिंहलाई पूजा गरिराखेको थियो । नाच सिद्धिसकेपछि त्यस वेदिकावाट अनौठो आवाज निस्कन थाल्यो । सो आवाज त्यस वेदिकामा अदृश्य रूपले उपस्थित भएका स्वयं नरसिंहको आक्रोश थियो । यो कुरा बुझी राजा प्रताप मल्लले नरसिंहलाई शान्त पार्न नासलचोकमा रहेको नरसिंहको यो मूर्ति बनाएका हुन् भनी त्यहाँ बताइएको छ।"[९] राजा भूपतीन्द्र मल्लले वि.सं.१७५४ मा स्थापना गरेको र कसैं कसैले 'नारसिंह भैरव'[१०] समेत भन्ने गरिएको नृसिंह मूर्तिको पादपीठमा कुंदाएको संस्कृत र नेवारी भाषाको अभिलेखको अनुवाद गर्दा "जिभ्रो काडेका हुनाले र जगर फिंजाएका हुनाले डरलाग्दो जीउ भएका, युगान्तकालको आगो जस्ता भएका, हिरण्यकशिपुको छाती फोर्न तम्सेका, दैत्यको जमातको सातो लिने सर्वै लोकको रक्षा गर्ने नरसिंह रूप विष्णु ठूला हुनुहुन्छ"[११] भन्ने जानकारी प्राप्त हुन्छ । सुन्दरीचोकको तुसाहिटीमा नुहाई वा मुख धोई शक्ति सहितका सिद्धिदाता गणेश र नृसिंहको दर्शन गरी विजय-यात्रामा प्रस्थान गर्ने चलन थियो भन्ने किंवदन्तीले वि. सं. १६८४ मा राजा सिद्धिनरसिंह मल्लद्वारा ललितपुर दरबारमा नृसिंह मूर्ति स्थापना गरिएको अभिप्राय खुलस्त हुन आएको छ । उपत्यकाका मल्ल राजाहरूबीच आपसी मनोमालिन्यको कारण उक्त गणेश र नृसिंहका मूर्तिहरूलाई उल्टापाल्टा हुने गरी सारेर सुन्दरीचोक पस्ने ढोका समेत बन्द गरिराखेकोमा श्री ५ महेन्द्र शुभ-राज्याभिषेकको बखतमा आएर मात्र साबिकको स्थितिमा पुनर्स्थापना गरेको देख्ने ललितपुर निवासीहरू थुप्रै छन् ।

---

९. श्रीगौतमवज्र वज्राचार्यले– "हनुमान ढोका राजदरबार"; नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं; वि.सं. २०३३ जेष्ठ; पृष्ठ ९२

१०. रथी धनशमशेर ज.ब. रा.– "काम कला रहस्य"; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं; पृष्ठ १६२

११. श्री भोलानाथ पौडेल– "भूपतीन्द्र मल्लका कृतिहरू"; पूर्णिमा, वर्ष ५, अङ्क २, पूर्णाङ्क १८; संशोधन मण्डल, १०।४५२ महाबौद्ध, काठमाडौं; पृष्ठ २५

भगवान् नृसिंहको चित्रण भयंकरताको प्रतिमूर्तिको रूपमा गरिएको तथ्य माथिका केही विवरणहरूबाट स्पष्ट भैसकेको छ त बालक प्रह्लादको रक्षा गर्न खम्बा फोडी गर्जन सहित प्रकट हुने यी देवताको मेघसित प्रत्यक्षतः सम्बन्ध रहेको मानिन्छ। यही सिलसिलामा विचार गर्दा चट्यांगद्वारा अमूल्य सांस्कृतिक सम्पदाहरू नष्ट हुन नपाओस् भन्ने हेतुले नै कहीं पुराना राजप्रासादहरूमा नृसिंहका मूर्तिहरू राख्ने गरिआएको त होइन भनी अड्कल काट्न मन लाग्छ। कारण, ठूलो मेघ गर्जन सहित बिजुली चम्कँदा चट्याङ्ग पर्ला भन्ने डरले त्रसित मानिसहरू नृसिंह, नृसिंह भनी विष्णुको त्यस पवित्र नाम जप्ने चलन हामीहरूबीच अहिले पनि विद्यमान छ। अचेल त हवाइ यात्रा, त्यसमाथि पनि लामो दूरीको भएमा त्यस्ता यात्रामा जानेहरूका लागि नृसिंहको आराधना, पूजा र भाकल गराउने गरेको समेत सुनिन्छ। त्यति मात्र होइन; बराबर तर्सने र सातो गएका बाल-बच्चाहरूलाई स्वास्थ्य-लाभको कामना गर्दै नृसिंहकै जन्तर लगाई दिने प्रचलन पनि काठमाडौं उपत्यकामा केही समयअघि सम्म थियो। साथै मृत्युभय, संकट, आकस्मिक आपत-विपत इत्यादि निवारणार्थ नृसिंहको निम्न मन्त्र जप गर्ने गरिन्छ–

"ॐ उग्रवीरं महाविष्णु ज्वलन्तं सर्वतोमुखम्।
नृसिंह भीषणं भद्रं मृत्यु मृत्यु नमाम्यहम्।"[१२]

यी विवरणहरूबाट भगवान् नृसिंह बालकको अतिरिक्त समस्त प्राणीको रक्षकको रूपमा पूजित हुन गएको तथ्य इङ्गित भएको छ।

माथि जे जस्तो चर्चा गरिए पनि हाम्रो समाजमा नृसिंहको प्रभाव ह्रासोन्मुख प्रवृत्तिमा देखा परेको छ। त्यसले यहाँ नृसिंहको शक्ति-नारसिंहीका मूर्ति, पीठ तथा देवगृहहरू[१३] पनि अन्य देवीहरूको तुलनामा कम नै फेला परेका छन्। अर्को कुरो, नृसिंहको मूर्ति निर्माण गर्दा समेत ती देवताको स्वभावजन्य भयावह गति-विधिलाई नियन्त्रण गर्ने गरेर मात्र गरिएको पाइन्छ। तर नृसिंह आखिर ईश्वरको अवतार नै त ठहरियो। अतः ती देवताको अवशेष कहीं न कहीं र केही न केही

१२. आचार्य पं. शत्रुघ्नलाल शुक्ल– "रहस्यमयी गुप्त विद्यायें यन्त्र. मन्त्र. तन्त्र"; हिन्दी सेवा सदन, मथुरा; जनवरी १९८३; पृष्ठ १५७

१३. फर्पिङ्गस्थित दक्षिणकालीस्थानमा रहेका मूर्तिहरू अवलोकन गर्दा दक्षिण-कालीसंगै दायाँपट्टि नारसिंहीको मूर्ति रहेको देखिन्छ भने नृसिंह आजु वा नारसिंहीका पीठ र देवगृह काठमाडौं, ह्युमतलाको प्यंगःथां भन्ने ठाउँमा पर्दछन्।

रूपमा रहने गरी अन्य देवताहरूका मुकुण्डाहरूमा समेत राखिएको तथ्य भक्तपुरको प्रख्यात नवदुर्गाका मुकुण्डाहरूको सूक्ष्म अवलोकन गर्दा[१४, १५] पनि पत्ता लगाउन सकिन्छ ।

राजा समेत नृसिंह भई नाच्ने भन्ने कुरा माथि वर्णन भै सकेकै छ। ललितपुरमा नृसिंह नृत्य निकालिने दिन कार्तिक नाच चरमोत्कृष्ठ रूपमा पुग्दछ। हुन त उक्त सुप्रसिद्ध नाचमा सांस्कृतिक बाजाको ताल सुरमा नृसिंह र हिरण्यकशिपुको नृत्य हुने र अन्त्यमा हिरण्यकशिपुको वध गरिने नृत्य विधान छ। तर पुराना जमानामा एकातिर दरबारअगाडिको डबलीमा नृसिंह र दैत्यको नृत्य भरहेको हुन्थ्यो भने अर्कोतर्फ त्यसबेला तलेजुमा पञ्चबलि दिने तरखर पनि भइरहन्थ्यो। यसप्रकार तलेजुमा दिइने बलि र दैत्यको वधलाई तान्त्रिक भावले ऐक्य रूप दिइएको र उक्त नृत्यमा दैत्यको मृत्यु नै हुने भन्ने लोकश्रुति भए तापनि आजकल हिरण्यकशिपु भई नाच्ने मानिस नृसिंहको स्पर्शले मूर्छा हुने र तिनलाई मन्त्रेको पानी खुवाई जियाउने गरिन्छ । नृसिंहको पुरानो मुकुण्डो ज्यादै प्रत्यक्षको हुँदा दैत्य हुनेको मृत्यु हुने हुनाले त्यसलाई बाहिर नल्याई देगुतले मन्दिर अगाडिको पुरन्दर सिंहद्वारा निर्मित नृसिंहको सानो मन्दिरमा राखिछाडेको र ठूलठूला आपद विपदमा उक्त मन्दिरमा नृसिंहको साधना गर्ने चलन भएको हो भन्ने चर्चा छ ।

त्यस्तै ललितपुरमा वर्षको एक पटक प्राय: भाद्र कृष्ण चतुर्थीको दिन नृसिंहको यात्रा उपाकर्म (उपकलं) सायाको नामबाट सञ्चालन गरिन्छ । नगर प्रदक्षिणाको साबिक मार्ग भई सम्पन्न गरिने यस यात्राको लामो पंक्तिको सबभन्दा पृष्ठ भागमा नृसिंहको मुकुण्डो लगाएको व्यक्ति र त्यसको दायाँ बायाँ शक्ति स्वरूपमा दुई स्त्री वेशधारीहरू हुन्छन् तथा नृसिंहको अगाडिपट्टि सामुन्ने खडा भई भक्तिपूर्वक बिन्ती गरिरहेको मुद्रामा प्रह्लाद रूपी बालक रहेको हुन्छ। साया (गाई जात्रा)-मा जाने बालकले झैं नृसिंहले भूईंमै लतारिने गरी लगाएका सेता कपडाका दुई पटुकाका फेदहरूमा स-साना दुई पुत्लाहरू दैत्यहरूका प्रतीकका रूपमा बाँधिएका हुन्छन् । ऋषितर्पणी अर्थात् जनै पूर्णिमाको दिन शुरु गरिने शुद्धि संस्कार कर्मलाई

---

१४. रातो रंगकी वाराहीको, सेतो रंगको गणेशको र आँखा नउघारेको तथा जुङ्गा भएको सुन्तला रंगको महादेवको निधारमा सेता रंगका नृसिंह चित्रण गरिएका छन् ।

१५. जेहानी एच. तेलहेट– "दी ट्राडिसन अफ् दी नवदुर्गा इन भक्तपुर नेपाल", कैलाश, भोलम ६, नं. २; काठमाडौं; सन् १९७८; पृष्ठ ८४

पूर्णतामा पुऱ्याउनुसंग सम्बन्धित यस यात्राको बखत गाईजात्रामा जस्तै पितृहरूको नाममा दान दिने समेत गरिन्छ। उपाकर्म सायाको फलस्वरूप वर्षा हुन्छ र यात्राको बखत पनि पानी पर्नुपर्छ भन्ने व्यापक जनविश्वास छ। कृषि कार्यको लागि आवश्यक परेको बेला वर्षा गराइदिने र भक्त प्रह्लादको प्रार्थना सुन्ने भगवान् नृसिंह साक्षात् करुणानिधान प्रतीत हुन्छन्। यस्तो हुँदाहुँदै पनि गर्भवती महिलाहरू भने यो यात्रा हेर्न डराउँछन् किनभने उपाकर्म सायाको नृसिंहको दृश्य मात्रले पनि गर्भ तुहिन्छ भन्ने लोकधारणा छ।

भक्त बालकको रक्षक नै भ्रूण हत्याको कारक तत्त्व बन्न जाने भन्ने अनौठो दृष्टिकोणले "ईश्वर" भनेको के रहेछ बुझ्न कहीं केही सघाउ पुग्छ कि ?

(नेपाली– २०४५ माघ, फागुन र चैत)

विश्वकर्मा

विश्वकर्मा भन्नासाथ विश्व अर्थात् स्वर्ग, मर्त्य र पातालका सृष्टिकर्ता भन्ने बुझिन्छ । यिनलाई चारैतिर मुख, आँखा, हात, खुट्टा, भएका र कुनै पनि सिर्जनाको वखत आवश्यकतानुसार आफ्ना हात, खुट्टा तथा पखेटाले[1] समेत आकृति मिलाउने सर्वज्ञ देवता भनी चर्चा गरिएको पाइन्छ । यिनी सबका जनक तथा उत्पादक हुन् र साथै आफूले निर्माण गरे जति सबैका रक्षक पनि । गर्भमा रहेकै बेलादेखि को कसको लोग्ने स्वास्नी हुने भन्ने कर्मविधान समेत विश्वकर्माले नै मिलाइदिएका हुन्छन्, साथै यिनले विवाहित जोडीलाई सन्तान सुख प्रदान गर्ने गर्छन् ।

सेता वर्णका र जुङ्गा, दाह्री सेतै फुलेका विश्वकर्माका आयुधहरूमा धनुष, बाण, मुङ्ग्रो र तराजु पर्दछन् । त्रिनेत्र भएका[2] यिनले मुकुट पहिरेका हुन्छन् तथा हात र गालामा क्रमशः सुनका बाला र हार लगाएका हुन्छन् । यिनी हंसारूढ हुन् ।

---

१. जोन डसन एम. आर. ए. एस.–"ए क्लासिकल डिक्सनरी अफ् हिन्दू माइथोलोजी एण्ड रेलिजन, जोग्राफी, हिष्ट्री आयण्ड लिटेचर; रूपा एण्ड को., कलकत्ता, इलाहाबाद, बम्बई, न्यू दिल्ली; सन् १९८२; पृष्ठ ३६३ ।

२. डब्ल्यू जे. विल्किन्स– "हिन्दू माइथोलोजी"; रूपा एण्ड को., कलकत्ता, इलाहाबाद, बम्बई, दिल्ली; सन् १९८२, द्वितीय संस्करण; पृष्ठ ७७

विश्वकर्मा देवताहरूका प्रधान शिल्पी तथा वास्तुविद् मानिन्छन् । यिनलाई देवताहरूका मिस्त्री, अभियन्ता तथा वैज्ञानिक जे भने पनि हुन्छ । महाभारतमा उल्लेख भए अनुसार विश्वकर्मा कलाका अधिपति, सहस्र हस्तकलाका विधायक, सम्पूर्ण आभूषण, भाँडाकुँडाहरूका निर्माता र देवताहरूका मुख्य कर्मी एवं सर्वश्रेष्ठ कालीगढ हुन् । विश्वकर्माले नै सूर्यको आठ खण्डको एक खण्ड ताप ताछेका हुन् र त्यसैद्वारा विष्णुको चक्र, शिवको त्रिशूल, इन्द्रको वज्र, अग्निको बञ्चरो, कुमारको भाला तथा कुवेर लगायत अन्य देव-देवताका अस्त्रहरू बनाएका हुन् । यिनैको सहयोग लिई महामञ्जुश्रीले खड्गाकार रूपमा मञ्जुपत्तन नामक नगर निर्माण गरी बस्ती बसालेका हुन् ।[३] साथै अलकापुरी, इन्द्रप्रस्थ, द्वारिका, लङ्का जस्ता नगरीहरू, देवताहरूका स्वचालित रथहरू, देवताहरूका सभा-भवनहरू, दीनवन्धु जगन्नाथको मूर्ति बनाउने र अप्सरा तिलोत्तमाको सिर्जना गर्ने समेत विश्वकर्मा नै हुन् भनिन्छ ।

विश्वकर्माको मूलभूत कार्य सिर्जना नै हुँदा यिनलाई प्रजापति पनि भन्दछन् । यिनका अनेकौं नामहरूमा धाता, त्वष्टा, कारू, तक्षा, देववर्धिका र सुधनुवान् बढी चलितका हुन् । हिन्दू देव-देवताहरूको शृङ्खलामा ब्रह्मा, विष्णु र महेश्वरले प्रमुख स्थान ओगट्नुभन्दा पूर्व विश्वकर्मा मात्र सृष्टि एवं स्थितिका नियतकर्ताको रूपमा देखापरेको पाइन्छ । तर पछि गएर रूप, कार्य र वाहन आदिको दृष्टिले यिनलाई ब्रह्मा सादृश्य र ब्रह्माकै अर्को विभेद मान्न थालेको हो । अझ विचार गरी हेर्दा त ब्रह्मा र विश्वकर्माले अहिले आएर क्रमशः आध्यात्मिक र भौतिक सिर्जना-सम्बन्धी कामहरू गरिरहेको प्रतीत हुन्छ । त्यसउसले यिनलाई हाल ब्रह्माभन्दा तल्लो स्तरमा व्यवहृत गरिएको पाइन्छ । फेरि, कसै-कसैले त चतुरानन ब्रह्माका प्रत्येक मुखबाट एक-एक देवशिल्पी उत्पन्न भएको र तीमध्ये विश्वकर्मा एक हुन् भनेर समेत चर्चा गरेका छन् ।[४]

"प्रकृतिले समेत कलात्मक रूपमा सिर्जना गरेको यो देशमा ढुङ्गा बोल्छ, काठ र माटोको मूर्तिले सजीवता पाउँछ, कलम चलाउन नजान्ने कलाकारमा साहित्यिकता हुन्छ, एउटा इँटले एउटा बुद्ध जन्माउँछ" भनी मैले कालीगढहरूको

---

३. मेरी शेफर्ड स्लूस्सर– "नेपाल मण्डल, भोलम 1"; प्रिन्सटन् यूनिभर्सिटी प्रेस, प्रिन्सटन्, न्यूजर्सी; सन् १९८२; पृष्ठ १३०

४. मेरी शेफर्ड स्लूस्सर– पूर्ववत्; पृष्ठ ८७

यो देशसम्बन्धमा धेरै वर्षअघि एउटा सानो अभिव्यक्ति[4] कोरेको थिएँ। आज पनि त्यो उक्ति उत्तिकै शाश्वत सत्य छ र भोलि पनि त्यतिकै सार्थक रहन्छ भन्ने मलाई लाग्छ। किनभने यस देवभूमिमा प्रकृति र पुरुष दुवै कालीगढीपूर्ण छ। त्यसैले त यहाँ सर्वत्र विश्वकर्म-विश्वकर्मा व्याप्त छ तर विविध स्वरूपमा।

एक लेख[5] अनुसार देवपत्तनस्थित पशुपति मन्दिर, र पनौतीको इन्द्रेश्वर महादेव मन्दिरको एक-एक टुंडालमा हिन्दू देवता विश्वकर्माका मूर्ति छन्, जुन हाम्रो सन्दर्भमा कम महत्वपूर्ण मान्न सकिन्न। तर विख्यात देवता विश्वकर्माका प्रसिद्ध मन्दिरहरू कहाँ-कहाँ पर्दछन्, तिनीहरूको विस्तृत विवरण दिन सक्ने स्थिति अहिले छैन। त्यसो भए तापनि ललितपुरको इखा गल्लीमा अवस्थित विश्वकर्माको मन्दिर अवलोकन गर्दा मन्दिरभित्र मूलतः आकृति विहीन तीन वटा पाषाण गोलाकार प्वालहरू, देवद्वारको तोरणमा खड्ग र मन्दिरको बाह्य माथिको भित्तामा राखिएका धातुका ३ वटा आसन अवस्थाका मूर्तिहरूमध्ये दाहिने गणेश, देब्रे भैरव र बीचमा दायाँ माथिल्लो हातले खड्ग र तल्लो हातले वाण तथा बायाँ माथिल्लो हातले धनु र तल्लो हातले पुस्तक लिएका विश्वकर्मा अङ्कित गरिराखेको देखेको थिएँ। त्यस्तै ललितपुरकै चाकबहिलस्थित प्रसिद्ध कुछेंको भित्र पर्ने एक ताम्रकारको छिंडीको खोपाभित्र आकृतिविहीन पाषाण विश्वकर्मा रहेको र त्यस देवताको धातु निर्मित तोरणमा दायाँ र बायाँ क्रमशः स्थानक अवस्थाका गणेश र महाकाल पर्ने गरी बीचमा बसेका चार बाहु युक्त देवशिल्पीको मूर्ति चित्रण गरिएको छ। यिनको प्रहरणहरू खड्ग, बाण र धनु भर्खरै माथि उल्लेख गरिए अनुसार नै छन् भने छातिनेर पुऱ्याइएको चौथो हातचाहिं अभय मुद्रामा छ। ओमबहाल टोल, काठमाडौंमा अवस्थित बिकमा बहा (विश्वकर्मा बहाल) अर्थात् मञ्जुश्री नक महाविहारको विश्वकर्मा स्थानमा रहेको ३ वटा पाषाण चित्रणहरूमा दायाँ नैवेद्य राख्ने भाँडा जस्तोमा लड्डु सादृश्य वस्तुहरूमाथि एउटा मूला, बायाँ पात्र र त्यसमाथि छोपिनै लागेको जस्तो गरी कर्तृ तथा बीचमा पताका युक्त खड्ग राखिएका र ती प्रतीकात्मक शिला चित्रणहरूको माथि धातु निर्मित तोरणमा

---

५. जीतबहादुर मानन्धर– "नेपाली कलामा एक दृष्टिकोण"; हिमचुली मासिक, वर्ष १, अङ्क १; ललितपुर नगर पालिका, ललितपुर; २०१६ साल फागुन ७; पृष्ठ २६

६. हरिराम जोशी– "हिन्दू देवी-देवता", श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं; वि. सं. २०४० श्रावण; पृष्ठ ६७

पनि उक्त वस्तुहरू अङ्कन गरिएबाट पाटन इखा गल्लीका देवताहरूको स्मरण भएर आउँछ। अझ उक्त विश्वकर्मा मन्दिरको देवद्वारमाथि दायाँ गणेश, बायाँ भैरव र बीचमा मञ्जुश्री पर्ने गरी चित्रकारी गरिएका रङ्गीन चित्रहरू देख्दा त त्यहाँ विश्वकर्माको प्रतिनिधित्व कुन देवताबाट गराइएको भन्ने तथ्य स्पष्टतः बोध हुन्छ।

विश्वकर्माको मूर्ति पूजा कहीं कहीं वार्षिक वा आवधिक रूपले गरिन्छ तथापि भिन्नभिन्न पेशामा लागेका हाम्रा व्यवसायीहरू जस्तै—बाँडाले हंचा, मुङ्ग्रो, खलाँती, चिम्टा, ढक र तराजु; सिकर्मीले मुङ्ग्रो, रण्डा, बसिला र करौती; डकर्मीले गं, चुपी र कर्नी; नकर्मीले घन, चिम्टा र खलाँती; बज्रकर्मीले कर्नी; शिलाकारले छिना; चित्रकारले कुची, रङ्ग र रङ्ग राख्ने भिउँट; सूचिकारले सियो, कल र कैंची; कुम्भकारले चाखः (घट्ट) र चाखः लट्ठी; रन्जितकारले बसिघः र छापा (ब्लक); राजकर्णिकारले काठको डाडू, तावा, झान्द्रा र चिम्टा; साल्मीले गं, यमा, लाकु, पू, ना आदि; नापितले छुरा र कैंची; किसानले हलो, कुटो र कोदाली; पसलेले ढक, तराजु, माना र पाथी; कसाईंले नायखि र नायूचूपी; पोडेले च्वाफी, जाल र बल्छी; विद्यार्थीले किताब र लेखनदास तथा कारिन्दाले कलम पूजा गर्ने चलन हामीकहाँ निकै प्रचलित छ। जीविकोपार्जनको क्रममा अपनाई आएका विविध वृत्तिसंग सम्बन्धित यन्त्र जस्तै– साइकल, मोटर साइकल, ट्रयाक्टर, मोटर, हवाइजहाज, मेशीन, तान आदि र यन्त्रशालामा साल, ज्यासल, ज्याठा, आरन इत्यादि पुज्ने पनि त्यहीं सांस्कृतिक परम्परा अन्तर्गत परेका हुन् भन्दा अत्युक्ति ठहरोइन।

खास गरेर काठमाडौं उपत्यकाका बासिन्दाहरूमा जुनसुकै विषयवस्तुलाई पनि आफ्नै सांस्कृतिक एवं सामाजिक परिवेशमा ढाल्ने जुन विशिष्ट परम्परा छ, त्यसबाट विश्वकर्मा समेत अछूतो रहन गएका छैनन्। चन्द्रहास खड्गद्वारा नागह्रदको पानी बाहिर पठाई काठमाडौं उपत्यकाको सिर्जना गर्ने र त्यहाँ नगर बसाल्ने भनी कहलिएका बोधिसत्व महामञ्जुश्रीलाई यहाँका बौद्धमार्गीहरूले विश्वकर्माको रूपमा लिने गर्दछन्। त्यसैले यिनले धारण गर्ने चन्द्रहासकै ज्वालावली वा पताका युक्त खड्ग बनाई त्यसैलाई विश्वकर्मा मानी पूजा गर्ने चलन समेत छ। नगर निर्माणको सन्दर्भमा सम्भवतः मञ्जुश्रीद्वारा योजना गर्ने थलो वा ज्यासलको रूपमा प्रयोग गरिएका स्थानहरू– भक्तपुर जिल्लाको ल्हासापाकु[७] र काठमाडौं स्वयम्भूको

७. नेपाल आउँदा महामञ्जुश्री महापमण्डप डाँडामा रहेको यस स्थानमा रात बिताउनु भएको भनिन्छ।

मञ्जुश्रीस्थान (सरस्वतीस्थान) तथा मञ्जुश्रीले कृषक बनी सिंहशार्दूलद्वारा हलोजोतेको सावाभूमि (हाल सामाखुसी) भन्ने ठाउँ आज पनि नेपाली जनमानसमा पूजनीय रहेका छन् । ल्हासापाकुको स्थानमा दायाँ, बायाँ र बीचमा रहेका प्राकृतिक पाषाण मूर्तिहरूलाई क्रमशः गणेश, महाङ्काल र महामञ्जुश्री भनी मान्दै आएका छन् ।

त्यहाँको मूल मन्दिरभित्र पाषाण मञ्जुश्रीको अगाडि सिङ्गमरमरमा दुई वाहु भएका मञ्जुश्री तथा त्यसको दायाँ र बायाँका भित्ते खोपाहरूमा क्रमैले गणेश र महाङ्काल मूर्तिहरू राखिएबाट समेत विचार गर्दा ललितपुरका हिन्दू धर्मावलम्बी ताम्रकारहरूले विश्वकर्मा भनी पुज्दै आएको देवता त मञ्जुश्री बाहेक अरू कुनै होइनन् भन्ने आधार मिल्न आएको देखिन्छ ।

मञ्जुश्रीकै दुई शक्ति वरदा र मोक्षदा क्रमशः धिलाच्वो (ध्यानच्चो) र फूच्वो (फूलचोकी) माजूको नामबाट काठमाडौं उपत्यकाको दक्षिणतिर पर्ने दुई डाँडा का टुप्पाहरूमा विराजमान भएका र ती देवी द्वयलाई कला, कौशल एवं सीपकै देवी तथा सरस्वती स्वरूपा मानी पुज्दै आएका छन् । ती दुबै ठाउँहरूमा चढाइ-राखेका देखिने कपडा बुन्ने तानका लाय्पू अर्थात् काँगियाहरूबाट सीपको लागि गरिने आराधना स्थल भन्ने इङ्गित हुन्छ । साथै आफ्ना कुशल हातबाट काठ र हस्तीहाडमा जीवनी सिर्जना गर्न सक्ने तथा वर्तमान पुस्ताका एक सशक्त कलाकार मदन पाख्या[८] त आफूलाई ध्यानच्वो माईबाटै प्रेरणा पाएको तथ्य स्वीकार्नु हुन्छ ।

सीपको सम्बर्द्धनमा एकाग्रता, साधना एवं विश्वासको ठूलोभन्दा ठूलो स्थान रहन्छ । त्यसमाथि पनि धर्मभीरु नेपालीहरूको त कुरै छाडौं । यिनीहरू कुनै पनि महत्वपूर्ण सिर्जनाको थालनी तन्त्र, मन्त्र, ध्यान, जपतप तथा साधनाविना गर्दैनन् । त्यसैले होला आफ्नो कार्य कुशलताको कामनार्थ इष्ट देव सादृश्य भिन्न-भिन्न देवतालाई विश्वकर्माको रूपमा मान्ने गरिआएको ।

माटोका काला भाँडाकुँडा बनाउने भक्तपुरका कुमालेहरू हाँसको मासु खाँदैनन् । कारण, तिनीहरू उक्त पक्षीलाई गुरु नै ठान्दछन् । विश्वकर्माको एक अर्को प्रसिद्ध नाम प्रजापतिबाटै आफूहरूलाई चिनाउन रुचाउने तिनीहरूले आफ्ना

---

८. प्र. सं. ध्रुवकृष्ण दीप– "इन्टरभ्यू– मदन पाखे–ए हिडन टालेन्ट अण्डर उड आयण्ड आइभरी"; नेपाल भीजन, भोलम ३, नम्बर ५; ललितपुर; मार्च–अप्रिल १९८६; पृष्ठ ३३–३४ र ३६

इष्ट देवकै वाहन हाँस हुँदा त्यस प्रकारको व्यवहार चलाएको हुन सक्छ। तर भक्तपुरका अधिकांश प्रजापतिहरू दन्त दुई भएका र तमिल भाषामा भए वलम्बुरि[१] विनायक कहलिने दाहिनेतर्फ सूँड फर्काएका गणेशलाई आपनो इष्ट देवता र नासःद्यः (नृत्य नाथ) का अतिरिक्त विश्वकर्मा समेत मान्छन्। केवल भक्तपुरका प्रजापतिहरू मात्र होइनन्, काठमाडौं उपत्यकाका नकर्मीहरूले पनि गणेशलाई नै विश्वकर्माको रूपमा पुज्ने गरेको तथ्य तिनीहरूको आरनमा सबैले देख्ने स्थानमै स्थापना गरिने सिद्धिदाताको मूर्तिवाट स्पष्ट हुन्छ। फेरि, भक्तपुरका चित्रकारहरूको विश्वकर्मा त त्यस नगरको प्रसिद्ध तथा आदिगणेश छुमा गणेश हुन्।

काठमाडौंका ज्याठा टोलका कुमालेहरू भने गणेशलाई आपना विश्वकर्मा देवताको रूपमा ग्रहण नगरी भैरवलाई मान्ने गर्छन्। गोलमढी टोल, भक्तपुरमा रहेको तेल पेल्ने साल, वनेपा भेकका तैल्यशालाहरू र काठमाडौंका सालहरूमा रहेका विश्वकर्मा अरू कुनै नभई भैरव नै हुन् भलै आकाशतिर मुख फर्काएका हिटीमङ्गलाई पनि साल देवताको रूपमा स्थापित गरिराखेका किन नहोस्। त्यति मात्र होइन, ललितपुरका चित्रकार, सिकर्मी, डकर्मी, तण्डुकार, किसानहरू तथा काठमाडौं वलम्बूका कालीगढहरू समेत पाटन थसिखेलस्थित पीठमा आई देवी महालक्ष्मीलाई विश्वकर्मा मानेर आ-आफ्ना कला, कौशलको उन्नति, प्रगति एवं समृद्धिको लागि पूजा, अर्चना तथा आराधना गर्छन्। भक्तपुरमा पनि 'याता' खलकका प्रजापतिहरूले महालक्ष्मीलाई नै विश्वकर्माको रूपमा मान्ने तथ्य यहाँ स्मरणीय छ। साथै तिनीहरूको नासःद्यः र कुल देवता पनि महालक्ष्मी नै हुन्।

माथिका विवरणहरूबाट नेपालीहरूले पाञ्चायन देवताहरूमा पर्ने गणेश र शिवको रौद्र रूपमा लिइने भैरव तथा बौद्ध देवता महामञ्जुश्री र अज्ञानतालाई छेदन गर्ने उनको खड्ग समेतलाई विश्वकर्मा मान्ने गरिआएको कुरो केही हदसम्म भए पनि छर्लङ्गिएको छ। आदिमा कुवेर नै धन द्रव्यका मूल देवता भए तापनि कालान्तरमा लक्ष्मीलाई ऐश्वर्यकी देवी मानिन थालिए झैं शाक्तहरूको प्रभुत्व बढ्दै गएपछि विश्वकर्माको रूपमा देवी महालक्ष्मी र सरस्वती समेत पुजिन गएको तथ्य स्पष्टिन आएको छ। तर विश्वकर्मा पुज्ने खास दिन कुन हो भन्नेतर्फ विचार गर्दा भने तीन दिन टड्कारो रूपले देखापरेका छन्। ती तीन दिनमध्ये एक दिन

---

१. गोविन्द टण्डन–"काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू'; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं; वि. सं. २०४२; पृष्ठ २१

बूढो विश्वकर्मालाई पूजा गर्ने दिन कन्या संक्रान्तिमा पर्दछभने अर्को चैत दशैंमा र तेस्रोचाहिं बडा दशैंको महानवमी तिथि । नवमीको दिन यन्त्र र यन्त्रशालालाई क्रमश: विश्वकर्मा र विश्वकर्माको थलो मानी आस्थापूर्वक पुज्ने अत्यन्त लोकप्रिय चलन हाम्रो समाजमा विद्यमान छ । कर्मप्रधान जीवनयापन गर्ने भक्तपुरका कतिपय नरनारीहरू त उक्त दिनलाई महानवमी वा स्याकोट्याको चाडको नामले भन्दा बढी मात्रामा 'ताँ पूजा यायगु' अर्थात् 'तान पूजा गर्ने' दिनको रूपमा स्मरण गर्छन् ।



(प्राचीन नेपाल– २०४६ भदौ-असोज)



घातु

जागीरको सिलसिलामा सुर्खेत पुगेको एउटा कर्मचारी, ती कर्मचारी भक्त-पुरमा जन्मेको एक शिक्षित व्यक्ति मात्र नभई संगीत मर्मज्ञ एवं कलाको पारखी समेत रहेछन् । डकर्मी पेशा लिई सुर्खेतमैं प्रवासकाल बिताइरहेको अर्को एक व्यक्ति-सित डेरा नजीक भएको कारण उनको बराबर भेट हुने गर्थ्यो । तर उनलाई कीर्तिपुर निवासी त्यस डकर्मीको स्वरमा भावुकता, मिठास एवं नियन्त्रण छ भन्ने कुरो पत्तै थिएन ।

दुबैको समय सुर्खेतमा बित्दै थियो । एकाएक एक यस्तो समय आयो जुन बेला त्यस डकर्मीको डेराबाट मनलाई नै विह्वल पार्ने खालका गीतहरू सुनिन थाल्यो । यसबाट त्यस घरमा कहीं एकाकीपनको अनुभूति भइरहेको त छैन भन्ने धारणा भक्तपुरबाट गएका अधिकृत कर्मचारीलाई भएको थियो । विरह-वेदनाले भरिएको अत्यन्त मीठा स्वर कैयौं दिनसम्म दिनको कम्तीमा एक पटक गुञ्जिरहेकोमा एक दिन एक्कासी गीत सुनिन छाड्यो । अनि त संगीत पारखीलाई त्यस युवक गायककी जीवन संगिनी पक्कै पनि अहिले संगै होलिन् भन्ने भान पर्‍यो । एकाध दिनपछि दुईजनाको भेट हुँदा भलाकुसारी भयो । सोधपूछको सन्दर्भमा केही समय यता आफ्नो सानो परिवारसंग गायक नछुट्टिएको बरु उनले त ऋतुलाई दृष्टिगत गरेर मात्र गीत गाउने गरेको भन्ने तथ्य ती कर्मचारीलाई ज्ञात गरायो । साथै उक्त गीत

गाइने याम सिद्धिसकेकोले गाउन छाडिएको, काठमाडौंको इलाकामा पाहांचह्रे (पिशाच चतुर्दशी) को चाडसम्म मात्र उनले गाउने गरेको राग घातु[1] गाउन मिल्ने र तदुपरान्त नमिल्ने भन्ने जानकारी सविस्तार त्यस गायकले अधिकृत कर्मचारीलाई दिएका थिए ।

हुनपनि घातु भनेपछि वसन्त ऋतुको अन्तिम समयतिर तुवाँलो लाग्ने र उराठ लाग्ने यामताका विछोडिएका हृदयले गाउने संवेदनापूर्ण प्रसिद्ध गीत हो । नेवारी समाजमा अत्यन्त प्रचलित यस गीतको शुरुआत फागु पूर्णिमाको रात सम्पन्न हुने चीर दहनपछि प्रारम्भ भई पिशाच चतुर्दशी चाडको समाप्तिको साथसाथै अन्त्य हुन्छ भन्ने मैले पनि नसुनेको होइन । कारण, त्यस प्रकारको धारणा काठमाडौं तथा ललितपुर निवासीहरूबीच व्याप्त छ । स्मरणीय छ, हाम्रो तराई प्रदेशमा पनि फगुवाको भोलिपल्ट अर्थात् फागुन पूर्णिमाकै पर्सिपल्टदेखि मार्मिक एवं उराठ लाग्ने गीत चैतावर (चैती) गाउने गर्दछ ।

अन्वेषणात्मक प्रवृत्ति भएका भक्तपुर निवासी त्यस अधिकृतलाई घातु गीतको प्रचलनबारे सुर्खेतमा भएको छलफलबाट थप खोजीमा पस्ने प्रेरणा मिलेको हुन सक्छ । त्यसैले त आफ्नो अनुसन्धान क्रममा उक्त गीत भिन्न-भिन्न स्थानमा भिन्न-भिन्न समयमा गाइने प्रचलन फेलापरेको तथ्य यस पंक्तिका लेखकलाई हालै मात्र सांस्कृतिक विचार आदान-प्रदानको सन्दर्भमा उनले अवगत गराएका थिए । जसरी काठमाडौं उपत्यकामा वसन्त ऋतुको फल—काफल सबभन्दा पहिले राजधानी काठमाडौंमा देखापर्छ र अनि क्रमैले पूर्वतिर पाइँदै जान्छ, ठीक त्यसरी नै घातु गीत पनि पूर्वतर्फ सर्दै-सर्दै जान्छ । संभवतः काफल पश्चिममा पहिले पाक्ने तथा जुन-जुन स्थानमा चाड, पर्व, मेला र जात्रा हुन्छन्, तत्-तत् स्थानहरूमा नाङ्लामा राखी काफल बेच्न ल्याइने र जात्राकै बेला घातु गीत गाइने हुनाले पनि हामीमा यस्तो प्रभाव परेको हुन सक्छ । कुरो जेसुकै भए तापनि हामीहरूको जात्रा एवं चाड पर्वहरूको शृङ्खलामा काठमाडौंको एउटा मुख्य चाडको रूपमा पाहांचह्रे, वज्रयोगिनीलाई तल साँखुमा ल्याउने र सांखु बजारबाट माथि मन्दिरमा लैजाने सको पुह्नी (चैत्र पूर्णिमा) ताकाको जात्रा, भक्तपुरको बिस्केट जात्रा, भों पुह्नी (वैशाख पूर्णिमा) को बखत बनेपामा चण्डेश्वरी जात्रा, पनौतीमा ज्यापुह्नी (जेष्ठ पूर्णिमा) ताका सम्पन्न हुने जात्रा आदि क्रमैले आउने गर्दछन् ।

---

१. ठाकुरलाल मानन्धरले "पुलाँगु म्ये" शीर्षक प्राचीन गीति संग्रहसम्बन्धी आफ्नो किताबमा घातुलाई राग घातु ताल प्रताको संज्ञा दिनु भएको छ । हेर्नुहोस्—नेपाल भाषा परिषद्, ३६१ न्यत तुंछें कान्तिपुर— १३, नेपालद्वारा ने.सं. ११०१ गुंलामा छैठौं संस्करणको रूपमा प्रकाशित "पुलाँगु म्ये" को पृष्ठ ३६ ।

स्थान विशेषको दृष्टिले मुख्य-मुख्य रूपमा रहेका जात्राहरूसंग नै घातु गीत गाँसिएका हुन्छन् भन्ने सुन्दा मलाई अत्यन्त कौतूहल लागेको थियो। अनि खुशीयाली मनाउने र मनोरञ्जन गर्ने जात्राहरूकै बेला किन विरहले विह्वल गीतहरू गाइँदा रहेछन् भनी मनमा खुल्दुली लाग्छ।

एक त माथि भनिए झैं गीतमा विह्वलता हुनुमा वसन्त जस्तो कामातुर ऋतुमा बिछोडिनु परेको र त्यस बेलाको ऋतु वा यामको प्रभाव हुन सक्छ। अर्को कुरो, विरहका गीतहरू नै मानिसलाई सबभन्दा राम्रा र मीठा लाग्छन्। त्यसैले होला, ठाउँ-ठाउँका मूल जात्राहरूकै बेला घातु गाइने गरेको। राजधानीमा घातुले पाहाँचह्रे चाडको आसपास वयस्कको स्थिति पार गरी प्रौढ बन्न पुग्छ र तदुपरान्त त्यस गीतको महत्ता त्यहाँ विस्तारै खस्कन थाल्छ। तर साँखुमा भने पाहाँचह्रेपछि हुने वज्रयोगिनी माईको जात्राताका घातुले प्रभुत्व जमाउँछ। त्यस्तै चैत्र महीनाको आखिरी र वैशाखको पहिलो हप्तातिर सजधजपूर्वक मनाइने बिस्केट जात्राको बखत भक्तपुरमा घातु चरमोत्कृष्ट रूपमा देखापर्छ र त्यसपछि त्यहाँ पनि त्यो गीत विस्तारै सेलाउन थाल्छ। भक्तपुरबाट घातु काठमाडौं उपत्यकाका एक भन्ज्याङ नाघेर अर्कै उपत्यकामा गुञ्जिन पुग्छ र भोपुह्नीको बेला सम्पन्न हुने चण्डेश्वरीको जात्रामा घातुले बनेपामा पूर्ण प्रौढ रूप लिन्छ। काभ्रे जिल्लाको एक पुरानो बस्तीको रूपमा रहेको पनौतीमा भने वैशाख पूर्णिमाको ठीक एक महीनापछि हुने जात्राको बेला घातुले जनजीवनमा स्थान ओगटेको हुन्छ। पनौतीमा रहँदा, बस्दा डाँडामाथिको जून जस्तो भइसके तापनि पुनः बसाइँ सर्दै जाने र लामो यात्रा तय गर्ने घातुलाई रूग्ण शरीर र भग्न हृदयको कारण दोलखासम्म पुग्दा धेरै बूढ्यौलीले छोएको हुन्छ र अनि त्यहीं त्यसको अन्तिम जीवनलीला समाप्त हुन्छ।

काठमाडौंदेखि दोलखासम्म एक ठाउँबाट अर्को ठाउँ हुँदै क्रमिक रूपले सर्दै सर्दै जाने घातु गीत गायनसम्बन्धी जुन विवरण माथि पेश गरियो, त्यो जागीरको सिलसिलामा सुर्खेतमा केही वर्ष बिताउनु हुने भक्तपुर निवासी अधिकृत सत्यनारायण प्रजापतिबाट सुनेको हुँ। बनेपा, पनौती र दोलखा भेकको वर्तमान सांगितिक स्थितितर्फ दृष्टि दिंदा ती स्थानहरूबाट उहिल्यै घातु गीतले नेटो काटिसकेको जस्तो अनुभूति हुन्छ तथापि तत्सम्बन्धमा यस्तै हो भनी ठोकुवा गर्नचाहिं गाह्रो छ। तर त्यतातिर जात्राको बखत बिस्का: लयमा[2] गीत गाइने भन्ने कुरा अचेल

---

२. भक्तपुरको प्रभाव क्षेत्रमा रहेका स्थानहरूमा बिस्केट चाड अत्यधिक लोकप्रिय हुन्छ। यहाँ "बिस्का लय" भन्नाले बिस्केटको बखत गाइने गीत अर्थात् घातुको लयलाई इङ्गित गर्छ।

पनि यदाकदा नसुनिने होइन । अतः घातुको जन्मदेखि मरणसम्मको विश्लेषणात्मक अध्ययन एवं अनुसन्धान संगीतका अध्येताहरूबाट हुनुपर्ने भएको छ ।

भविष्यमा हुने अनुसन्धानको निष्कर्ष जे जस्तो भए तापनि उपर्युक्त विवरण-हरूबाट केचाहिं प्रष्टिन्छ भने घातु नेवारहरू बाहुल्य भएका बस्तीहरूमा उन्मुक्त भाव र लयमा विरह वेदना पोख्दै तथा वातावरणलाई घन्काउँदै गाइने अत्यन्त लोकप्रिय ऋतु गीत हो ।

(नेपाली संस्कृति–२०४६ भदौ-मंसीर)

चामुण्डा

म॑बस्ने गरेको ठाउँ पचली भैरव, तलेजु, कुमारी र कंगेश्वरी पीठबाट प्रभावित छ। कंकेश्वरी (कङ्कालेश्वरी) नामबाट समेत परिचित यो पीठ काठमाडौं गणेशस्थानबाट पश्चिमतिर ओराली लाग्दै जाँदा विष्णुमतीको पूर्वी किनारमा रहेको पाइन्छ। यही पीठमै हाम्रो श्मशान स्थल पनि पर्दछ। पर्व विशेषमा प्रतिष्ठा गर्न ल्याइने मूर्ति र वर्तमान लोकधारणाको दृष्टिबाट हेर्दा यस पीठकी प्रधान देवी चामुण्डा हुन्। जात्राको बखत खटमा विराजमान गराइने देवदेवीहरूको मध्य भागमा चामुण्डाका धातु निर्मित मूर्तिहरू राखिएका हुन्छन्। यिनै तथ्यलाई दृष्टिगत गर्दा काठमाडौंमा सबभन्दा बढी चर्चित चामुण्डा यहींकै मानिन्छ भनै भद्रकाली, श्वेतकाली, वनकाली, रक्तकाली, लुचुभलु अजिमा र दक्षिणकाली समेत चामुण्डा नै किन नहुन्। अचेलको अवस्था यस्तो भए तापनि खड्गाकार रूपमा रहेको काठमाडौंको पश्चिम दिशामा अवस्थित यस पीठले अतीतमा भने वाराही पीठ[1] भनी प्रसिद्धि पाएको थियो। एक किंवदन्ती अनुसार काठमाडौंको प्याफल-

१. रथी धनशम्शेर ज.ब.रा.– "काम कला रहस्य"; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं; पृष्ठ १००

स्थित चामुण्डा माई वरपरका जनताद्वारा उपेक्षित भई ज्योतिषी देखाई विष्णुमतीको किनार कंगा: (कालीमाटीका ढाडलहरू) भएको स्थानमा वसाई सरेपछि मात्र लोक प्रशंसित हुन पुगेकी हुन् । अर्को एक धारणा के छभने विष्णुमती नदी काल क्रमागत रूपमा पश्चिमतिर सर्दै जाँदा चामुण्डा पीठ पनि बसाई सराइले गर्दा प्याफलबाट पहिलो मरुढोका सालनेरको पीठमा, दोस्रो क्वाखच्चोमा र तेश्रो हालको स्थानमा रहन गएको भन्ने छ ।

हामी आपनो शरीर, घर, मन्दिर, टोल, गाउँ, नगर र राष्ट्रलाई विश्व ब्रह्माण्डको रूपमा हेर्छौं । त्यसैले तिनीहरूको सुरक्षा खातिर दिक्पालहरूको परिकल्पना गर्छौं र दिक्पालहरूलाई दिशा निर्देश समेत गरिदिन्छौं । समयको अन्तरालमा हाम्रो समाजमा शाक्त सम्प्रदायको प्रभुत्व बढेपछि इन्द्र, अग्नि, यम, नैऋति, वरुण, वायु, कुवेर र ईशले ओगटेका स्थानहरू हामी क्रमशः ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, ऐन्द्री, चामुण्डा र महालक्ष्मीलाई सुम्पन्छौं । यसप्रकार अष्ट मातृकाको अवधारणा विकास हुनुअघि सप्त मातृकाको मात्र अस्तित्व कायम रहेको र सप्त मातृकाकालीन युगको उत्तरार्द्धमा वैष्णवभन्दा शैव सम्प्रदायको बढोत्तरी हुँदा नारसिंहीलाई चामुण्डाले प्रतिस्थापित गरेको मान्नेहरू[२] पनि छन् । तर दक्षिणकाली स्थान, फर्पिङ्गका मूर्तिहरूको सूक्ष्म अवलोकन गर्दा भने चामुण्डासंगै दाहिनेपट्टि नारसिंही राखिएको स्पष्ट रूपमा देखिन्छ । पछि आएर सप्त मातृकाको लहरमा उग्रचण्डी महालक्ष्मीलाई थपेर अष्ट मातृका तुल्याइएको र हाम्रो जनमानसमा अष्ट मातृकाले स्थान जमाइसकेपछि चामुण्डा सातौं मातृका बन्न पुगेको हो तापनि सप्तशतीमा चामुण्डा सप्त मातृकादेखि भिन्नै शक्ति मानिएको समेत पाइन्छ ।[३]

मातृकाहरूले ग्रहण गर्ने स्थानसम्बन्धमा विद्वान्हरूबीच मतैक्य पाइन्न[४] । केहीले वायव्य दिशामा पर्ने लुती अजिमा समेतलाई चामुण्डा मान्ने गरे तापनि बढी

---

२. के. सी. आर्यन– "दी मातृका कल्ट"; स्वागत; इण्डियन एयर लाइन्स; जनवरी १९८९; पृष्ठ ४२

३. प्रा. गोविन्दप्रसाद भट्टराई– "मूर्तिकला"; इल्या भट्टराई, महाराजगंज, काठमाडौं; २०४१।६।१८; पृष्ठ १२०

४. एन. गडसचाउ आण्ड एम. वज्राचार्य– "रिच्यूयल आयुज मडियटर अफ् स्पेश इन काठमाडौं"; जर्नल अफ् दी नेपाल रिसर्च सेण्टर, भोलम १ (ह्यूमानिटीज); सन् १९७७; पृष्ठ ५ र १०

र्चित दृष्टिबाट हेर्दा वाराहीलाई पश्चिम, इन्द्रायणीलाई वायव्य र चामुण्डालाई उत्तर दिशा पर्ने देखिन्छ। यस परिप्रेक्ष्यमा विचार गर्दा त कंगेश्वरी पीठलाई वाराहीसित सम्बन्धित भन्नु बढी उपयुक्त हुनुका अतिरिक्त केही लेखकहरूद्वारा इङ्गित गरिए अनुसार ह्यपि अजिमा[७] वा ठमेलकी पापाण चामुण्डा[८]-लाई चामुण्डा मान्नु पर्ने हुन आउँछ। अधिकांशतः नगरका वाह्य भागहरूमा रहेका पीठहरूको प्रदक्षिणाको आधारमा विचार गर्दा अष्टमातृकाहरूलाई निर्दिष्ट गरिएका दिशाहरू तीन शहरमध्ये भक्तपुरमा सबभन्दा मिल्ने खालका छन् भने ललितपुरमा अरू देवीहरूको स्थान अमिल्दो भए पनि चामुण्डाको चाहिं सही रूपमा मिलेको पाइन्छ। दिशा निर्देशको फाँटतर्फ अलि बढी खोतलेर चर्चा गर्न खोज्दा अष्ट मातृका, अष्ट भैरव, अष्ट सिद्धा र अष्ट श्मशानको कुरा समेत अगाडि आउँछ। चामुण्डाको दिशा उत्तर नै हो त यिनीसंगै रहने भैरव कुन हुन् भनी र्चियो गर्ने सिलसिलामा कसैले भीषण भैरव[९] त कसैले कपाल भैरव[८] त कसैले संहार भैरव[८] फेला पारेका छन्। भैरव बाहेक ब्रह्मा, महेश्वर, अग्नि (कुमार), विष्णु, वराह र इन्द्र जस्ता अन्य पुरुष शक्ति देवहरूमा एक थरीले यम[१०] र अर्को थरीले कुबेर[११] लाई देवी चामुण्डाको निकटतम ठानेका छन्। भक्तपुरमा

---

५. वेदनाथ रेग्मी– "नेपालमा अष्टमातृका"; प्रज्ञा, वर्ष ११, अङ्क २, पूर्णाङ्क ४०, शुभ-जन्मोत्सव विशेषाङ्क २०३९; नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं; पृष्ठ २६।

६. बलदेव जुजु, सुरेन्द्रमान श्रेष्ठ– "खड्ग सुरक्षाया प्रतीक" नेपाया तान्त्रिक द्यः व तान्त्रिक पूजा; काठमाडौं; ने. सं. ११०५; पृष्ठ ४४ र ४५।

७. ए. डब्यू म्याकडोनाल्ड आयण्ड– ऐनी भर्गाटी स्टहल "नेवार आर्ट"; विकास पब्लिसिंग हाउस प्रा. लि., भारत; सन् १९७९; पृष्ठ ८६

८. माइकल आर. एलेन– "दी कल्ट अफ् कुमारी"; माधवलाल महर्जन, पाँगा, काठमाडौं; द्वितीय संस्करण; पृष्ठ ६६

९. पं. वै. आशाकाजी वज्राचार्य– "मल्लकालीन गं प्याखं"; ललितपुर; २०३९ दशैं; पृष्ठ ८२

१०. एन. एन. भट्टाचार्य– "दी इण्डियन मदर गडेस"; मनोहर बूक सर्भिस, न्यू दिल्ली; द्वितीय संस्करण, सन् १९७७; पृष्ठ १२३

११. माइकल आर. एलेन– पूर्ववत्

बडादशैंताका मनाइने पीठ सेवालाई उदाहरणको रूपमा लिदा चामुण्डालाई पुज्ने खास तिथि सप्तमी देखापर्छ त एउटा थ्यासफू[१२]को आधारमा कुरा गर्‍यौं भने सप्तमीको अतिरिक्त पूर्णिमा समेत यिनैको लागि निर्दिष्ट गरिएको भन्ने तथ्य बोध हुन्छ। तर काठमाडौंको लौकिक व्यवहारमा भने कालसित सम्बन्धित मानिने भयावह देवी चामुण्डाको सेवा गर्ने तिथि चतुर्दशी र बार शनिवार भएको विषय सजिलैसंग अनुभूति गर्न सकिन्छ। हुनपनि वैष्णवीलाई सूर्य[१३]संग र बुध[१४]संग सम्बन्धित मान्ने दुई भिन्ना भिन्नै दृष्टिकोणबाट अभिप्रेरित व्यक्तिहरूले समेत चामुण्डाको सम्बन्ध भने शनिसंग मात्र जोडि दिएका छन्।

देवी चामुण्डाको आकृति वा ध्यान मूर्तितर्फ दृष्टि दिदा हाड, छाला मात्र भई मांसविहीन शरीर धारणा गरेकी, दुवै स्तन अत्यन्त झोलिएको र पेट खाडल सरह भित्र पसेको, विविध आयुधहरू लिएकी तथा शव वा नर-वाहना त्रिलोचनी देवी हाम्रो अगाडि झलझली देखा पर्दछिन्। कोश[१५] अनुसार कर्ममोटी, चामुण्डा, चर्ममुण्डा र चर्चिका नामबाट देवी प्रसिद्ध छिन् त बौद्ध मूर्तिहरूको पंक्तिमा वज्र चर्चिका[१६] लाई राखिछाडेको बेहोरा यहाँ चर्चामा ल्याउनु

---

१२. मेरी शेफर्ड स्लूस्सलर— "नेपाल मण्डल"; भोलम २; प्रिन्सटन यूनिवर्सिटी प्रेस, प्रिन्सटन, न्यूजर्सी; सन् १९८२; प्लेट ५३४

१३. के. आर. भान कूइज— "आइकनोग्राफी अफ् बुद्धिष्ट उड कार्भिङ्ग: छुस्याबहा"; जर्नल अफ् दी नेपाल रिसर्च सेण्टर, भोलम १; सन् १९७७; पृष्ठ ६१।

१४. वृहत् पाराशर अनुसार बुधको दशामा विष्णु मात्र लगाउने चलन हुँदा यहाँ वैष्णवीलाई पनि बुध ग्रहसंग सम्बन्धित देखाउन खोजिएको हो।

१५. टीकाकार स्व. पं. कुलचन्द्र शर्मा गौतम— "विद्वद्वरामरसिंह विरचित: अमरकोश:"; नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल; वि. सं. २०२६; पृष्ठ १२

१६. विनयतोष भट्टाचार्य— "दी इण्डियन बुद्धिष्ट आइकनोग्राफी"; फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता; पुनर्मुद्रित, १९६८; पृष्ठ २७१

सान्दर्भिक ठानिन्छ। पुराण[१७] मा उल्लेख भए बमोजिम चण्ड र मुण्ड दुई दैत्यहरू वध गरिसकेपछि देवी काली चामुण्डा कहलिएकी हुन्। अर्को आख्यान अनुसार देवी दुर्गाको निधारबाट उत्पन्न भएकी यिनले रक्तबीजको प्रत्येक थोपा रगत खाई संग्राममा सफलता दिलाउन भरथेक गरेकी थिइन्। चण्डमुण्डको संहार-बाट देवीको नाम व्युत्पन्न भएको भन्ने भनाइ अस्वीकार गर्नेहरू[१८] भएको परिप्रेक्ष्यमा चामुण्डा शब्दको पछाडि संभवतः यिनको शरीराकृतिले मूल भूमिका निर्वाह गरेको अड्कल काट्न सकिन्छ।

नेपालको यो भूमि काली अर्थात् चामुण्डामय हुँदा यी देवीका मूर्ति र पीठहरू यत्रतत्र छरिएर रहेका छन् र यहाँका मानिसहरूले विभिन्न स्थानमा रहेका आकृति विहीन पाषाण मूर्तिहरूलाई चामुण्डा मानी पुज्दै आएका छन्। हामी एउटै देवता वा देवीलाई अनेक नामबाट पुकार्छौं त अनेकलाई एकको रूपमा पनि ग्रहण गर्छौं। उदाहरणको रूपमा चाँगुनारायण स्थानको प्राङ्गणमा रहेको छिन्नमस्ताको मन्दिरमा रहेकी मुख्य देवीलाई छिन्नमस्ता, चामुण्डा र यताजु[१९] भन्ने र भक्तपुरमा महाकालीलाई चामुण्डा मान्नुको अतिरिक्त वैष्णवीलाई समेत भद्रकालीको नामले चामुण्डाको रूपमा पुज्ने गर्छौं। यसबाट यहाँ हाम्रो दैनिक व्यवहारमा एकबाट अनेक र अनेकबाट एकको सिद्धान्त प्रतिपादन भै रहेको आभास समेत मिल्छ।

धन द्रव्यका मालिक यक्षराज कुवेरले पाएको दिशाकी अधिष्ठात्री देवी भएकी हुँदा र भक्तपुरकी महाकाली पीठमा दुइटा सुन्दर ख्याकका मूर्तिहरू दायाँ, बायाँ ठड्याइराखेका देखिँदा यी देवीले दिने फल ऐश्वर्य नै हो भनेर अन्दाज लगाउन

---

१७. यस्मा च्चण्डं च मुण्डं च गृहीत्वा त्व मुपागता।
चामुण्डेति ततो लोके ख्याता देवि ! भविष्यसि ॥

मार्कण्डेय पुराण (दुर्गा सप्तशती) अ.७

भावार्थः–

(हे देवी चण्ड र मुण्ड दुवै असुरहरूलाई ग्रहण गरेर आउनुभएकोले संसारमा तपाई "चामुण्डा" नामले विख्यात हुनु हुनेछ।)

१८. एन एन. भट्टाचार्य– पूर्ववत्; पृष्ठ १२१

१९. मोहनप्रसाद खनाल– "चाँगु नारायणका ऐतिहासिक सामाग्री"; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं; २०४० आश्विन; पृष्ठ ९२

सकिन्छ। कारण, भ्याकहरूले धनका थैलाहरू बोकी ल्याउँछन् भन्ने लोकधारणा ह्रामीबीच व्याप्त छ। अर्को कुरो, भीमसेनलाई पुज्ने दिन–शनिवार देवीलाई पनि प्रिय भएको र दोस्रो यी देवीको स्थान ल्हासा व्यापारमा जाने बाटा अर्थात् नगरको उत्तरी छेउमा अवस्थित हुने हुनाले पनि यसप्रकार परिकल्पना गर्न पुगेको हुन सक्छ। त्यसैले मेरो आफ्नो विचारमा यी देवीको पुरुष यमलाई भन्दा नर-वाहन कुवेरलाई मान्नुमै बढी उपयुक्तता देखिन्छ। हुनपनि भक्तपुरमा इन्द्रायणीको प्रभाव प्रदेशमा रहेका बासिन्दाहरू राजकाज र जागीरे पेशामा लागेका पाइन्छन् भन्ने मूलत: व्यापारको निम्ति बसाइँ सरेर गएका अधिकांश नगरवासीहरू महाकालीद्वारा प्रभावित क्षेत्रकै परेका देखिन्छन्। परिणामत: त्यस क्षेत्रका मानिसहरू तुलनात्मक रूपले धनाढ्य पाइएका छन्। त्यस्तै काठमाडौं नगरको उत्तरी भागमा पर्ने थंबहिल[२०] त अतीतका अति प्रसिद्ध नेपाली व्यापारी सिंह सार्थवाहुको इलाका हो। सिंहल द्वीप वा ताम्रद्वीप वा ल्हासा व्यापारमा गएका सार्थहरूको नाइके सिंह सार्थवाहुलाई अवलोकितेश्वर करुणामयले प्रज्वलित दीपको माध्यमद्वारा दर्शन दिई राक्षसी वा यक्षणीहरूको पन्जाबाट उम्कने प्रेरणाप्रद निर्देशन दिएको, सिंह सार्थवाहुले पनि निर्देशन मुताबिक काम गरेको, कालान्तरमा थंबहिल भेकको राजा बनेको र बोधिसत्वको रूपमा पुजिन आएको सिंह सार्थवाहुको यात्रा[२१] आजपर्यन्त वर्षको एक पटक चकं यात्रा[२१] भनी फागु (होली) पूर्णिमाको भोलिपल्ट गर्ने गरेको त अधिकांश नगर निवासीहरूलाई थाहै छ। पाटन सिकबहिलकी चामुण्डाले चर्चेको भूमिमै ल्हासाबाट फर्केका पं. सुनयश्री मिश्रको आराधना स्थल अर्थात् विहार[२२] रहेको तथ्य

---

२०. 'थं बही' शब्दले माथिल्लो भेगमा रहेको विहार भन्ने जनाउँछ। विक्रमशील महाविहार, धर्मधातु महाविहार र भगवान वहा समेतको नामबाट कहलिने यो प्रसिद्ध बौद्ध विहार ठमेलमा पर्दछ।

२१. सिंह सार्थवाहुद्वारा चलाइएको दिपंकर बुद्धको वार्षिक यात्रालाई चकं यात्रा भन्ने गरिन्छ भन्ने आशय श्री करुणाकर बैद्यले व्यक्त गर्नु भएको छ। हेर्नुहोस् वहाँको ग्रन्थ "बुद्धिष्ट ट्राडिसन्स आयण्ड कल्चर अफ् दी काठमाडौं भ्याली" को "दी चकंद्य: फेष्टिवल अफ् काठमाडौं" शीर्षक लेख; पृष्ठ २२९

२२. धनवज्र वज्राचार्यको "लिच्छवि कालका अभिलेख" शीर्षक ग्रन्थ अध्ययन गर्दा इ बही, यम्पी बही र यम्पी महाविहारको नामले समेत उक्त विहार विख्यात भएको तथ्य स्पष्ट हुन्छ। यम्पी बहीकै करुणाचोकमा रातो मच्छिन्द्रनाथको मूर्ति निर्माण गरिएको भनिन्छ।

घेरैको निम्ति ज्ञात विषय नै हो। मूलभूत कुरो त प्रत्येक वर्ष पिशाच चतुर्दशीताका सम्पन्न पारिने सिकवही अजिमाको यात्रा मार्गमा ललितपुरबाट ल्हासा जाने व्यापारीहरू बढी बसोबास गर्ने स्थानहरू पर्ने चर्चा गर्दा यहाँ सन्दर्भ मिली सार्थक बन्न पुगेको प्रतीत हुन्छ ।

(प्रज्ञा–२०४६ वैशाख-असोज)



विरिञ्चिनारायण

स्वर्गीय पं. मङ्गलानन्द राजोपाध्याय बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो। वहाँ पुरातात्विक विशेषज्ञको अतिरिक्त परम्परागत नृत्य एवं संगीत, कर्मकाण्ड, ज्योतिषशास्त्र र हिन्दू संस्कृतिका ज्ञाता हुनुहुन्थ्यो। वहाँ आफूमा भएको ज्ञान तथा विद्या अरूलाई बाँड्नमा कन्जूसी गर्नु हुन्नथ्यो। त्यसैले नेपाली संस्कृति-सम्बन्धमा कलम चलाउने वर्तमान ललितपुर निवासी केही लेखकहरूमा वहाँको प्रभाव प्रत्यक्ष तथा अप्रत्यक्ष तवरले परेको अनुभव मैले गरेको छु। तर वहाँसंग मेरो चिनापर्ची भने वहाँको जीवनकालको अन्तिम समयतिर मात्र भएको थियो। श्री ध्रुवकृष्ण 'दीप' को माध्यमद्वारा वहाँकै घरमा ३ पल्ट र पंडितजीको निवास-स्थानमा १ पटक मेरो भेटघाट भएको थियो। एक दिन छलफलकै क्रममा वहाँले रातो मच्छिन्द्रनाथको नामबाट पुकारिने बुंगद्यः बोधिसत्व वा गोरखनाथका गुरु होइनन्; यिनी त विरिञ्चिनारायण हुन् भन्नु हुँदा मच्छिन्द्रनाथको पाटन तःबहालस्थित मन्दिरमा भएको आरतीको एक घटनालाई झलझली सम्झें।

मच्छिन्द्रनाथका विभिन्न यात्रा र किंवदन्तीसंग गाँसिएको ललितपुरको लगनखेलमा जन्मेकोले मात्र होइन; बरु आफू र आफ्नो कुटुम्बले समेत मच्छिन्द्रलाई इष्ट देव मानी आएको हुँदा म बराबर आर्यावलोकितेश्वर मच्छिन्द्रनाथ दर्शन गर्न

त:बहाल र बुंगमती जाने गर्थे । मच्छिन्द्रनाथको सेवामा पाटनका मल्ल राजा श्रीनिवासद्वारा संस्थापित आरती पूजा प्रत्येक दिन ३।४ पटक हुने गर्दछ। एकदिन सायंकालको आरती उतार्दै 'विरञ्चिनारायण नमोनमः' भन्दै ललितपुरका बौद्ध धर्मावलम्बी शाक्यहरू चमर हम्काउँदै स्तोत्र पाठ गरिरहेको देख्दा मलाई आश्चर्य लागेको थियो ।

आरतीको बखत र पंडितजीबाट सुनेको 'विरिञ्चिनारायण' शब्दले मेरो मनलाई उद्वेलित गराइरहेको थियो । त्यसैले 'विरिञ्चि' शब्दको विषयमा केही जान्ने बुझ्ने प्रयास गरें। साधारणतः विरिञ्चिको अर्थ 'ब्रह्मा' भन्ने थाहा भए तापनि कोश[1] अनुसार उक्त शब्दले ब्रह्माको अतिरिक्त विष्णु, र महेश्वरलाई पनि बुझाउने तथ्य अवगत हुन आयो । विरिञ्चिनारायणकै शोधखोजको सन्दर्भमा काठमाडौंको अट्कोनारायण मन्दिरका भित्ताहरूमा विरिञ्चिकेशवनारायण शब्दहरू अङ्कित गरिराखेको फेला परेको थियो भने पण्डित सुन्दरानन्दले ४ पादको संस्कृत श्लोकको भाषानुवाद गर्दा "श्री मत्स्येन्द्रनाथकन कोहि विष्णु भन्दछ. कोहि शैवले शिव भनि भजन गर्छ. कोही शाक्तिकले देवी काली तारा भन्छ. कोही विरिञ्चि-नारायण भंछ. कोहीं आदित्य भंछ. कोही मत्स्येन्द्रनाथ भंछन्. कोही लोकेश्वर भंदछ. कोही करुणामय बुंगदेव भन्छन्, एस्ता प्रकारका भजन गरिकन यात्रामा महा अल्लोल कल्लोल गरि भजन गर्छन् । तस्ता श्री मत्स्येन्द्रनाथकन प्रणाम छ भनि बारंबार हुकुम् हुन्छ. भारदारसंग नेपालका चर्चा हुन्छन् ।"[2] भनी मच्छिन्द्र-नाथको प्रशस्ति गायन गर्दागर्दै विरिञ्चिनारायण शब्द समेत थपेको पाइन्छ ।

आज जुनसुकै नामबाट पुकार्ने गरिए तापनि बुंगमतीका देवता हुनाले ललित-पुरका नेवार समुदायमा मात्र होइन बरु सम्पूर्ण नेवारहरूको बीच बुंगद्यःको नामले मच्छिन्द्रनाथ विख्यात छन् । पाटनका रातो मच्छिन्द्रनाथको ह्नवं (देवस्नान) र रथारोहण गर्ने ताका नै दोलखाका श्री ३ आर्यावलोकितेश्वर बुगदेउलाई पनि स्नान गराउने र रथमा चढाउने चलन अद्यापि प्रचलित छ।

---

१. श्री वामन शिवराम आप्टे– "संस्कृत-हिन्दी कोश", मोतीलाल बनारसीदास दिल्ली, वाराणसी, पटना; पुनर्मुद्रण सन् १९८४; पृष्ठ ९४९

२. सं. श्री धनवज्र बज्राचार्य– पण्डित सुन्दरानन्दविरचित "त्रिरत्न-सौन्दर्य-गाथा"; नेपाल सांस्कृतिक परिषद्, काठमाडौं; वि. सं. २०१९ साल पौष २७ गते; पृष्ठ १३८–१३९

त्यसैले बुंगद्यः भन्ने नाम नै सर्वव्यापी देखिन्छ। यिनलाई कलिगत वर्ष ३६०० अर्थात् वि. सं. ५५६ तिर बौद्ध देवता आर्यावलोकितेश्वरको रूपमा पूजा अर्चना गरेको र विक्रमको आठौं शताब्दीका राजा द्वितीय जयदेवको पशुपतिको अभिलेखमा करुणामय लोकेश्वर भनी उल्लेख गरेको चर्चा पाइएको छ।[३] जुन बेला जुन सम्प्रदायको प्रभाव वृद्धि भयो ती ती सम्प्रदायहरूले बुंगमतीका यस क्वाःपाःद्यः (बौद्ध विहारहरूमा रहने मूल देवता) लाई आ-आफ्नै इष्ट देवता सादृश्य तथा राष्ट्रदेव समेत तुल्याएका प्रमाणहरू भेटिन्छन्।

आकृतिको दृष्टिले पद्मपाणि लोकेश्वर (लस्कःद्यः) को नामबाट चिन्हिने यी देवताको रथयात्रा नेपाल अधिराज्यको सबभन्दा लामो अवधिको तथा भव्य रूपमा मनाइने भनेमा दुई मत होवोइन। चीनियाँ यात्री फाहियानको भ्रमण वृतान्त अनुसार भारतको पाटलिपुत्रमा वर्षेनी बीसौं बौद्ध रथयात्राहरू हुन्थ्यों[४] भने पाटनमा पनि बुंगम लोकेश्वरको रथयात्रा प्रारम्भ हुनुभन्दा पूर्व धेरै लोकेश्वरहरूका भिन्ना भिन्नै रथयात्राहरू चलेको जनश्रुति म सानै छंदा सुनेको थिएं। शुरुमा यी देवताको रथयात्रा प्रति वर्ष बुंगमतीबाट मात्र हुने र त्यो पनि शरद ऋतुमा हुने दसी फेला परेको छ।[५] पछि आएर विशाल रथलाई वर्षेनी बुंगमतीबाट पाटन शहर र पाटन शहरबाट बुंगमती ल्याउने लैजाने कार्य बाटाघाटाको अवस्था, दूरी र धेरै समय लाग्ने कारणले व्यावहारिक नभएको हुँदा परिवर्तन गरिएको तर पुरानो रीतिस्थितिको अस्तित्व कायमै राख्न १२ वर्षमा एक पटक बुंगमतीबाटै र अरू वर्षहरूमा पाटन शहरभित्र मात्र रथयात्रा चलाउने प्रथा बसालेको अनुमान सजिलै गर्न सकिन्छ। साथै पाटनमै पनि ह्वं र रथयात्रा

---

३. श्री नयराज पन्त— पण्डित सुन्दरानन्दविरचित तथा श्री धनवज्र वज्राचार्यद्वारा सम्पादित "त्रिरत्न-सौन्दर्य-गाथा" को उपोद्‌घात; नेपाल संस्कृत परिषद्, काठमाडौं; वि. सं. २०१९ पौष २७ गते; पृष्ठ ८२

४. श्री नयराज पन्त— पूर्ववत्; पृष्ठ ८२–८३

५. जोन के. लक, एस. जे.— "रातो मत्स्येन्द्रनाथ अफ् पाटन आयण्ड बुंगमती"; इन्स्टिट्यूट अफ् नेपाल आयण्ड एशियन स्टडिज्, त्रिभुवन यूनिवर्सिटी, काठमाडौं; मे १९७३; पृष्ठ १७–१८, ६४ र ८०

गर्ने चलन भएपछि त आवश्यकतानुसार तःबहालमा समेत बुंगद्यःको मन्दिर निर्माण गरिएको लख काट्दा तर्कसम्मत हुन आउने देखिन्छ ।

नेपालमा धानको खेती शुरु गर्दा पवटा (पोगटा) मात्र फलेको र १२ वर्षे अनावृष्टि भएको घटनासंग सम्बन्धित तुल्याई रातो मच्छिन्द्रनाथ विषयक रोचक किंवदन्तीहरू रचिएका छन् । सम्भवतः यी दुई जनश्रुतिहरूमध्ये एकले शरद-कालीन र अर्कोले वसन्त-वर्षाकालीन रथयात्रा सञ्चालनको पृष्ठभूमि तयार पारेको र ती रथयात्राहरूको फलस्वरूप नेपालीहरूले राष्ट्रिय सङ्कटबाट मुक्ति पाएको अनुमान गर्न सकिन्छ । रथयात्रासम्बन्धमा गहनतम दृष्टिले विचार गर्दा असोज महीनामा 'पूषा' अर्थात् अन्नमा स्थित भएर धान्यको पोषण गरी जनताको हित गर्ने र वैशाखमा 'अर्यमा' अर्थात् वायुको माध्यमद्वारा सबै देवता-हरूमा स्थित भई जेठमा 'मित्र' भएर भूमण्डललाई तताई वर्षागमनको पृष्ठभूमि तयार पारी असार तथा साउनमा क्रमशः 'वरुण' र 'इन्द्र'को रूपमा प्रजाजनको हितार्थ वर्षा गराउने देवता अनेक होइनन्; एकै हुन् । साथै पूषा, अर्यमा, मित्र, वरुण र इन्द्र अरू कोही नभई केवल भिन्न-भिन्न मासका अधिष्ठाता सूर्यका भिन्न-भिन्न नाम मात्र हुन् । "आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः"[६] उल्लेख हुँदा यी नै सूर्यबाट वृष्टि, वृष्टिबाट अन्न र अन्नबाट प्रजा अर्थात् प्राणीको अस्तित्व कायम हुने तथ्य बोध हुन्छ । रातो मच्छिन्द्रनाथलाई आज सबैले त्यही वृष्टि र अन्नका देवता—सूर्य सम्झी पुज्ने गरिआएका छन् । यस्तै परिप्रेक्ष्यबाट हेर्नेहरूका लागि रातो मच्छिन्द्रनाथ सम्पूर्ण चराचर जगतको आत्मा सूर्य[७] र वैश्वानर विश्वरूप प्राणाग्नि सूर्य[८] भई प्रकटित भएको देखापर्छ । यहाँनेर मलाई बाल्यकालमा इन्द्रेणी देख्दा रमाउँदै "बुंगद्यः नं. लः सागु" (मच्छिन्द्रनाथले पानी तानेको) भन्दै नाच्ने गरेको सम्झना भएर आउँछ । त्यही इन्द्रधनुषको सिर्जनामा समेत सूर्य बाहेक अरू कुनैको हात नहुने हुँदा बुंगद्यः मच्छिन्द्रनाथ र सूर्यबीच विभेद गर्न मिल्ने देखिदैन ।

भगवान् भास्करको कुरो चलाउँदै जांदा निम्न प्रसिद्ध श्लोकलाई यहाँ उद्धृत गर्न उपयुक्त सम्झन्छु:—

---

६. मनुस्मृति ३।७६

७. 'सूर्य आत्मा जगतस्तस्थुषश्च' (ऋग्वेद १।११५।१)

८. 'स एष वैश्वानरो विश्वरूपः प्राणोऽग्निरुदयते' (प्रश्नोपनिषद १।७)

"नम सवित्रे जगदेकचक्षुषे
जगत्प्रसूति स्थिति नाश हेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे
विरिञ्चिनारायणशङ्करात्मने ॥"[९]

उपर्युक्त श्लोकको अतिरिक्त "एकोमूर्तिस्त्रयो देवाः ब्रह्मविष्णुमहेश्वराः",[१०] "एष ब्रह्मा च विष्णुश्च रुद्र एव हि भाष्करः । त्रिमूर्त्यात्मा त्रिवेदात्मा सर्व देवमयो रविः" ॥[११] "उदये ब्रह्मणो रूपं मध्यान्हे तु महेश्वरः । अस्तमाने स्वयं विष्णुस्त्रिमूर्तिश्च दिवाकरः ॥"[१२] अनुसार ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त रूप नै सूर्य भन्ने तथ्य स्पष्ट हुन्छ । हाम्रो समाजमा सूर्यलाई सूर्यनारायण भन्ने चलन भए झैं बुंगद्यः रातो मच्छिन्द्रनाथ पनि त्रिदेव युक्त विरिञ्चिनारायणको नामले विख्यात भएको चर्चा माथि भै सकेकै छ । रातो मच्छिन्द्रनाथलाई बौद्धमार्गीहरू विशेष गरेर अष्टमी र पूर्णिमाको दिन मान्ने गर्छन् तापनि यस देवताको मुख्य दिन संक्रान्ति नै हो । ललितपुरमा त संक्रान्ति गुठी नभएको ठाउँमै बस्नु हुन्न भन्ने लोक धारणा समेत छ । पूर्वीय ज्योतिष शास्त्रानुसार सूर्यले संक्रान्तिकै दिन एक राशिबाट अर्को राशिमा प्रवेश गर्ने र बुंगद्यःलाई सूर्य नै मान्ने गरिएको हुँदा संक्रान्तिको दिन मच्छिन्द्रनाथको दर्शन एवं पूजाआजा गर्नेहरूको ठूलो घुइँचो हुन्छ ।

कुनै पनि देवताको परिचय त्यस देवताको आसन, वाहन र आयुधद्वारा पनि लिने चलन छ । यसै सन्दर्भमा कुनै एक विद्वान्ले माछालाई समेत रातो मच्छिन्द्र-नाथको वाहन भन्नु भएको छ भने एकाध अन्य लेखकद्वारा सूर्यको रथमा घोडा रहने हुँदा उक्त जीवलाई समेत वाहनको रूपमा चर्चा गरिएको पाइन्छ । तर मैले भने बुंगमती र तःबहालका मन्दिरहरूमा रहेका सिंहासनहरूको सूक्ष्म अवलोकन

---

९. आदित्य हृदय स्तोत्र १३९
१०. अनन्त श्री विभूषित स्वामी श्रीधराचार्यजी महाराज– "ब्राह्मण ग्रन्थोंमे सूर्य तत्व"; कल्याण-सूर्याङ्क; वर्ष ५३, संख्या १, पूर्ण संख्या ६२६; जनवरी १९७९; गोरखपुर, भारत; पृष्ठ ११०
११. सूर्यतापिनी-उपनिषद् ११६
१२. भविष्योत्तर पुराण आदित्य हृदय स्तोत्र ११८

गर्दा पनि मच्छिन्द्रको दायाँबाट बायाँतर्फ बसाहा, गरुड र हाँसका ११ धातुका मूर्तिहरू उत्कीर्ण गरिएको सिवाय अरू केही देखिन । त्यस्तै मच्छिन्द्रनाथको रथको विमान अर्थात् बार्दलीमा समेत मच्छिन्द्रको दायाँ, बायाँ र पछाडि पर्ने गरी क्रमशः धातु निर्मित ७ वटा हाँस, ७ वटा गरुड र ७ वटा बसाहा मूर्तिहरू जडान गरिराखेको देख्ता ब्रह्मा, विष्णु र महेश्वर संयुक्त अर्थात् त्रिमूर्तात्मा सूर्यकै रूपमा मच्छिन्द्रनाथलाई लिने गरिआएको स्पष्ट हुन्छ ।

मानौं सौर सम्प्रदायमा दीक्षित भएको व्यक्तिले झैं हरिहरको रूपमा समेत विख्यात बौद्ध देव बुंगम लोकेश्वरलाई सूर्य अर्थात् विरिञ्चिनारायण भनी यहाँ धेरै चर्चा गरियो। तर आज वर्षाको देवता, अन्नको देवता, उत्तरायण र दक्षिणा-यनको संकेत स्वरूप आफ्नो एक घरबाट अर्कोमा सर्ने देवता भनी मान्दै आएको, भक्तजनहरूले यसलाई खास पुज्ने दिन संक्रान्ति भएको, वर्ण अरुणोदयको जस्तो भएको, एक देवमूर्तिको ३ वटा वाहन भएको हुनाले र अन्यान्य दृष्टिबाट हेर्दा समेत बुंगद्यः रातो मच्छिन्द्रनाथलाई भगवान् भुवन भास्कर तथा विरिञ्चिनारा-यणको संज्ञाबाट पुकार्न जति उपयुक्त छ त्यति अरू देखिदैन । जे भए तापनि मच्छिन्द्र मौलिक नेपाली देवता हुन् र समन्वयवादी नेपालीहरूका यी अद्वितीय राष्ट्र देवसम्बन्धी निम्न परिचयात्मक श्लोकले जनमानसमा चिरकालसम्म अटल छाप पार्ने तथ्य सन्देह रहित छः—

"यं विष्णुं प्रवदन्ति वैष्णव-गणाः शैवाः शिवं शक्तिकाः
शक्तिं भास्कर-भक्तिका दिनमणिं ब्रह्म-स्वरूपं द्विजाः ।
मत्स्येन्द्रं मुनयो वदन्ति सततं लोकेश्वरं वैदिका
बौद्धस्तं करुणामयं प्रतिदिनं तन्नौमि सिद्धेश्वरम् ॥"

(जसलाई वैष्णवगण विष्णु भन्छन्, शैवहरू शिव भन्छन्, शाक्तहरू शक्ति भन्छन, सौरहरू सूर्य भन्छन्, ब्राह्मणहरू ब्रह्म भन्छन्, मुनिजनहरू मत्स्येन्द्र-नाथ भन्छन्, वैदिकहरू सदा लोकेश्वर भन्छन्, बौद्धहरू करुणामय भन्छन्, त्यस्ता सिद्धेश्वरलाई प्रतिदिन नमस्कार गर्छु ।)

लेखक

जन्म: वि.सं. १६६२, ललितपुर ।

शिक्षा: क) बी.ए. (पटना विश्वविद्यालय, भारत) ।

ख) एम.ए., बी.एल. (त्रिभुवन विश्वविद्यालय) ।

पेशा: सरकारी सेवा ।

मानपदवी: क) विख्यात त्रिशक्तिपट्ट ।

ख) सुप्रवल गोरखादक्षिणवाहु ।

भ्रमण: क) अधिराज्यका ६० भन्दा बढी जिल्लाहरू ।

ख) एशिया, यूरोप, अष्ट्रेलिया, उत्तर अमेरिका र दक्षिण अमेरिकाका केही मुलुकहरू ।

अभिरुचि: क) हुलाक, फिलाटेली र संस्कृति विषयमा अध्ययन ।

ख) पद यात्रा ।